## परिच्छेद एक

## परिचय

### १.१ पृष्ठभूमी

शिक्षालाई प्रत्येक वालवालिकाको अधिकारको रुपमा स्थापित गर्नको लागि अन्तराष्ट्रिय स्तरमै विभिन्न प्रयासहरु भएको पाइन्छ । सबैका लागि शिक्षा सम्बन्धि सन् १९९० मा जोमटिममा भएको घोषणापत्र, २००० मा संयुक्त राष्ट्रसंघबाट निर्धारित सहस्राब्दी विकास लक्ष्य र सेनेगलको डकारमा भएको सबैको लागि शिक्षा जस्ता कार्यक्रम मार्फत सबैलाई शिक्षामा समान अवसर प्रदान गर्ने, प्राथमिक शिक्षालाई निःशुल्क र सर्वव्यापी बनाउने, शिक्षालाई ठूलो संख्यामा घटाउने आदि जस्ता निर्णयहरु गऱ्यो ।

नेपालले पनि उल्लिखित अन्तराष्ट्रिय सम्मेलनहरुमा भाग लिनुका साथै सम्मेलनबाट पारित कुरालाई कार्यान्वयन गर्ने प्रतिवद्धता जनाइसकेको छ । यसरी प्रतिवद्धता जनाएका विषयहरु कार्यान्वयन गर्ने सन्दर्भमा विभिन्न संवेधानिक लगायत विभिन्न कानुनी व्यवस्था समेत गरेको छ । नेपाल अधिराज्यको संविधान २०४७, मा कानुनको अगाडी सबै समान हुने र महिला, बालबालिका तथा पिछडिएको वर्गको हित संरक्षण गर्न विभिन्न कानुनी व्यवस्था समेत गरिएको छ । यस्ता कानुनी प्रावधानहरुमा शिक्षा ऐन २०२८, स्थानीय स्वायत्त शासन ऐन २०५५, शिक्षा नियमावली २०५९ आदि रहेको छन् । यी कानुनी प्रावधानबाट प्रत्येक बालबालिकाले भेदभावरहित ढङ्गबाट शिक्षा लिन पाउने अवसरको प्रत्याभूति गरिएको छ । त्यसैगरी दशौं योजना (२०५९-२०६४) ले महिला तथा पिछडिएको वर्गका बालबालिकाहरुलाई छात्रवृत्ति उपलब्ध गराई शिक्षामा पहुँच बढाउने लक्ष्य राखेको छ । सोही अनुरुप विद्यालय तहमा विभिन्न प्रकारका छात्रवृत्ति (दलित, छात्रवृत्ति, ५०% छात्रवृत्ति, कर्णाली अञ्चलका छात्राहरुका लागि छात्रवृत्ति, शहीदका छोराछोरीका लागि छात्रवृत्ति, माध्यमिक, शिक्षा छात्रवृत्ति, महिला छात्रावास छात्रवृत्ति, दुर्गम हिमाली आवासिया छात्रवृत्ति, सिमान्त समुहका विद्यार्थीका लागि छात्रवृत्ति) आदि जस्ता कार्यक्रमहरु सञ्चालन भैरहेका छन् (नेपाल सरकार, अर्थ मन्त्रालय, २०६३) ।

नेपालको इतिहासमा छात्रवृत्तिको शुरुवात पृथ्वीनारायण शाहको पालादेखि रु २०।- दिएर बुद्धिमान सिंहलाई फारसी र वैयाकरण केशरीलाई मासिक रु ५०।- दिएर संस्कृत पढ्न भारत पठाएबाट नेपालमा छात्रवृत्तिको शुरुवात भएको पाईन्छ (अधिकारी, २०६८) । नेपालमा प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रम २००४ साल पछि मात्र केही रुपमा सञ्चालन भए पनि त्यो त्यति प्रभाकारी रुपमा सञ्चालन हुन नसकेको देखिन्छ । यसै कुरालाई मध्यनजर राख्दै रा.शि.प.यो. (२०२८-३२) ले दिएको दलित, पिछडिएको वर्ग, महिला, जनजाति तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति दिनुपर्ने कुरामा जोड दिएको पाईन्छ । यसै अनुरुप २०३५ सालमा अन्तराष्ट्रिय बाल वर्ष घोषणा भएको अवसर पारेर प्रा.वि. तह १-३ सम्मका सम्पूर्ण छात्रछात्रा तर्फ पाठ्यपुस्तक निःशुल्क वितरण गर्ने घोषणा भएको पाईन्छ भने २०४२ सालमा धादिङ्ग र काभ्रे जिल्लामा युनिसेफको सहयोगमा महिला छात्रवृत्ति र पोशाक वितरण कार्यक्रम सञ्चालन भएको थियो । यो कार्यक्रम दुइ वर्ष पछि अधिराज्यभर प्राथमिक तहमा लागू गर्ने निर्णय भए

पनि आ.व. २०४४/०४८ मा आएर प्राथमिक विद्यालय छात्रवृत्ति कार्यक्रम राज्यका ६५ जिल्लामा लागू भएको पाईन्छ । त्यसैगरी आर्थिक तथा सामाजिक रुपले पछाडी परेको जाती तथा समुदायका बालबालिकालाई समेट्ने उद्देश्यले राज्यका ७५ वटा जिल्लामा दलित छात्रवृत्ति कार्यक्रम शैक्षिक सत्र २०५२/५३ देखि वितरण गर्दै आएको छ (नेपाल सरकार, शिक्षा मन्त्रालय, २०६५) । वितरण गर्दै आएको उक्त कार्यक्रम राज्यभर २०६७/०६८ मा पनि सञ्चालन भैरहेको पाईन्छ ।

देशमा झण्डै आधाभन्दा बढी जनसंख्या अशिक्षित छन् । कूल प्राथमिक विद्यालय उमेर समूहका बालबालिका मध्ये १४% अझै पनि विद्यालय प्रणालीबाट बाहिर छन् । राष्ट्रको शिक्षा सुधार गर्न बाधा पुऱ्याउने तत्वहरुमा भौगोलिक अवस्था, सामाजिक, साँस्कृतिक अवस्था, मूल्य, मान्यता, परम्परा व्यवहार आदि रहेका छन् । शैक्षिक उपलब्धीको आधारमा दुर्गम, ग्रामीण क्षेत्र, महिला, दलित, पिछडिएको वर्ग तथा गरीब बढी पिछडिएका छन् । त्यसैले यी पिछडिएको वर्गलाई शिक्षाको मूलधारमा ल्याउनको लागि विभिन्न कार्यक्रम जस्तै :- प्राथमिक तह पूर्ण रुपमा निःशुल्क, पाठ्यपुस्तक वितरण कार्य क्रम, पोशाक वितरण कार्यक्रम, दिवा खाजा, छात्रा उत्प्रेरणा कार्यक्रम, खानेतेल वितरण साथै आमभेला, सडक नाटक, बालऱ्याली आदिजस्ता प्रोत्साहनका कार्यक्रम सञ्चालित छन् (नेपाल सरकार अर्थमन्त्रालय, २०६३) ।

छात्रवृत्ति कार्यक्रममा ७५ जिल्लाका प्रा.वि. मा अध्ययनरत गरीब जेहेन्दार एवम् विपन्न र सामाजिक तथा शैक्षिक दृष्टिकोणले पिछडिएका छात्राहरुलाई ५०% छात्र छात्रावृत्ति कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययनरत सम्पूर्ण छात्रामध्ये ५०% छात्रालाई प्रति रु ३५०।- वितरण गर्दै आएकोमा हाल २०६६/०६७ देखि शत प्रतिशत छात्रालाई रु ४००।- का दरले वितरण गर्ने कार्यका लागू भएको छ । त्यसैगरी विश्व खाद्य संगठनले विद्यालयमा पठन पाठनमा प्रेरित गर्न खाजा व्यवस्था लगायत कक्षा १, २, ३, ४, ५ का बालबालिकालाई प्रति महिना प्रति २ लिटर खानेतेल उपलब्ध गराई शैक्षिक कार्यमा प्रोत्साहन गरिदै आएको छ (शिक्षा विभाग, २०६७) ।

विद्यालय बाहिर रहेका बालबालिका तथा विद्यालयमा भर्ना भएका दलित बालिका, द्वन्द्वपिडित बालबालिका, अपाङ्ग गरीबिको चपेटामा परेका बालबालिका, शहीद परिवारका छोराछोरी, तथा सिमान्तकृत, लोपोन्मुख तथा आदिवासी जनजातीका बालबालिकाहरु, विपन्न लक्षित तथा कमैयाहरु र मूक्त कमलरीका सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता गराउनका लागि नेपाल सरकारले बालबालिकाहरुलाई विभिन्न किसिमका छात्रवृत्तिको प्रावधान गरेको छ (शिक्षा विभाग, २०६८) । यसले प्रा.वि./आधारभूत नि.मा.वि. तथा उच्च मा.वि. को हकमा लागू हुने गरी विभिन्न १६ प्रकारका छात्रवृत्तिहरु उल्लेख गरेको पाइन्छ । जसमध्ये प्रा.वि.मा प्रदान गरिने छात्रवृत्तिहरु निम्न प्रकार रहेका छन्:

(क) दलित छात्रवृत्ति

(ख) शहिद छात्रवृत्ति

(ग) सिमान्तकृत छात्रवृत्ति

(घ) छात्रा छात्रवृत्ति

(ङ) कमलरीका लागि छात्रवृत्ति

(च) अपाङ्गका लागि छात्रवृत्ति

(छ) कर्णाली अञ्चलका छात्राहरुका लागि छात्रवृत्ति रहेका छन् (शिक्षा विभाग, २०६८)।

पिछडिएका वर्ग तथा जाती समूहका बालबालिकाहरु अझैपनि शिक्षाको पहुँचबाट टाढा रहेका छन् । नेपालमा कूल जनसंख्याको १२.३५% दलित जातीहरु रहेको पाईन्छ । दलित जातिलाई परिभाषित गर्ने क्रममा हिन्दु वर्णाश्रम जाति व्यवस्था तथा वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने जाति भनि जातिय भेदभाव एवम् समाजमा अछुत भनिएका र सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा धार्मिक रुपमा राष्ट्रिय मूलधारबाट पछाडि पारिएका समुदायलाई दलित वर्ग भनि परिभाषित गरिएको छ (अधिकारी र थापा, २०६८) । करीब २ करोड २८ लाख जनसंख्या भएका यस देशमा २९ लाख भन्दा बढी जनसंख्या दलितले ओगटेको छ । दलितलाई शिक्षाको अवसरबाट हेर्ने हो भने पनि अधिकांश दलितहरु निरक्षर रहेका छन् । जस अनुसार दलित समुदायमा सम्पूर्ण दलितहरुको साक्षरता १०.७% रहेको देखिन्छ भने महिला साक्षरता ३.२% रहेको देखिन्छ । प्राथमिक शिक्षा दलितहरुको भर्नादर नगन्य छ भने राष्ट्रिय रुपमा भर्नादर ४८% रहेको छ (सेरिड, २०६५) ।

दलित समुदायका ४३% मानिसहरु अझै पनि गरिबीको रेखामुनी रहेका छन् । दलित समुदायको सरकारी जागिरमा न्यून सहभागिता छ । उद्योग धन्दामा उनीहरुको सहभागिता कम छ । आर्थिक अवस्था कमजोर भएका कारण दलित समुदायका अभिभावक छोराछोरीलाई विद्यालयमा पठाउनुको सट्टा बालमजदुरी गर्न पठाउन वा घरको काममा लगाउन बाध्य बनेका छन् । शहर तिर बालमजदुर भन्ने बालबालिकामा २८% दलित समुदायका बालबालिकाहरु रहेका छन् । अर्को तर्फ सामाजिक रुपमा रहेका छुवाछुत तथा भेदभावको समस्याले पनि दलित समुदायका बालबालिकाहरु विद्यालय जानबाट बञ्चित बनेका छन् । सानै उमेरदेखि माथिल्लो जातका केटाकेटीहरु सँगसँगै नराख्ने, सँगै खेल्न नदिने जस्ता व्यवहारले गर्दा दलित बालबालिकाको बाल मनस्थितिमा आत्महीनता तथा बञ्चितीकरण भावना रहेको देखिन्छ । यस्तो व्यवहारले दलित समुदायका बालबालिका विद्यालय जान मन पराउँदैनन । विद्यालयमा पनि दलित समुदायका बालबालिकाहरुलाई शिक्षकबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा छुवाछुतको व्यवहार जस्तैः एउटै बेञ्चमा नराख्ने, बैग्लै बसेर खाजा खानुपर्ने, पानी छुन नहुने, शिक्षकले प्रोत्साहन दिनुको सट्टा हतोत्साहित पार्ने जस्ता कारणले दलित समुदायका बालबालिका विद्यालय जान मन गर्दैनन् । दलित प्रतिनिधिको व्यवहारिक संलग्नताको अभाव जस्ता कारणले शिक्षाको मूलधारमा दलितको अधिकार पूरा हुन सकेको छैन । यसरी यी माथिका कुरालाई मध्यनजर राखी सरकारले देशभरीका प्राथमिक विद्यालयमा अध्ययनरत दलित समुदायका बालबालिकालाई अध्ययन गर्न आवश्यक पर्ने रकम, पाठ्यपुस्तक, ड्रेस, स्टेशनरी र छात्रवृत्ति रकम उपलब्ध गराउने कुरा अगाडी सारेको छ (अधिकारी र थापा, २०६८) ।

प्राथमिक विद्यालयमा अध्ययनरत प्राथमिक उमेरका दलित बालबालिकाहरुलाई विद्यालय शिक्षा तर्फ आकर्षण गर्न र आर्थिक कठिनाइका कारण बीचैमा कक्षा छोड्ने समस्यालाई कम गर्ने प्रयोजनका लागि दलित छात्रवृत्तिको व्यवस्था गरिएको छ । आ.व. २०५२/०५३ देखि अधिराज्यका ७५ वटै जिल्लाहरुमा यो छात्रवृत्ति बापत मासिक रु २५।-का दरले १० महिनाको रु २५०।- प्राप्त गर्ने प्रावधान शैक्षिक सत्र २०६१/०६२ सम्म थियो भने शैक्षिक सत्र २०६२/०६३ को लागि प्रति विद्यार्थी प्रतिवर्ष रु ३५०।- कायम गरिएको थियो । यसमा पनि हाल बृद्धि भएर २०६७ देखि रु ४००।- कायम गरीएको छ ( शिक्षा विभाग, २०६७) ।

प्राथमिक तहमा वितरण गरिने छात्रवृत्ति कार्यक्रम नेपाल सरकारले जातीगत रुपमा पिछडिएको वर्ग, लैङ्गिक रुपमा पछि परेका महिला, शारीरिक रुपमा अशक्त, आर्थिक रुपले पछि परेका बालबालिकाहरुलाई शिक्षाको अग्रपंक्तिमा ल्याउनका लागि विशेष जोड दिई छात्रवृत्तिको व्यवस्था गरेको हो । यो कार्यक्रम शैक्षिक मूलधारमा आउन नसकेका बालबालिकालाई शैक्षिक मूलधारमा ल्याउने प्रयास हो । यो खासगरी छात्राहरु, दलित तथा पिछडिएका बालबालिकालाई विद्यालयमा भर्ना हुन प्रोत्साहन गर्न र भर्ना भएकाहरुलाई विद्यालयमा टिकाइराख्न विभिन्न छात्रवृत्ति कार्यक्रम, निःशुल्क दिवा खाजा, पोशाक, पैसा र खाद्यान्न वितरण, आमभेला, सडक नाटक आदि जस्ता प्रोत्साहन कार्यक्रम मार्फत प्राथमिक तहमा बालबालिकाको पहुँच बढाउनको लागि सञ्चालन भएको हो । त्यसैले सबै वर्ग वा क्षेत्रका बालबालिकालाई समान किसिमको शिक्षा प्रदान गर्न छात्रवृत्तिलाई सहि तरिकाले वितरीत भई शिक्षामा सकारात्मक प्रभाव पार्नको लागि आगामी दिनहरुमा अझै व्यवस्थित रुपमा सञ्चालन गर्नु पर्दछ । यसलाई निश्पक्ष र व्यवस्थित रुपमा अगाडी बढाउन सरोकारवाला सँग परामर्श गरी अगाडी बढाई अनुगमन गर्नुपर्ने आजको आवश्यकता भएकोले “प्राथमिक तहमा दलित छात्रवृत्तिको अवस्था” लाई यस अध्ययनमा समावेश गरीएको छ ।

## १.२ समस्याको कथन

कुनै पनि अनुसन्धान रिपोर्ट तयार गर्नको लागि समस्यालाई एक प्रमुख र महत्वपूर्ण पक्षको रुपमा लिईन्छ । समस्याकै सेरोफेरोमा रहेर अध्ययन अनुसन्धान कार्य सञ्चालन गरिने भएकोले सर्वप्रथम समस्या के हो ? भन्ने कुरा बुझ्नुपर्दछ । तसर्थ यस अध्ययनमा पनि समस्यको रुपमा “प्राथमिक तहमा दलित छात्रवृत्तिको अवस्था” लाई चयन गरिएको छ ।

प्राथमिक तहमा विद्यालयमा भर्ना हुने सबै दलित विद्यार्थीहरु स्कूल जाउन भन्ने अभिप्रायले बालबालिका तथा अभिभावकलाई सकारात्मक उत्प्रेरणा जगाउन विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रम, पौष्टिक आहार, पाठ्यपुस्तक वितरण, पोषाक, तेल, खाद्यान्न वितरण जस्ता कार्यक्रमहरु लागू गरिदा गरिदै पनि विद्यालय उमेरका सबै दलित बालबालिकाहरु विद्यालयमा भर्ना हुन नसकेको देखिन्छ । यसरी विद्यालय शिक्षामा सकारात्मक सम्पन्न र प्रभावको नियम अनुरुप शिक्षामा सहभागिता कम भएका, आर्थिक, सामाजिक रुपले पछाडी परेका जाति वर्ग तथा समुदायका बालबालिकालाई विद्यालयमा बढी

संख्यामा भर्ना गराउने अभिप्रायले छात्रवृत्ति वितरण गरिएको छ । यस्तो उत्प्रेरणामुलक कार्यक्रम त लागू गरिएको छ । लागू गरिएको विभिन्न छात्रवृत्ति मध्ये यस अध्ययनमा दलित छात्रवृत्तिको अवस्थालाई हेर्न खोजिएको हुँदा यो दलित छात्रवृत्ति लागू गरिए अनुसार सही रुपमा वितरणको अवस्था, निर्धारित रुपमा अपनाउनुपर्ने प्रक्रियाहरु, विद्यार्थीहरुको छनौट र वितरणको अवस्था, यसका कमि कमजोरीहरु, यसको उपलब्धता, सरोकारवालाहरुको धारणा, व्यवस्थापनमा रहेका कमि कमजोरीहरु, रकमको प्रयाप्तता, अनुगमनको अवस्था आदि जस्ता कुराहरुको प्रभवकारी रुपमा छानविन हुन नसकेको हुँदा यसै सन्दर्भलाई मध्यनजर राख्दै "प्राथमिक तहमा दलित छात्रवृत्तिको अवस्था" शीर्षक छनौट गरिएको छ ।

## १.३ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनले निम्न लिखित प्रश्नहरु सँग सरोकार राख्दछ ।

(क) प्राथमिक तहमा कस्ता किसिमका छात्रवृत्रिहरु वितरण हुने गरेका छन् ?

(ख) छात्रवृत्ति बाट बिनियोजन रकम लक्षित वर्ग सम्म पुगेको छ कि छैन ?

(ग) छात्रवृत्तिले विद्यालयमा अध्ययनरत दलित विद्यार्थीको भर्नादर बढाउन र बीचैमा कक्षा छाड्ने प्रवृत्तिलाई कम गरेको छ कि छैन ?

(घ) विद्यालयमा दलित छात्रवृत्ति वितरण कसरी गरिएको छ ?

(ङ) छात्रवृत्ति रकम कापी, कलम र पोशाकमा खर्च गरिएको छ कि अन्य कुरामा ?

(च) छात्रवृत्ति रकमले विद्यार्थीका शैक्षिक आवश्यकता परिपूर्ति गरेको छ छैन ?

(छ) दलित छात्रवृत्ति प्रति सरोकारवालाहरुको धारणा कस्तो छ ?

(ज) छात्रवृत्ति कार्यक्रममा सबल र दुर्वल पक्षहरु के के छन् ?

(झ) छात्रवृत्ति कार्यक्रमलाई उपयुक्त र प्रभावकारी बनाउन के कस्ता उपायहरु अवलम्बन गर्नु पर्ला ?

(ञ) छात्रवृत्ति कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु के के कस्ता रहेका छन् ?

## १.४ अध्ययनको उद्देश्य

सरकारले छात्रवृत्ति कार्यक्रमको माध्यमबाट शिक्षाको पहुँच भन्दा बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुन उत्प्रेरित गरि विद्यार्थी भर्नादर बढाउने, आर्थिक अभाव वा अन्य कारणबाट विद्यालय छाड्ने प्रवृत्तिमा कमि ल्याउने तथा लैङ्गिक असमानतामा कमि ल्याउने आदि उद्देश्य राखेको पाईन्छ । अतः यस अध्ययनको प्रमुख उद्देश्य छात्रवृत्ति कार्यक्रमले विद्यालयमा पिछडिएका दलित जातिका बालबालिकाको भर्नादर बढाउन, बीचैमा विद्यालय छाड्ने प्रवृत्तिमा कम गर्न र लैङ्गिक

असमानता कम गर्न मद्दत पुऱ्याए /नपुऱ्याएको पहिचान गर्नु रहेको छ । यस अध्ययनका प्रमुख उद्देश्यलाई निम्न प्रकार रहेका छन् :

(१) दलित छात्रवृत्ति वितरणको अवस्था पत्ता लगाउनु ।

(२) दलित छात्रवृत्ति वितरणका समस्याहरु पहिचान गर्नु ।

## १.५ अध्ययनको औचित्य

पिछडिएको वर्ग, समुदाय र जातिका बालबालिकालाई शिक्षा प्रति अभिप्रेरित गर्नु र उनीहरुको अध्ययनलाई निरन्तरता दिलाउन, सकारात्मक विभेदको माध्यमबाट स्वच्छ शैक्षिक प्रतिस्पर्धा गराई सबैलाई समान शैक्षिक अवसर दिलाउने उद्देश्यले प्राथमिक तहमा छात्रवृत्ति कार्यक्रमको शुरुवात गरिएको छ । यसरी शुरुवात गरिएको छात्रवृत्ति कार्यक्रम विभिन्न कारणले एवम प्रभावकारी नियमको अभावमा लक्षित विद्यार्थीहरु सम्म नपुगेको अवस्था पनि छ । त्यसैले सरकारले वितरण गरेको छात्रवृत्ति मध्ये दलित छात्रवृत्ति वितरणको अवस्था के कस्तो छ ? साथै सरकार, विभिन्न संघसंस्था, सरोकारवालालाई लक्षित वर्ग सम्म छात्रवृत्ति पुऱ्याउन के कस्ता नीति, नियम, योजना तर्जुमा गर्नु राम्रो हुन्छ भन्ने कुराको जानकारीको लागि यो एउटा साधन बन्न सक्छ । साथै यस शीर्षकमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्ति संघसंस्था साथै अन्य निकायलाई पनि सहयोग सिद्ध हुनेछ । जो प्रभावकारी रुपमा छात्रवृत्ति कार्यक्रमहरु गर्न प्रतिवद्ध छन् । उनीहरुको लागि कार्ययोजना निर्माण देखि लिएर उपयुक्त नीति निर्माण गर्न र परिवर्तनका लागि आवश्यक सूचना उपलब्ध गराउन सहयोग पुऱ्याउने छ । तसर्थ यस अध्ययनको औचित्यलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

(क) शैक्षिक हिसाबले पछि परेका दलित बालबालिकालाई समेट्ने भनेर सञ्चालन गरिएको छात्रवृत्ति कार्यक्रम विद्यालय तहमा के कति लागू भएको छ वा छैन ? सरोकारवालाको ध्यान आकर्षण गर्नेछ ।

(ख) दलित छात्रवृत्ति वितरण गर्दा कस्ता प्रक्रियाहरु अपनाउँदा सहि सदुपयोग हुन्छ त्यसको बारेमा जानकारी गराउनेछ ।

(ग) दलितलाई प्रदान गरिने छात्रवृत्ति दलित विद्यार्थी सम्म पुगे नपुगेको र त्यसले दलितलाई शिक्षा प्रति कत्तिको सहयोग गरेको छ त्यसको बारेमा जानकारी गराउने छ ।

(घ) सरोकारवालाको बिचार पत्ता लगाई सुधारको बाटो अवलम्बन गर्न सहयोग गर्नेछ ।

(ङ) दलित छात्रवृत्ति वितरण प्रक्रियामा रहेका कमि कमजोरी पत्ता लगाई सुधारको बाटो अवलम्बन गराउनु तर्फ सम्बन्धित निकायलाई सहयोग गर्ने छ ।

(च) यस अध्ययनले दलित छात्रवृत्ति सम्बन्धि अध्ययन अनुसन्धान गर्न जो सुकैलाई पनि सहयोग गर्नेछ ।

## १.६ अध्ययनको परिसिमा

अध्ययन अनुसन्धानलाइ जति फराकिलो र बृहत क्षेत्रलाई ओगटेर अध्ययन गर्न सकियो त्यसले त्यति नै बढी सार्थकता प्राप्त गर्दछ तर समयको अभाव, आर्थिक अभाव तथा जनशक्तिको अभावमा अध्ययनलाई सानो क्षेत्रमा सिमित गर्नुपर्ने अवस्था आउँछ । त्यसैले यस अध्ययनलाई पनि सानो क्षेत्रमा सिमित गरी अध्ययन गरिएको छ ।

(क) यो अध्ययन कपिलवस्तु जिल्लाको गजेंहडा गा.वि.स. र कोपवा गा.वि.स. मा सिमित गरिएको थियो ।

(ख) यो अध्ययन दुई वटा गा.वि.स. अन्तर्गत रहेका २/२ वटा विद्यालय गरी ४ विद्यालयमा सिमित गरिएको थियो ।

(ग) यो अध्ययन प्राथमिक तहमा अध्ययन गर्ने दलित छात्रवृत्तिमा मात्र सिमित गरिएको थियो ।

(घ) यो अध्ययनमा विभिन्न छात्रवृत्ति मध्ये दलित छात्रवृत्ति वितरण के कसरी गरिएको छ ? निर्धारण प्रक्रिया अपनाइएको छ वा छैन यसको व्यवस्थापनमा के कस्ता कमिकमजोरी छन् भन्ने कुरामा सिमित गरिएको थियो ।

(ङ) यो अध्ययन दलित छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति, प्र.अ., शिक्षक, वि.व्य.स. को अध्यक्षमा सिमित गरिएको थियो ।

## १.७ शब्दावलीहरुको परिभाषा

प्राथमिक विद्यालय : शिक्षा ऐन २०२८ अनुसार कक्षा १ देखि ५ सम्मको शिक्षा दिने विद्यालय ।

छात्रवृत्ति : छात्रवृत्ति भन्नाले शिक्षा मन्त्रालय शिक्षा विभागबाट वा अन्य कुनै निकायबाट नियमित रुपमा विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि तोकिएको आधार बमोजिमको नर्म्सको आधारमा प्रदान गरिने रकम, पोशाक, स्टेशनरी लगायत निःशुल्क उपभोग गरिनेलाई जनाउँछ ।

दलित : दलित भन्नाले पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जाती भनी जातीय भेदभाव एवम् समाजमा अछुत भनिएका र रुपमा राष्ट्रिय मूलधारबाट पछाडि पारिएका समूदायलाई बुझिन्छ ।

स्रोत केन्द्र : विद्यालय सम्बन्धी विभिन्न कार्यक्रम संचालन गर्न विद्यालयको संख्या हेरी तोकिएको स्थान ।

स्रोत व्यक्ति : उक्त स्रोत केन्द्र भित्र पर्ने विद्यालयको निरीक्षण र अनुगमन गर्न खटाइएको व्यक्ति

प्र.अ. : छनौटमा परेका ४ वटै विद्यालयका प्रधानाध्यापक जसले सम्पूर्ण विद्यालयको जिम्मेवारी सम्हालेर बसेका हुन्छ ।

वि.व्य.स. : विद्यालय व्यवस्थापन समिति भन्नाले विद्यालयको उचित रेखदेख र व्यवस्थापन गर्नको लागि गठन गरिएको समिति ।

## परिच्छेद दुई

## पूर्व साहित्यको समिक्षा

कुनै पनि अध्ययन अनुसन्धान कार्य थाल्नु भन्दा पहिले त्यस क्षेत्रमा विगत के-कस्ता खोज अनुसन्धान भएका छन् त्यस्ता अनुसन्धानहरुको जानकारी हुनुपर्ने हुन्छ र त्यसको अध्ययन गरिनु जरुरी हुन्छ । यस अध्ययनमा पनि प्राथमिक तहमा दलित छात्रवृत्तिको अवस्थासम्बन्धी अध्ययन गर्ने क्रममा यस कार्यक्रमलाई कसरी अझै व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ तथा यस कार्यक्रमले अझै गहिरिएर अध्ययन गर्नका लागि विभिन्न समयमा गरिएका अध्ययन अनुसन्धानलाई आधार मानि अध्ययन अनुसन्धान गर्ने जमर्को गरिएको छ । यसरी सम्बन्धित विषयमा अध्ययन भइसकेका शोधपत्र, सिद्धान्त एवम् साहित्यहरु नै वर्तमान अध्ययनका लागि सामग्री बन्न पुगेका छन् । त्यसैगरी सन्दर्भ पुस्तकहरु, विभिन्न आयोगका प्रतिवेदनहरु, सिद्धान्तहरु, शोधपत्रहरु पनि यस अध्ययन समिक्षाका लागि महत्वपूर्ण स्रोत भएकाले यस अध्ययनमा पनि उपयुक्त सान्दर्भिक स्रोतहरुलाई पनि प्रयोग गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको समिक्षा

दलित भन्नाले सामाजिक, आर्थिक, साँस्कृतिक राजनैतिक, शैक्षिक क्षेत्रमा पिछडिएको र समाजमा छुवाछुतको भेदभाव समेत गरीएका जातीलाई बुझाउँछ । दलितको शाब्दिक अर्थ थिचिएको, दबिएको र हेपिएको भन्ने हुन्छ भने दलित वर्ग वा समुदाय भन्नाले हक इज्जत प्रतिष्ठा समान रुपमा पाउन नसकेको जनसमुहलाई जनाउँछ । अछुत जातीका रुपमा चिनिने दलित जाती नेपालमा निम्न जातीका रुपमा चिनिन्छन । उनीहरुको यस्तो न्यून अवस्था हुनमा समाज नै मूख्य कारण हो । समाजको मूल्य र मान्यताले गर्दा दलित जातीको स्थापन हुन पुग्यो । दलितहरुको शैक्षिक अवस्था अन्य समुदायहरुको भन्दा न्यून छ । जसको कारणमा सामाजिक असमानता, छुवाछुत प्रथा, आीर्थक दुर्बलता, चेतनाको अभाव, सरकारी मौनता, कानुन प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नु आदि विविध कुराहरु मुख्य कारणको रुपमा रहेका छन् । यिन विविध कारणहरुले गर्दा दलित विद्यार्थीहरु पढाई प्रति चासो नराख्ने आदि समस्याहरु विद्यमान रहेकोले कूल जनसंख्याको १३% हिस्सा ओगटेको यस समूहलाई अझै पनि राज्यको मूल प्रवाहमा ल्याउन सकिएको छैन (राष्ट्रिय दलित आयोग, २०६०) ।

दलित जातिलाई परिभाषित गर्ने क्रममा हिन्दु वर्णाश्रम जाति व्यवस्था तथा वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने जाति भनि जातिय भेदभाव एवम् समाजमा अछुत भनिएका र सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा धार्मिक रुपमा राष्ट्रिय मूलधारबाट पछाडि पारिएका समुदायलाई दलित वर्ग भनि परिभाषित गरिएको छ (अधिकारी र थापा, २०६८) ।

नेपालमा दलित जातिहरु आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक, सांस्कृतिक र संस्थागत दृष्टिकोणले समेत पछि परेको यथार्थता सर्वविधितै छ । नवौं योजनाले सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरुमा योग्य एवम् तालिम प्राप्त दलित तथा उपेक्षित समुदायका व्यक्तिहरुलाई रोजगारीको

विशेष कार्यक्रम सञ्चालन गरिनेछ भनि उल्लेख गरेको थियो जस अन्तर्गत दलितलाई रोजगार दिने दलितद्वारा सञ्चालित उद्योगहरुलाई निश्चित प्रतिशत कर छुट दिने व्यवस्था तथा स्वरोजगारीका कार्यक्रम सञ्चालन गर्न अभिप्रेरित गरिएको थियो । त्यस्तै दशौं योजनामा दलितहरुको शिक्षा सञ्चालन गर्ने प्राविधिक विषयका उच्च शिक्षामा दलित र उपेक्षिहरुको पहुँच बढाउने भनि उल्लेख गरेको छ । जग्गा जमिन वितरण गर्दा सुकुम्वासी दलितलाई विशेष प्राथमिकता दिने, वैदेशिक रोजगारीमा सरकारी क्षेत्रबाट पढाउँदा परम्परागत सीप र साधनमा आधुनिकीकरण गरेर प्रयाप्त तालिम प्रदान गरी उनीहरुको सेवालाई रोजगारीमूलक बनाई पढाउनेजस्ता कार्यक्रमहरु राखिएको पाइन्छ (वागचन्द, २०५९) । तर दलितहरुको आर्थिक अवस्थालाई नियाल्ने हो भने ६०% दलितहरु नितान्त गरिवीको रेखामुनि रहेका छन् । दलिहरुको औषत वार्षिक प्रतिव्यक्ति आय ३९.६० डलर रहेको छ । देशका भूमिहीन मध्ये ७५% दलित वर्गमा रहेका छन् भने जमिनको स्वामित्व नगण्य रहेको छ । नेपालको दलित जनसंख्या २९,४५,२२३ मध्ये करिव ९६% दलित आफ्नो जग्गाको आम्दानीले खान नपुग्ने अवस्थामा छन् (केन्द्रिय तथ्याङ्क विभाग, २०५८) ।

हाम्रो समाजका जातिगत विभेद छ, ठूलो सानाको भावना छ, लैङ्गिक विभेद छ, विद्यालयहरु आधुनिक नोकरशाही भन्दा परम्परागत नोकरशाहीबाट प्रेरित छन् । यस परिप्रेक्ष्यमा यो सोचले उठाएका विभिन्न विषयहरुको विश्लेषण गर्नका लागि यससँग सम्बन्धित सिद्धान्तहरुलाई यसमा अनुसरण गरिनेछ ।

दलितहरु वास्तवमा जन्मेदेखि नै अन्धविश्वास र अन्धकारको जालोमा रुमलिरहेका छन् । सामजिक मूल्य र मान्यताहरुले उनीहरुको बीच "हत्कडी" को काम गरिरहेको हुन्छन् । यस्तो अवस्थामा उनीहरुले चाहेर वा नचाहेर पनि परम्परागत मूल्य र मान्यता अनुरुप चल्नु परिरहेको हुन्छ । जुन मूल्य र मान्यताहरु इतिहासको कुनै कालखण्डमा उनीहरुले आफ्नो भौतिक अधिकारका लागि आफ्नो स्वतन्त्रता बेची कसैका अधिनमा रहन स्वीकार गरेबाट सृजना भएका हुन्छन् । शोषितहरु विभाजित र असंस्कृत हुनाले अरुलाई उनीहरुमाथि अत्याचार गर्न मद्दत गरिरहेको हुन्छ । यस्तो अवस्थामा उनीहरु "आलोचनात्मक अन्वेषणबाट आफ्ना पीरमर्का तथा अन्याय अत्याचारको बारेमा आवाज उठाउन वा बोल्न थाल्दछन् । यो अवस्था "स्वतन्त्रीकरण" तर्फको उनीहरुको प्रयास हो । जसलाई फ्रेरेले "विवेकीकरण भन्दछन् । प्रेमको विचारमा यो प्रयास उनीहरुका लागि "प्रसव पीडा" जस्तै कठिन हुन्छ । स्वतन्त्रीकरणको तर्फको वावजुद जब ऊ आफ्ना पीरमर्काहरु उजागर गर्दै र आफूमा भएको अन्याय अत्याचारको बारेमा बोल्दै एउटा बाच्न योग्य मानिसको रुपमा जन्मन्छ तब उ आफ्नो विवेकद्धारा अन्धकारविहिन जीवन जिउन थाल्छ तर दलितहरु त्यतिबेलासम्म आफू फसेको त्यो अन्धकारयुक्त खाडलबाट मुक्ति पाउन सक्दैनन् । जतिबेलासम्म उनीहरु त्यहाँ फसेको महसुस गरी स्वतन्त्रीकरणको सुचिमा समावेश हुदैनन । फ्रेरेको अनुसार मानिसहरुले आफूभित्र भएको अन्धविश्वास "मौन संस्कृति" हटाउनु सबै भन्दा ठूलो शिक्षा हो । जसलाई उनी विवेकीकरण भन्दछन् । फ्रेरेकै शब्दमा "विवेकीकरणले व्यक्तिलाई विश्वासमा लैजान्छ" भन्नेहरुका लागि फ्रेरेका जवाफ छ, वास्तवमा विवेकीकरणले मानिसलाई

विध्वंसात्मक बनाउदैनन् । बरु “स्व-समर्थन” को खोजमा अग्रसर गराउँछ । समालोचना स्वतन्त्र हुन्छ, जुन स्वतन्त्रता उसले सुरुमा लिने र आशामा गुमाएको हुन्छ” (सेरिड, २०६२) ।

यसरी यो सिद्धान्तमा हाम्रो छात्रवृत्ति कार्यक्रमसँग गाँसेर हेर्ने हो भने दलित तथा पिछडिएको जातिमा फ्रेरेले भन्न खोजे झैं, “मौन संस्कृती” (किन यति मात्र पायौ भनेर पनि नसोध्ने र किन पाएनौ भनेर पनि नबोध्ने) छाएको छ । उनीहरुमा “यो हाम्रो उत्थानका लागि हो” भन्ने भावना नहुँदा प्राप्त रकमको सही सदुपयोग हुन सकेको छ ।

उत्प्रेरणाको सिद्धान्त अनुसार : उत्प्रेरणा त्यो आन्तरिक एवम् अदृश्य शक्ति हो जसले व्यक्तिलाई कुनै कार्य गर्न प्रेरित गर्दछ । मानिसलाई जति प्रेरणा दिन सक्यो त्यति नै व्यवस्थित तथा सफल रुपमा कार्य सम्पन्न हुन्छ । व्यक्तिलाई उत्प्रेरित गर्नका लागि सकारात्मक वा नकारात्मक उत्प्रेरणा र नकारात्मक वा भयपूर्ण उत्प्रेरणा गरी दुई प्रकारबाट गर्ने गरिन्छ । उत्प्रेरणा सम्बन्धि सिद्धान्तहरु निम्न रहेका छन् :

सिद्धान्त एक्स र सिद्धान्त वाई, मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्त एल्डरको अर्ज सिद्धान्त, प्रेरक आरोग्य सिद्धान्त, भ्रुमको सिद्धान्त र प्रयोग वा आस्थावादी सिद्धान्त, न्यायिक सिद्धान्त, अभिप्रेरणाको लक्ष्य निर्धारण सिद्धान्त, स्कीनरको पुनर्वलको सिद्धान्त आदि ।

उपरोक्त सबै सिद्धान्तहरुले उत्प्रेरणा प्रदान गर्ने भएता पनि यहाँ भेक्टर भ्रुमले सन् १९६४ मा आशावादी सिद्धान्तलाई प्रतिपादन गरेका थिए । यस सिद्धान्त अनुसार कामदारहरु ज्याला बढ्ने, तलब बढ्ने, बिदा मिल्ने, बढुवा हुने सुबिधा पाउने आशा एवम् विश्वासले प्रेरित भएर कार्य गर्ने उल्लेख गरेका छन् । यस सिद्धान्तले बल, उपलब्धि र पुरस्कारमा जोड दिँदै प्रत्येक उपलब्धीलाई अभिप्रेरणाको श्रोतको रुपमा लिन्छ र प्रत्येक आशा वा विश्वासले स्तरीय उपलब्धि हासिल हुन सक्छ भन्ने विश्वास राखी प्रत्येक आशालाई विशेष महत्व दिनुपर्छ भन्ने धारणा भिक्टोर भ्रुमले राखेका छन् (कोइराला र अन्य २०६६) ।

यसरी माथिको सिद्धान्तलाई छात्रवृत्तिसँग जोडेर हेर्दा प्राथमिक तहमा अध्ययनरत पिछडिएका जातिका बालबालिकासँग मेल खान गएको छ । यस सिद्धान्तलाई आधार मानेर छात्रवृत्ति वितरण गर्दा उनीहरुले छात्रवृत्ति पाउने आशामा विद्यालय प्रति आकर्षित हुन्छन् र विद्यालयमा उनीहरुको नियमितता बढाउन छात्रवृत्तिले महत्वपूर्ण भूमिका खेलेको हुन्छ भन्ने विषयलाई अनुसन्धान गर्न सहज भएको छ ।

त्यसैगरी समानताको सिद्धान्तको आधारमा हेर्दा : मानिसलाई प्राकृतिक न्यायको आधारमा हेरिनु वा प्रकृतिले जसरी सबै व्यक्तिलाई समान हिसाबले हेरेको हुन्छ । त्यसरी नै समाजमा हरेक व्यक्तिलाई बिना भेदभाव सम्मानपूर्ण रुपमा बाँच्न पाउने अधिकार प्रदान गर्नु नै समानता हो । हरेक मानिसको आफ्नै छुट्टै विशेषता, पहिचान र क्षमता रहेको हुन्छ । व्यक्तिले आफ्नो क्षमता अनुसारको स्थान प्राप्त गर्नु नै समानता हो । सबै व्यक्तिलाई समान बनाउनका लागि पिछडिएका अल्पसंख्यक जातजातिमाथि

निश्चित समयावधिका लागि आरक्षणको व्यवस्था गरी सबैको समान पहुँच बनाउन सकिन्छ । समानतासँग सम्बन्धित स्वतन्त्रताका सिद्धान्त निम्नानुसार देखाइएको छ ।

औपचारीक समानता :- समान क्षमता भएका व्यक्तिलाई समान अधिकार प्रदान गर्नु ।

आनुपातिक समानता :- निश्चित मानाङ्कका आधारमा व्यक्तिलाई समान अधिकार प्रदान गर्ने ।

नैतिक स्वतन्त्रता :- मानिस स्वतन्त्र जन्मछ तर उ पछि चारैतिबाट बाँधिन्छ ।

समानताको धारणा :- निश्पक्ष न्यायका मूल्यहरु पारस्परीकता र विश्वव्यापकताको आधारमा केन्द्रित ।

समानता प्रदान गर्नका लागि सबैलाई उस्तै प्रकारका अधिकार सम्पन्न गराइएको हुन्छ तर उही अधिकार चाही होइन । कानुनको नजरमा सबै समान हुनुपर्दछ । समानताको लागि राज्यले व्यक्तिगत स्वतन्त्रताको उपयोग गर्दा एक अर्कालाई हानी नपुऱ्याई सम्पत्ती र श्रोतको पुर्न वितरणका लागि व्यक्तिगत दस्तावेज गर्दछ । (Dworkin, 1931)

त्यसैले यो समानताको सिद्धान्तलाई यस अध्ययन सँग जोडेर हेर्दा सम्पूर्ण बालबालिकालाई जातिगत रुपमा भेदभाव नगरी सबै जातिका बालबालिकालाई समान रुपले शिक्षामा पहुँच पुऱ्याउनका लागि दलित छात्रवृत्ति पनि जातिगत र व्यक्तिगत आधारमा बिनाभेदभाव सबैलाई समान किसिमले वितरण गरेमा सम्पूर्ण बालबालिकालाई समान शैक्षिक अवसर प्रदान गरी शिक्षामा पहुँच बढाउन सकिन्छ ।

## २.२ विद्यालय शिक्षामा गरिएका प्रयासहरु

शिक्षा समाजको प्रगति र विकासको मेरुदण्ड हो । शैक्षिक विकास बिना देशको सर्वाङ्गिण विकास सम्भव छैन । शिक्षा पाउनु सबैको अधिकार हो आवश्यकता पनि हो । यस कुरालाई हामीले आत्मसात पनि गरेका छौ । शिक्षा सम्बन्धी विभिन्न नीतिहरु बनेका छन् । कार्यक्रमहरु पनि संचालन हुदै आइरहेका छन् । शिक्षालाई विकासको स्नायु प्रणालीमका रुपमा लिने गरिन्छ । तथापी हामीले शिक्षालाई नजोडी सुखै पाएका छैनौं । अर्थात यति महत्वपूर्ण क्षेत्र हुँदाहुँदै पनि राज्यले शिक्षाका लागि अपेक्षाकृत लगानी गर्न सकिरहेको छैन । जुन वर्गका लागि भनेर लगानी गरेको हो । त्यो वर्ग अझै पनि अवसरबाट बञ्चित रहेको कुरा सर्वाविदितै छ । त्यस अवसरबाट बञ्चित रहेको एउटा मूख्य वर्ग दलित हो ।

शिक्षा प्राप्त गर्नु व्यक्तिको नैसर्गिक अधिकार हो । प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ भन्दै शिक्षालाई बालबालिकाहरुको मौलिक अधिकारका रुपमा परिभाषित गरी संयुक्त राष्ट्रसंघको मानवअधिकार सम्बन्धी घोषणापत्रमा प्रत्येकका लागि शिक्षाको अधिकार, शिक्षा कम्तिमा प्राथमिक र आधारभूत तहसम्म अनिवार्य रुपमा दिइनुपर्छ भन्ने कुरा उल्लेख गरिएको छ । शिक्षामा जातीयताको आधारमा भेदभाव गर्नुहुँदैन । थाइल्याण्डमा भएको शिक्षा सम्बन्धी विश्व शिखर सम्मेलनले विकासोन्मुख मुलुकहरुको प्राथमिक शिक्षामा जोड दिँदै “सबैका लागि शिक्षा” भन्ने नारा अगाडि साऱ्यो । यस

सम्मेलनले सन् २००० सम्ममा प्राथमिक शिक्षामा सुधार गर्न १४ वर्ष उमेर पुगेका केटाकेटीहरुमध्ये कम्तिमा ८०% लाई शिक्षा दिनेजस्ता उद्देश्यहरु राख्यो । सन् २००० को डकार सम्मेलनले गुणस्तरीय शिक्षाको नारा अगाडि सारी बालबालिकाको अधिकारलाई अझ सुरक्षित पार्ने प्रयास गरिएको छ । तर २१ औं शताव्दिमा आइपुग्दा समेत नेपाली समाजमा सो कुरा केवल नारामा मात्र सिमित रहेको छ । जातीयताका सम्बन्धमा संविधानमा उल्लेख गरिएको अधिकारलाई समेत राज्यले अवलम्वन गर्न सकेको छैन (शिक्षा तथा खेलकूद मन्त्रालय, २००३) ।

हाल सबैका लागि शिक्षाको नारालाई सफल पार्ने क्रममा आज अन्तर्राष्ट्रिय स्तरमा ठूला-ठूला सम्मेलनहरु सम्पन्ने भै सकेका छन् । सन् १९९० मा थाइलैण्डको जोमटिन र सेनेगलको डकारमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनहरुले सम्मेलनमा सहभागी हरेक राष्ट्रहरुले छिटो भन्दा छिटो (सन् २०१५) प्राथमिक शिक्षा उमेरका सबै बालबालिकाहरुलाई प्राथमिक शिक्षा प्रदान गर्नुपर्ने कुरामा जोड दिएको छ । त्यसैगरी सन् २००४ मा युनेस्कोको बैठकले Katarina Tomasereskei संघको संयुक्त उपागममा "Right Based Education" सम्बन्धी एक दस्तावेज प्रकाशन गऱ्यो । यस दस्तावेजमा "Un Approach" अनुसार शिक्षालाई Available (उपलब्धता), Accessible (पहुँचयोग्य), Acceptable (स्वीकारयोग्य) र Adaptable (अनुकूलनयोग्य) बनाउनको लागि शिक्षाको अधिकारलाई राष्ट्रद्वारा संरक्षण गर्न, सम्मान गर्न र परिपूर्ति गर्न आवश्यक प्रतिबद्धता माथि जोड दिएको छ । युनेस्कोले सन् २००७ सम्ममा Un Approach मा आधारित शिक्षालाई मानव अधिकार अनुरुप विकास गर्ने तर्फ एउटा निर्देशिका जारी गरेको छ । जसमा तीनवटा सूचकहरु निर्धारण गरेको छ । (१) शिक्षामा पहुँचको अधिकार (२) गुणस्तरीय शिक्षाको अधिकार (३) सिकाइ वातावरण अन्तर्गत समानताको अधिकार । (Human right based education Approach, 2007) शिक्षा सम्बन्धी नेपालको अन्तरिम संविधान २०६३ भाग ३ धारा ३३ को घ को उपधारा २ मा मुलुकको राज्य संरचनाका सबै अंगहरुमा मधेशी, दलित, आदिवासी, जनजाती, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएको वर्ग र क्षेत्र सबैलाई समानुपातीक समावेशीको आधारमा सहभागी गराउने व्यवस्था उल्लेख गरेको छ (नेपालको अन्तरिम संविधान, २०६३) । त्यसैगरी त्रि-वर्षीय अन्तरिम योजनामा दलित समूदायको शैक्षिकस्तर बृद्धि गर्नका लागि प्रोत्साहन सहित अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था गर्ने, सबैका लागि समान गुणस्तरको निःशुल्क सर्वसुलभ आधारभूत शिक्षाको प्रत्याभूति दिने, सबै तहको शिक्षालाई समतामूलक एवम् समावेशी बनाउने व्यवस्था गरेको छ । शिक्षामा दलितहरुको पहुँच बढाउनको लागि निःशुल्क पाठ्यपुस्तक र छात्रवृत्ति वितरण कार्यक्रमहरु संचालन गरिएका छन् । सबैका लागि शिक्षा कार्यक्रमबाट प्राथमिक तहमा अध्ययनरत सबै दलित विद्यार्थीहरुका लागि प्रति विद्यार्थी रु ४००।- का दरले छात्रवृत्तिको व्यवस्था गरेको छ ।

नेपालको शैक्षिक तथ्याङ्क २०६० का अनुसार २७२६८ प्राथमिक विद्यालयहरु रहेको पाएपनि शिक्षामा दलितहरुको सहभागिता गैर दलितहरुको तुलनमा कम देखिन्छ । नेपालको शैक्षिक तथ्याङ्क २०५८ अनुसार प्राथमिक तहमा पिछडिएका जम्मा विद्यार्थीहरु ५,२७,२०४ रहेका छन् । जसमध्ये केटाहरु

५७.७% र केटीहरु ४२.३% पर्दछन् । नेपालमा विद्यालय भर्ना भइ विचैमा कक्षा छाड्ने ४०% विद्यार्थीहरु मध्ये अधिक दलित र अन्य केही जातजातिहरुका बालबालिकाहरु रहेका छन् । माथिको स्थितिलाई हेर्दा आर्थिक, राजनैतिक रुपमा पछि परेका दलितहरु तुलनात्मक रुपले शैक्षिक स्थितिमा पनि पछि परेका छन् । यही स्थितिलाई मध्यनजर गरी शिक्षामा दलितको पहुँच बढाउन उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले दलित विद्यार्थीहरुलाई विद्यालयमा विशेष प्रवन्ध गर्नुपर्ने सुझाव पेश गरेको छ । त्यसैगरी विद्यालय स्तरमा दलित विद्यार्थीलाई दिइने छात्रवृत्तिका लागि जिल्लास्तरीय छात्रवृत्ति कोषको स्थापना गरिनु पर्दछ । सो मार्फत् जिल्लाका दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ । निजी तथा आवासीय विद्यालयहरुमा दलित छात्रछात्राहरुलाई केही स्थान उपलब्ध गराउनु पर्छ भन्ने सुझाव पनि आयोगले प्रस्तुत गरेको छ ।

शिक्षा विभागको फ्लास रिर्पोट, सबैका लागि शिक्षा कार्यक्रम (२००४-२००९) : लैङ्गिक विभेद उन्मूलन गर्ने भन्ने सम्बन्धमा राम्रो गुणस्तरको आधारभूत शिक्षा विशेषगरी बालिकाहरुको पहुँच तथा प्रगति सुनिश्चित नर्ग जोड दिँदै सन् २००५ सम्मा प्राथमिक तथा माध्यमिक शिक्षामा लैङ्गिक भेदभाव हटाउने र सन् २०१५ सम्ममा लैङ्गिक असमानताको स्थिति कायम गर्ने उद्देश्यका लागि कूल ६,२४,८६९ जना दलित बालबालिकाहरुका लागि छात्रवृत्ति प्रदान गरिएको थियो ।

शैक्षिक जनशक्तिमा विकास केन्द्र (२०६३-२०६४), को फ्लास रिर्पोट कोड नं. मा उल्लेख गरिए अनुसार दलित जनजाति तथा पिछडिएका विशेषत महिलालाई शिक्षाको मूल प्रवाहमा समाहित गर्नका लागि शिक्षक शिक्षा आयोजना अवधिभरमा कूल २५०० जना लक्षित समुदायका व्यक्तिलाई पूर्व सेवाकालिन प्राथमिक शिक्षक तालिम छात्रवृत्ति वितरण गर्ने कार्यक्रम रहे अनुसार हालसम्म २२ जिल्लामा २०९० जनालाई छात्रवृत्ति वितरण गरि तालिम दिइएको छ ।

दशौं योजाना (२०५९-२०६८) :- यस योजनाले “महिला, दलित, अपाङ्ग, र पिछडिएको वर्गको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरुको पहुँच बढाउन विशेष कार्यक्रम सञ्चालन गर्ने” दीर्घकालीन अवधारणा अख्तियार गरेको छ । यस योजनाले निम्न लिखित लक्ष्यहरु राखेको छ ।

प्राथमिक तहको खुद भर्नादर ९० प्रतिशत पुऱ्याउने, महिला शिक्षिकाको अनुपात ३० प्रतिशत पुऱ्याउने, प्रतिवर्ष ४ लाख ५० हजार बालबालिकालाई पौष्टिक आहार उपलब्ध गराउने, महिला, पिछडिएका वर्ग (दलित, पिछडिएका जनजाति, अपाङ्ग, महिला तथा पिछडिएका वर्गका) का बालबालिकालाई छात्रवृत्ति दिने (राष्ट्रिय योजना आयोग २०५९, दशौं योजना) ।

कूल भर्ना प्रतिशत निम्न माध्यमिक तहमा ६५ प्रतिशत र माध्यमिक तहमा ४५ प्रतिशत पुऱ्याउने । ५० हजार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने, जसमा छात्रा, पिछडिएको जनजाति र दलितले प्राथमिकता पाउने छन् (रा.यो.आ., २०५९) ।

विद्यालय सुधार योजना २०६६-७२ :- ले छात्रवृत्ति सम्बन्धि विभिन्न कार्यक्रम गरेको छ । सबै दलित ५० प्रतिशत छात्रा छात्रवृत्ति रु ३५० प्रतिवर्ष पाउने उल्लेख गरेको पाइयो । सहिद छात्रवृत्ति कर्णाली क्षेत्रका सबै छात्रा छात्रावृत्ति रु १००० प्रति वर्ष पाउने छन् भने अपाङ्गताको स्तर हेरी रु ५०० देखि १५००० प्रति वर्ष पाउने नीति रहेको छ भने ७५,००० विद्यार्थीहरुले मा.वि. शिक्षा पूरा गर्नको लागि छात्रवृत्ति पाएको हुने उल्लेख छ र कक्षा १ देखि ५ सम्म पाठ्यपुस्तकको लागि सबै विद्यार्थीले एकमुष्ठ रकम पाउनेछन् ।

शिक्षा ऐन २०४८ मा नेपाल सरकारले निम्न माध्यमिक र माध्यमिक शिक्षाको लागि विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गर्न सक्ने छ (दफा ११, ख) ।

त्यसैगरी शिक्षा नियमावली २०५९ मा उल्लेख भए अनुसार,

- विद्यालयले प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीलाई क्रमशः सतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ (नियम १५१, १) ।
- संस्थागत विद्यालयले कूल विद्यार्थी संख्याको कम्तिमा ५ प्रतिशत गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ (नियम १५१, २) ।
- सामुदायिक विद्यालयले गरिवीको रेखामुनि रहेका दलित, जनजाति र महिला लगायत अन्य विद्यार्थीलाई निशुल्क शिक्षाको व्यवस्था गर्नुपर्नेछ (नियम १५२, १) ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले पनि आर्थिक दृष्टिकोणले अत्यन्त पिछडिएका उत्पीडित जनजातिका छात्रछात्राहरुलाई छात्रवृत्ति दिने व्यवस्था मिलाउने भनेको छ ।

नेपाल अधिराज्यको संविधान २०६३ अनुसार शिक्षा, स्वास्थ्य, खाद्य, सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रुपले पिछडिएका आदिवासी, जनजाति, मधेसी, दलित लगायत सिमान्तकृत समुदाय तथा गरिवीको रेखामूनी रहेका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

यसरी शिक्षामा दलित समूदायको पहुँच बढाउनको लागि विभिन्न सुधारका प्रयासहरु भए तापनि प्रयाप्त मात्रामा भएको पाइँदैन । यसमा केवल सरकारको प्रयास मात्र नभई राष्ट्रिय, अन्तराष्ट्रिय, गैरसरकारी संघसंस्था एवम् अन्य निकाय लगायतका सबै क्षेत्रको सहयोग पनि उत्तिकै महत्वपूर्ण ठानिन्छ । शिक्षा जस्तो क्षेत्रमा सरकारको अलावा सबैको सामूहिक सहयोग भएको खण्डमा र राज्यका सबै अंगहरुमा दलितहरुको समान पहुँच र प्रतिनिधित्व मार्फत सामाजिक समावेशीकरण गर्दै लैजान सकेमा दलितको अवस्था माथि उठाउन अवश्य नै सकिने देखिन्छ । तसर्थ यस क्षेत्रमा सबैको सकारात्मक र सक्रिय सहयोग आजको अपरिहार्य आवश्यकता हुन आएको छ ।

## २.३ सम्वन्धित अध्ययनहरूको समिक्षा

हालसम्म विभिन्न जातजातिहरुको विद्यालयमा सहभागिता र शैक्षिक अवस्थाको विश्लेषणका बारेमा विभिन्न अध्ययन भएका छन् तर दलित विद्यार्थीहरुको शिक्षामा पहुँच बढाउनका लागि यस अघि पनि धेरै अध्ययन अनुसन्धान भइसकेका छन् । प्रस्तुत अध्ययनका लागि विभिन्न जातजातिका विविध पक्षसँग सम्बन्धित भई यस अघि सम्पन्न भएका शोधपत्रका अध्ययनहरुले सहयोग प्रदान गर्ने भएकाले यहाँ त्यस्ता अध्ययनलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

बराल, (२०६६) मा समावेश भए अनुसार नेपाल सरकारले हाल विद्यालय तहमा निम्नानुसारका छात्रवृत्तिको व्यवस्था गरेको पाउन सकिन्छ । प्राथमिक तहमा सम्पूर्ण दलित विद्यार्थी र ५०% छात्रालाई छात्रवृत्ति सामुदायिक विद्यालयले गरिवीको रेखामुनी रहेका सम्पूर्ण विद्यार्थीलाई निशुल्क प्राथमिक शिक्षा दिने व्यवस्था गरेको छ भने निम्न माध्यमिक तहसम्म निशुल्क पाठ्यपुस्तक वितरण गरिएको छ । अपाङ्गताको स्तर हेरी अपाङ्ग छात्रवृत्ति र सहीदका छोराछोरीहरुलाई छात्रवृत्तिको व्यवस्था त्यस्तै दलित, लोपोन्मुख, सिमान्तकृत समुदाय र कर्णाली अञ्चलका सबै विद्यार्थीलाई मा.वि. र उच्च मा.वि. सम्म निशुल्क लगायत निशुल्क पाठ्यपुस्तक उपलब्ध गराएको छ । मुस्ताङ, हुम्ला, जुम्लामा हिमाली छात्रावास भएका सामुदायिक विद्यालयका लागि आवासीय छात्रवृत्ति उपलब्ध गराइएको छ । फिडर छात्रावास भएका विद्यालयका कक्षा ९ देखि १२ अध्ययनरत ४०० जना छात्राहरुलाई छात्रवृत्ति उपलब्ध गराइएको । ११ वटा जिल्लाको प्राथमिक तहका बालबालिकाहरुलाई खाद्य कार्यक्रम परियोजनाबाट खाजाको व्यवस्था र कर्णाली अञ्चलका २४००० विद्यालयका छात्राहरुलाई तेल वितरण गर्ने व्यवस्था पनि रहेको छ । उच्च मा.वि.का शिक्षाका लागि विश्वविद्यालय अनुदान मार्फत् छात्रवृत्ति वितरणको व्यवस्था गरिएको छ । उच्च मा.वि. तहमा अध्ययनरत छात्रछात्राहरुमध्ये गरिवीको रेखामुनी रहेका प्रतिभाशाली, उत्पीडित, दलित, अपाङ्ग तथा जनजाति विद्यार्थीको कूल भर्नाको ३ प्रतिशतलाई निशुल्क छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेको छ ।

राई, (सन् २००३) ले दलित बालबालिकाहरुको घर र विद्यालयको संस्कृतिबीचमा देखिने भिन्नताले दलित बालबालिकाको सिकाई प्रक्रियामा थुप्रै समस्या र मुद्दाहरु उब्जाएको ठहर गरेका छन् । संस्कृतिको भिन्नता वा अनिरन्तरताले गर्दा दलित विद्यार्थीहरुको विद्यालयमा अनुकूल वातावरण भेट्टाएका छैनन् र यस कुरालाई विद्यालयले त्यति महत्वका साथ हेरेको पनि छैन । विद्यालयले दलित केटाकेटीको बाधा र समस्यालाई पहिचान गर्ने र घटाउने कार्यमा भूमिका निर्वाह गर्न नसकेको यस अध्ययनले देखाएको छ । दलित समुदायका अभिभावकहरुले शिक्षाको महत्वलाई बुझेका पनि आफ्नो हैसियत र पारिवारिक संस्कृतिका कारण बालबालिकालाई धेरै पढाउन नसक्ने ठानी न्यूनतम साक्षरताका लागि मात्र प्राथमिक तहमा भर्ना गर्दछन् । यस तहको शिक्षाले उनीहरुको भविष्य सुनिश्चित नगर्ने अनुभव गरी आफ्ना बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउँदैनन् । यस कुरालाई थापा (सन् २००४) ले गरेको अध्ययनले पनि देखाएको छ ।

ढकाल, (२०६१) ले खैरेनीटार गा.वि.स. तनहुँमा गरेको दलित विद्यार्थीहरुको शैक्षिक अवस्थाको अध्ययन अनुसार सोही गा.वि.स.का ११ वटा प्राथमिक विद्यालयहरुमा दलितहरुको शैक्षिक उपलब्धि हेरेको पाइन्छ । यस अध्ययनका अनुसार घरको पारिवारिक आर्थिक स्थिति कमजोर भएका कारण विद्यार्थीमा कापी, कलम र पाठ्यपुस्तकको अभाव भएको पाइएको छ । यस अध्ययनले दलितहरुको उत्तिर्णदर र उपलब्धिस्तर कम रहेको देखाएको छ । साथै विद्यालयमा छुवाछुतको भावना यथावत रहेको, कमजोर आर्थिक स्तर र घरमा काम गर्नुपर्ने अवस्थाले विद्यार्थीहरु अनुत्तिर्ण भएको र स्वेच्छाले छिटो विवाह जस्ता मुख्य कारणले गर्दा शिक्षाको पहुँचबाट टाढा रहनुका साथै अभिभावकहरुमा शिक्षाको कमिका कारण लैङ्गिक विभेदको अवस्था रहेको जनाइएको छ ।

पोखरेल, (२०६२) द्वारा गरिएको पोखरा उप-महानगरपालिका अन्तर्गत “प्राथमिक विद्यलय उमेरका सुकुम्वासी बालबालिकाहरुको शिक्षामा सहभागिताको स्थिति” शीर्षकको अध्ययनमा सुकुम्वासी बस्तीका दलितहरुमा ३६% निरक्षर अभिभावकहरुका ४४% बालबालिका विद्यालय बाहिर रहेको उल्लेख गरिएको छ । त्यस्तै ज्याला, मजदुरी र कृषि पेशामा लाग्नेका छोराछोरी नोकरी, बैदेशिक रोजगार, व्यापार र व्यवसाय गर्ने अभिभावकका छोराछोरीका तुलनामा विद्यालयमा कम सहभागिता भएको पोखरेलको अध्ययनले देखाएको छ । आर्थिक, घरायसी, बसाईसराई, स्वास्थ्य, बारम्बार असफलताजस्ता कुराहरु विद्यालयमा कम सहभागि हुनुका कारक तत्वहरु हुन् भन्ने निष्कर्ष पोखरेलको छ । उक्त अध्ययनमा अनुसन्धानकर्ताले आर्थिक सहयोग, छात्रवृत्तिको व्यवस्था, शैक्षिक सामग्रीको व्यवस्था, निःशुल्क शिक्षा, विद्यालय वा समुदायमा शिशु स्याहार केन्द्रको व्यवस्था, अतिरिक्त समयमा कक्षा सञ्चालन, सुकुम्वासी बालबालिकालाई विद्यालयमा सहभागि गराउन सकिने उल्लेख गरेकी छन् ।

सेरिड (२०६२), ले दलित छात्रवृत्ति प्रभावकारीता सम्बन्धि अध्ययन गरेको थियो । यस अध्ययनको ध्येय भनेका दलित छात्रवृत्ति सम्बन्धि कार्यक्रमको अध्ययन गर्नु थियो । यस कार्यक्रमका उद्देश्यहरुमा (१) दलित समुदायको आवश्यकताको पहिचान । (२) दलित छात्रवृत्तिको प्रभावकारिता हेर्ने । (३) भविष्यमा के कस्ता रणनीति ल्याउन आवश्यक हुन्छ भन्ने कुरा पत्ता लगाउनु रहेको थियो ।


शिक्षा विभाग (२०६५), ले छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता माथि अध्ययन गरेको थियो जसमा तीन जिल्लालाई आधार मानी अध्ययन गरिएको थियो । जसमा ५ वटा उद्देश्यहरु निर्धारण गरिएको थियो । ति उद्देश्यहरुका (क) शिक्षामा बालिका तथा पिछडिएका बालबालिकाहरुको सहभागिता बढाउनका लागि छात्रवृत्ति कार्यक्रमको भूमिका पत्ता  लगाउने । (ख) छात्रवृत्ति विभाजन कार्यक्रमको सबल र दुर्बल पक्ष पत्ता लगाउने । (ग) तालिका तथा पिछडिएका बालबालिकाहरुका लागि छात्रवृत्ति विभाजनको प्रभावकारीता पद्धति तयार गर्ने । (घ) छात्रा तथा पिछडिएको वर्गका बालबालिकालाई ज्ञानमूलक क्रियाकलापमा सहभागी गराउन छात्रवृत्ति कार्यक्रमको भूमिका पत्ता लगाउने । (ङ) छात्रा तथा पिछडिएको वर्गका बालबालिकाहरुले पाएको छात्रवृत्ति सुविधाको उपयोगिता पहिचान गर्ने आदि ।

माथि उल्लेखित विभिन्न साहित्य समिक्षाबाट थाहा भईसकेको छ कि प्राथमिक शिक्षामा व्यवस्था गरिएका दलित छात्रवृत्ति, छात्रा छात्रवृत्ति, जेहेन्दार छात्रवृत्ति कार्यक्रमहरु सान्दर्भिक छन् तर छात्रवृत्ति सँग सम्बन्धित विभिन्न पक्षहरु मध्ये विद्यालयमा के कति ओटा उपलब्ध भए ? छात्रवृत्तिको् निम्ति विद्यार्थी छनोट गर्ने आधारहरुले वास्तविक सहयोग आवश्यकता भएका सबै विद्यार्थीहरुलाई यो सुविधाबाट समेट्न सकियो वा सकिएन ? दलित छात्रवृत्ति वितरणमा निर्धारण गरिएका प्रक्रियाहरु स्थानीय तथा कार्यन्वयन गरी के कस्ता आधार समस्याहरु देखिएर छात्रवृत्ति प्राप्त गर्ने समूह वा वर्गका विद्यार्थीहरुलाई न्यूनतम आर्थिक आवश्यकता पूरा गर्न यस कार्यक्रमले कति मद्दत पुऱ्यायो ? भन्ने कुरालाई यस अध्ययनका लागि माथि उल्लेखित सैद्धान्तिक पक्षसँग जोडेर व्याख्या गर्न सकिन्छ । त्यस्तै छात्रवृत्ति कार्यक्रमले दलित र पिछडिएका वर्गका बालबालिकाको अतिरिक्त शिक्षाप्रति सम्बन्धित अभिभावकहरुमा जागरण कार्यक्रमहरु पनि सञ्चालन गरिएका छन् । यसरी छात्रवृत्ति कार्यक्रमको सम्बन्धमा लक्षित समुहका व्यक्तिरुले आफूलाई बुझेर हक र अधिकार चिन्न सक्ने बन्नका लागि चिन्तन गर्न थालेका छन कि छैनन भन्ने जस्ता विभिन्न कुराहरुको अध्ययन गर्नका लागि माथि उल्लेखित सम्बन्धित साहित्यको समिक्षाले मद्दत गर्दछन् ।

## २.४ अवधाराणात्मक ढाँचा

प्राथमिक तहमा दलित छात्रवृत्ति वितरणको अवस्था अध्ययन गर्न विभिन्न पक्षहरुलार्य समेटिएको छ । तल उल्लेखित अवधारणाको आधारमा रही यस अध्ययनको उद्देश्य पूरा गरीएको छ । जसलाई अवधाराणात्मक ढाँचाको रुपमा तल प्रस्तुत गरिएको छ ।

**प्राथमिक तहमा दलित छात्रवृत्तिको अवस्था अध्ययनको लागि ढाँचा**



यसरी माथि उल्लेखित ढाँचाको आधारमा यस अध्ययन दलित छात्रवृत्तिको अवस्था के-कस्तो रहेछ भनी अध्ययन गरिएको थियो । जसमा छात्रवृत्ति वितरणको लागि नेपाल सरकारले प्रकाशित गरेको छात्रवृत्ति कार्यान्वयन पुस्तिकाको आधारमा विद्यार्थी छनौट प्रक्रिया र वितरण प्रक्रिया छनौटमा परेका विद्यालयले अपनाएका छन् कि छैनन् भन्ने कुराहरू पनि अध्ययन गरिएको थियो साथै छात्रवृत्तिले विद्यार्थीको भर्ना, उपस्थिति, नियमितता, बिचैमा विद्यालय छोड्ने दर, उपलब्धि स्तरमा के-कस्तो असर पुऱ्याएको रहेछ भन्नेकुराहरु पनि यसै ढाँचाको आधारमा हेरीएको थियो । त्यसैगरी व्यवस्थापनमा रहेका कतिपय कमिकमजोरीहरुको कारणले पनि छात्रवृत्ति कार्यक्रम सफल रुपमा कार्यान्वयन हुन नसकेको देखिन्छ । त्यसैले यसमा अनुगमन, सहि रुपमा सदूपयोग, पारदर्शिता, योजना र कार्यान्वयनमा देखिएका समस्या आदि जस्ता कुराहरु यसै अवधारणात्मक ढाँचाको आधारमा रहि अध्ययन गरिएको थियो ।

# परिच्छेद तीन

## अध्ययन विधि

कुनै पनि विषयवस्तुको बारेमा गहिरीएर अध्ययन गर्नु अर्थात कुनै विषयमा खोजी गर्ने कार्य गर्नु अनुसन्धान हो भने अनुसन्धान गर्नको लागि अपनाइने तरिका वा अध्ययन प्रक्रियालाई अध्ययनको विधि भनिन्छ । जसले कुनै पनि अध्ययन अनुसन्धानलाई लक्ष्य प्राप्त गर्न सहयोग पुऱ्याउँछ । प्रस्तुत अध्ययनमा परिमाणात्मक अध्ययन पद्धति र गुणात्मक अध्ययन पद्धति दुवै पद्धति अपनाई त्यसबाट संकलित तथ्याङ्कलाई विश्लेषण गरिएको छ । अध्ययनको लागि जिल्ला र विद्यालयहरुको छनौट उद्देश्यमूलक नमूना छनौट विधिको आधारमा गरिएको छ । साथै अनुसन्धान साधनहरुमा प्रश्नावली अन्तरवार्ता (संरचित र असंरचित) र लक्षित समूह छलफल साथै दस्तावेज अध्ययन आदिको प्रयोग गरिएको थियो ।

### ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान ढाँचा अनुसन्धान कार्यको पूर्व ढाँचा हो । अनुसन्धान कार्यलाई निश्चित समय र खर्चमा सम्पन्न गर्न अनुसन्धान ढाँचाको आवश्यकता पर्दछ । यो अध्ययनमा गुणात्मक र परिमाणात्मक दुवै ढाँचा हुने भएकोले यसमा मिश्रित ढाँचाको प्रयोग गरिएको छ । यो अध्ययन कपिलवस्तु जिल्लाको गजेंहडा गा.वि.स. र कोपवा गा.वि.स. अन्तर्गतका २/२ वटा स्कुल गरी ४ वटा सामुदायिक विद्यालयमा सिमित गरिएको छ । यसमा अनुसन्धान कर्ता आफैंले ४ विद्यालयमा गएर विद्यालयमा प्र.अ. सँग सम्पर्क कायम गरी प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थी, श्रोतव्यक्ति आदिको छनौट गरी प्रश्नावली, असंरचित अन्तरवार्ता, लक्षित समूह छलफल, दस्तावेज अध्ययन आदिको प्रयोग गरी त्यसबाट प्राप्त सूचनाको विश्लेषण र व्याख्या गरिएको छ ।

### ३.२ जनसंख्या तथा नमूना छनौट

कुनै पनि अध्ययन अनुसन्धानको लागि छनोट गरीएको विषय वा क्षेत्रसँग सम्बन्धित सम्पूर्ण व्यक्ति, वस्तु वा पदार्थलाई जनसंख्या भनिन्छ । अध्ययनसँग सम्बन्धित सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व गर्ने जनसंख्यको सानो समुहलाई नमूना जनसंख्या भनिन्छ । अध्ययन अनुसन्धानको लागि उपलब्ध समय, श्रोत, साधनको सिमित दायरामा रहेर सम्पूर्ण जनसंख्यामा अध्ययन गर्न असम्भव हुने हुँदा जनसंख्याको छनौट गरी उक्त नमुनामा गरीएको अध्ययनलाई सम्पूर्ण जनसंख्यामा सामान्यीकरण गर्न सकिन्छ । तसर्थ यस शोध कार्यका लागि उपलब्ध समय स्रोत साधनको सिमा भित्र रहि निम्न अनुसार नमूनाको छनौट गरि शोधकार्य पूरा गरिएको थियो । नमूना छनौट गर्दा उद्देश्यात्मक नमूना विधि प्रयोग गरि उक्त जिल्लाका दुई वटा गा.वि.स.का ४ वटा प्राथमिक विद्यालयलाई छनौट गरिएको थियो । उक्त विद्यालयका प्र.अ.शिक्षक विद्यार्थीहरु, अभिभावकहरु स्रोत व्यक्ति र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई प्रंतिनिधिमूलक जनसंख्याका रुपमा लिइएको छ ।

### ३.२.१ विद्यालयको छनौट

यस अध्ययनमा विद्यालयको छनौट गर्ने क्रममा गजेहडा गा.वि.स.का ८ विद्यालय मध्ये २ वटा विद्यालय र कोपवा गा.वि.स.का ७ वटा विद्यालय मध्ये २ वटा विद्यालय गरि जम्मा ४ वटा विद्यालयहरुलाई उद्देश्यमूलक नमूना छनौटका आधारमा छनौट गरिएको छ । किन कि यो विधिको आधारमा नमूना छनौट गर्दा अनुसन्धानकर्ताले जुन उद्देश्य अनुसार अनुसन्धान गर्दैछ सो उद्देश्य परिपुर्तिका लागि आफ्नै बुद्धिविवेकद्धारा नमूना छनौट गर्न पाउँदा त्यसवाट सार्न्दभिक सूचनाहरु प्राप्त गर्न सकिने हुनाले यस विधिवाट आवश्यक पर्ने विद्यालयहरु छनौट गरिएको हो । जसलाई अनुसुचि १ मा देखाइएको छ ।

### ३.२.२ प्रधानाध्यपकको छनौट

प्रत्येक विद्यालयको प्रधानाध्यापक विद्यालयको प्रमुख व्यक्ति भएकोले छात्रवृत्ति वितरणका मुख्य सूचनादाता प्रधानाध्यापकलाई मानी उद्देश्यमूलक नमूनाको आधारमा ४ वटा विद्यालयका १/१ जना प्र.अ. लाई नमूनाको रुपमा छनौट गरिएको थियो । यसलाई अनुसुचि २ मा राखिएको छ ।

### ३.२.३ शिक्षकको छनौट

यस अध्ययनको लागि नमूना छनौटमा परेका ४ वटा विद्यालयमा प्राथमिक तहमा अध्यापन गराउँने एक एक जना शिक्षकहरु गरि ४ वटा शिक्षकहरुलाई नमूनाको रुपकमा छनौट गरिएको छ । किन भने ति स्कूलमा दलित शिक्षक नहुनाले अन्य शिक्षकहरु भन्दा पनि प्राथमिक तहमा अध्यापन गराउने शिक्षकहरुलाई प्राथमिक तहका दलित बालवालिका र उनीहरुले पाएको छात्रबृत्ति सम्वन्धि धेरै कुराहरु थाहा हुने हुनाले उनीहरुलाई उद्देश्यमूलक विधिको आधारमा छनौट गरिएको हो । जसलाई अनुसुचि २ मा राखिएको छ ।

### ३.२.४ अभिभावकको छनौट

छात्रवृत्ति प्राप्त विद्यार्थीका अभिभावकसँगलाई छात्रवृत्ति सम्वन्धि विभिन्न कुराहरुको जानकारी हुने भएकोले यस अध्ययनको लागि दलित छात्रवृत्ति पाउने ४ वटा विद्यालयका कक्षा ३ मा अध्ययनरत प्रत्येक विद्यार्थीका १/१ जना अभिभावकहलाई नमूनाको रुपमा छनौट गरिएको छ ।किनभने दलित छात्रवृत्ति पाउने प्रत्येक विद्यार्थीका अभिभावकले छलित छात्रवृत्तिको बारेमा विभिन्न जानकारी दिनसक्ने हुनाले कक्षा ३ का प्रत्येक विद्यार्थीका १/१ जना अभिभावकलाई नमुनाको रुपमा छनौट गरिएको थियो । जसलाई अनुसुचि ४ मा राखिएको छ ।

### ३.२.५ विद्यार्थीको छनौट

प्राथमिक तहमा अध्ययनरत छात्रवृत्तिको पाउने सम्पूर्ण विद्यार्थी मध्येबाट दलित छात्रवृत्ति पाउने विद्यार्थीलाई मात्र नमूनाको रुपमा छनोट गरिएको छ । छनोटमा परेका ४ विद्यालयमा अध्ययनरत सम्पूर्ण छात्रछात्राहरुबाट उद्देश्य मूलक छनौट विधिको प्रयोग गरी दलित छात्रवृत्ति पाउने कक्षा ३ का

विद्यार्थीहरुलाई मात्र नमूनाको रुपमा छनौट गरिएको थियो । किनभने यस नमूनाको आधारमा नमूना छनौट गर्दा जुन उद्देश्यका लागि हामीले यो अध्ययन अनुसन्धान गरिदैछौं । यो नमूनाको आधारमा विद्यार्थीको छनौट गर्दा त्यो उद्देश्य पूरा हुने सम्भावना बढी हुन्छ । त्यसैले यो अध्ययन दलित छात्रवृत्ति सँग सम्बन्धित भएकोले दलित छात्रवृत्ति पाउने ४ वटै विद्यालयका कक्षा ३ मा अध्ययनरत सम्पूर्ण दलित विद्यालर्थीलाई मात्र यस अध्ययनमा नमूनाको रुपमा छनौट गरिएको थियो, जसलाई अनुसुचि ५ मा देखाइएको छ ।

### ३.२.६ वि.व्य.स. को अध्यक्षको छनौट

विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई यस विषयसँग सम्बन्धित धेरै कुराको थाहा हुने भएकोले प्रधानाध्यापकको सहयोग लिई ४ वटा विद्यालयका १/१ वटा विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई नमूनाको रुपमा छनौट गरिएको थियो ।

## ३.३ सूचना संकलनका साधनको निर्माण

अध्ययनका लागि छनौटमा परेका विद्यालय अन्तर्गत दलित छात्रवृत्ति प्राप्त विद्यार्थीका अभिभावक, प्रधानाध्यापक, शिक्षक, व्यवस्थापन समितिको अध्यक्ष र दलित छात्रवृत्ति प्राप्त विद्यार्थी बाट, प्रश्नावली, अर्न्तवार्ता, लक्षित समूह छलफल साथै दस्तावेज अध्ययनमा विद्यालयको छात्रवृत्ति वितरण रेर्कड, विद्यार्थीको हाजीरी र उपलब्धी स्तरको माध्यमबाट सूचना संकलन गरिएको थियो ।

### ३.३.१ असंरचित अन्तरवार्ता

२ वा २ भन्दा बढी व्यक्तिहरु आमने सामने बसेर निश्चित उद्देश्य र प्रश्नहरुमा केन्द्रित भई दोहोरो वार्तालाप गरी सूचनाहरु संकलन गरिने प्रक्रियालाई अन्तरवार्ता भनिन्छ । अन्तरवार्ता खासगरी २ प्रकारका हुन्छन् । संरचित र असंरचित । यस अध्ययनमा खासगरी गुणात्मक अनुसन्धानका गहन सूचनाहरु संकलन गर्नको लागि असंरचित अन्तरवार्ताको प्रयोग गरिनेछ । किनभने यो अन्तवार्ता पूर्व निर्धारित नहुने भएकोले अनुसन्धानको क्रममा विभिन्न कुराहरु प्राप्त गर्न मद्दत मिल्छ । यस अध्ययनमा पनि छनौटमा परेका ४ वटै विद्यालयका प्र.अ., श्रोत व्यक्ति र शिक्षकहरु सँग असंरचित अन्तरवार्ता प्रश्नावलीको माध्यमबाट दलित छात्रवृत्तिसँग सम्बन्धित छात्रवृत्ति वितरणको अवस्था, यसका कमिकमजोरी, कार्यान्वयनको अवस्था, सुधारका उपायहरु आदि जस्ता कुराहरुको जानकारी प्राप्त गर्नको लागि प्र.अ. र शिक्षक र श्रोतव्यक्ति सँग अन्तरवार्ता गरी आवश्यक पर्ने सूचनाहरु संकलन गर्न असंरचित अन्तरवार्ता गरिएको थियो ।

### ३.३.२ लक्षित समूह छलफल

लक्षित समुह छलफल भन्नाले व्यवस्थित, योजनावद्ध तथा सचेत तरीकाबाट सहभागीहरु बीच अन्तरक्रिया गराई उनीहरुको विचार र धारणाको आधारमा कुनै पनि कार्यक्रम, मुद्दा तथा अनुसन्धानका बारेमा insight प्राप्त गर्ने विधि नै लक्षित समुह छलफल हो । यस अध्ययनको लागि छनोटमा परेका विद्यार्थीहरु र अभिभावकहरुलाई दलित छात्रवृत्तिको अवस्थासँग सम्बन्धित विभिन्न कुराहरुको बारेमा

बुझ्नको लागि छनौटमा परेका ४ वटा विद्यालयका कक्षा ३ मा अध्ययनरत विद्यार्थीहरुको समूह बनाई साथै तिनै विद्यार्थीका अभिभावकहरुको पनि छुट्टाछुट्टै समूह बनाई उनीहरुलाई विभिन्न प्रश्न सोध्ने उनीहरुको यस दलित छात्रवृत्ति सम्बन्धि बिचार, धारणा, के छ ? भनेर बुझ्नको लागि यसको प्रयोग गरिन्छ । यस छलफलबाट प्राप्त भएको जानकारीको आधारमा यस अध्ययन अनुसन्धानको लागि सूचनाहरु संकलन गर्न लक्षित समूह छलफल गरिएको थियो ।

### ३.३.३ दस्तावेज अध्ययन

यस अध्ययनमा यस दलित छात्रवृत्ति वितरणको अवस्था के-कस्तो छ ? यसबाट विद्यार्थीको भर्नादर, उपलब्धीस्तर के-कस्तो छ ? दलित विद्यार्थीको पहुँच बढेको छ छैन ? विद्यार्थीको नियमितता दर के-कस्तो छ भनेर हेर्नको लागि अभिलेख फारम, प्रगति विवरण, भर्ना रजिष्टर, आदिको अध्ययन गरी सुचना संकलन गर्नको लागि दस्तावेज अध्ययन गरिएको थियो ।

## ३.४ साधनको वैद्यता

यस अध्ययनका सूचना संकलनको लागि साधनहरुको निर्माण गर्न र प्रयोगमा ल्याउनु अगाडी सहपाठी साथीहरु बिच छलफल गरी आवश्यक सुधार गरिएको थियो र तयार गरिएको साधनलाई शोध निर्देशकज्यूको सल्लाह अनुसार आवश्यक सुधार गरी र परिमार्जन गरी अन्तिम रुप दिइएको थियो ।

## ३.५ सूचना संकलन प्रक्रिया

यस अध्ययनको उद्देश्य पूरा गर्नको लागि सूचनाहरु संकलन गर्नकालागि शोध निर्देशक ज्यूको प्रत्यक्ष निर्देशन र सल्लाहको आधारमा साधनहरुको निर्माण गरिएको थियो र अध्ययन स्थलमा प्रत्यक्ष गएर प्राथमिक एवम् द्वितीय सूचनाको स्रोतको आधारमा सूचना संकलन गरिएको थियो । यसरी सूचना संकलन गर्ने क्रममा छनौटमा परेका ४ वटा विद्यालय मध्ये सर्वप्रथम गजेडा गा.वि.स.को श्री दुर्गा भवानी नि.मा.वि. र श्री सिदार्थ नि.मा.वि. त्यसैगरि कोपवा गा.वि.स.को श्री लक्ष्मणघाट मा.वि. र श्री उच्च मा.वि. झण्डामा गई त्यहाका प्र.अ. शिक्षक, स्रोत व्यक्ति, अभिभावक र विद्यार्थीहरुलाई असंरक्षित अन्तर्वार्ता र विद्यार्थीलाई लक्षित समूह छलफल आदिको माध्यमवाट छात्रवृत्ति सम्वन्धि विभिन्न प्रश्नहरु सोधी सूचनाहरु संकलन गरिएको थियो । त्यसै गरि द्धितिय स्रोतहरु जस्तै रजिष्टर, फारमहरु प्रगतिविवरण, अभिलेख आदिको माध्यमवाट पनि दलित छात्रवृत्तिको अवस्था सम्वन्धी अध्ययन गर्ने क्रममा त्यससँग सम्वन्धित विभिन्न कुराहरु प्राप्त गर्नको लागि यि प्राथमिक र द्धितिय स्रोतहरुको आधारमा विषयसँग सम्वन्धित विभिन्न सूचनाहरु संकलन गरिएको थियो ।

## ३.६ सूचनाको विश्लेषण

यस अध्ययनमा विद्यालयको, प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, बि.नि. वा स्रोत व्यक्ति, वि.व्या.स. को अध्यक्ष आदिहरुको अन्तरवार्ता र छलफलबाट प्राप्त सूचना तथा जानकारीहरुलाई आवश्यक मात्रामा तालिका बनाउने, तालिकाको व्याख्या गर्ने साथै अन्य तथ्याङ्क तथा सूचनाहरुलाई गुणात्मक विधि अपनाई विश्लेषण र व्याख्या गरिएको थियो ।

## परिच्छेद चार

## सूचनाको विश्लेषण र व्याख्या

अनुसन्धान प्रक्रियामा छरिएर रहेका सूचनाहरूलाई संगठित गर्ने निश्चित क्रममा मिलाउने सम्पादन गर्ने र व्यवस्थित गर्ने कार्यलाई नै सूचनाको विश्लेषण र व्याख्या भनिन्छ । कुनै पनि अध्ययन अनुसन्धानलाई पूर्णता दिनको लागि त्यसको विस्तृत रूपमा विश्लेषण र व्याख्या गरिनुपर्ने हुन्छ । विश्लेषण र व्याख्याबाट कुनै पनि अध्ययनले देखाउन खोजेको विषयवस्तु प्रष्ट पार्न सकिन्छ । यस अध्ययनमा पनि अध्ययनको क्रममा प्रयोग गरिएका विभिन्न साधन स्रोतबाट संकलित सूचनाहरू एवम् तथ्याङ्कलाई विश्लेषण गरी विस्तृत रूपमा विश्लेषण एवम् व्याख्या गरीएको छ ।

यस अध्ययनमा कपिलवस्तु जिल्लाको गजेंहडा गा.वि.स. र कोपवा गा.वि.स. का २/२ वटा सार्वजनिक विद्यालयका प्राथमिक कक्षा सञ्चालित दलित छात्रवृत्तिको अवस्था अध्ययन गर्ने उद्देश्यले प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति आदिसँग पर्ने अन्तरवार्ता प्रश्नावली, लक्षित समूह छलफल आदिको माध्यमबाट विद्यालयमा दलित छात्रवृत्ति वितरणका लागि निर्धारित प्रक्रिया, विद्यार्थी छनौट प्रक्रिया, छात्रवृत्ति वितरण र कार्यन्वयनको प्रक्रिया, सरोकारवाला व्यक्तिहरूको धारणा, यसमा रहेका कमिकमजोरी र सुधारका उपायहरू समावेश गरी सूचनाहरूलाई विश्लेषण र व्याख्या गरीएको छ ।

### ४.१ छात्रवृत्ति वितरणको लागि निर्धारित कार्यान्वयन प्रक्रियाहरू

विद्यालय बाहिर रहेका बालबालिका तथा विद्यालयमा भर्ना भएका दलित, बालिका, द्वन्द्वपिडित बालबालिका, अपाङ्ग बालबालिका, गरीबीको चपेटामा परेका बालबालिका, शहिद परिवारका छोराछोरी तथा सिमान्तकृत, लोपोन्मुख तथा आदिवासी जनजातिका बालबालिकाहरू, विपन्न लक्षित तथा कमैयाहरू र मुक्त कम्लरीहरू सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता गराउनका लागि नेपाल सरकारले बालबालिकाहरूलाई विभिन्न किसिमको छात्रवृत्तिको प्रावधान राखेको छ ।

नेपाल सरकारले शिक्षाको क्षेत्रमा जति धेरै लगानी गरेर सबैको लागि समान अवसर भनेता पनि अझ सम्म प्राथमिक उमेर समूहका बालबालिकाहरू शिक्षाको अवसरबाट बञ्चित भएका छन् । तर पनि प्रा.वि. तहमा दिने गरीएको विभिन्न किसिमको छात्रवृत्तिले केही मात्रामा भने सहयोग पुऱ्याएको छ । हाल प्रा.वि. तहमा दलित र शत प्रतिशत छात्रा छात्रवृत्ति वितरणको लागि निर्धारित कार्यन्वयन प्रक्रियाको बारेमा छात्रवृत्ति कार्यन्वयन निर्देशिका २०६७/६८ का अनुसार निम्नानुसार उल्लेख गरिएको छ ।

- जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्ने, सो समितिले जिल्लामा प्राप्त कोटा र रकम समेतलाई ध्यानमा राखी छात्रवृत्ति वितरण सम्बन्धी नीति आधारहरू तय गर्ने ।
- यसरी नीतिगत आधारमा तय गर्दा विद्यालयमा अध्ययन र प्रा.वि.का सम्पूर्ण दलित छात्रछात्राहरूले छात्रवृत्ति पाउने व्यवस्था गर्ने र छात्राहरू गरी पुन प्रा.वि. तहमा अध्ययनरत सम्पूर्ण छात्राहरूलाई समेट्ने गरी स्टेशनरी र पोशाक दुवै पाउने गरी प्रदान गर्न दलित, गरीब,

विपन्न, द्वन्द्वपिडित आदिलाई पहिलो प्राथमिकतामा राख्ने र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने । छात्रवृत्ति वितरणका आधारहरू रकम जिल्ला शिक्षा कार्यालयको सूचना पाटीमा अनिवार्य निर्देशन दिने ।

- विद्यालय व्यवस्थापन समितिले जिल्ला छात्रवृत्ति व्यवस्थापन समितिको निर्देशन एवं आधारहरूलाई ध्यानमा राखी शिक्षक, शिक्षिका, अभिभावक संघ समेतको सहभागीता एवं संलग्नतामा विद्यालयमा उपलब्ध अनुदान मध्येबाट विद्यालय व्यवस्थापन समितिले निश्चित आधारहरू तय गरी छावृत्ति पाउने बालबालिकाहरूको नामावली छनोट गर्ने, सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रूपमा टाँस्न लगाउने ।
- दलित छात्रवृत्ति अन्य कुनै किसिमको छात्रवृत्ति नपाएका र छात्रवृत्ति वितरण गर्दाको समयमा विद्यालय खुलेको दिनको कम्तिमा ८०% हाजिर भएको छात्रछात्राहरूलाई मात्र दोहोरो नपर्ने गरी अभिभावक तथा जि.शि.का. को प्रतिनिधिको रोहवरमा प्रति विद्यार्थी वार्षिक देहाय बमोजिमको दरले छात्रवृत्ति वितरण गर्ने गराउने व्यवस्था मिलाई सो को नामावली विवरण जि.शि.का.मा आवधिक गरी राख्ने र सोको समष्टिगत विवरण शिक्षा विभागमा उपलब्ध गराउने ।
- शत प्रतिशत छात्रवृत्तिको लागि विद्यालयमा उपलब्ध अनुदान मध्येबाट विद्यालय व्यवस्थापन समितिले निश्चित आधारहरू विकास गरी देहाय बमोजिमको रकम पाउने छात्रको नामावली तयार गरी निर्णय गर्ने र सो विद्यालयको सूचना पाटीमा टाँस्न लगाउने (कार्यक्रम कार्यन्वयन निर्देशिका, २०६७/०६८) ।

### ४.१.१ विद्यार्थी छनौटको प्रक्रिया

नेपाल सरकारले हाल आएर सबै दलित विद्यार्थीहरूलाई रु ४००।- का दरले छात्रवृत्ति दिने नीति लिएको देखिन्छ । नेपाल सरकारबाट दलित भनी घोषणा गरीएका जातिका छात्र र छात्राहरू तथा असाहाय छात्रछात्राहरूलाई विशेष गरी छात्राहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले छनौट गरे बमोजिमका छात्रछात्राहरूलाई (विद्यार्थी छनौट गर्दा छात्राहरूलाई प्राथमिकता दिनु पर्ने)

(नेपाल सरकारबाट घोषित दलित जात जातिहरूः विश्वकर्मा, दमाई, परियार, सार्की, भूल, सुनार..................)

छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्नु भन्दा पूर्व सम्बन्धित विद्यार्थी/अभिभावकबाट आवश्यक प्रमाण सहित निवेदन मात्र गर्ने र प्राप्त निवेदनमा निम्न आधार अपनाई छात्रवृत्ति छनौट गर्ने,

१) छात्रछात्रहरूको उपस्थिति (कम्तिमा औषत उपस्थिति ८०% हुनुपर्ने)

२) छात्रछात्राहरूको शैक्षिक प्रगति (अनुत्तिर्ण हुनेलाई छनौट नगर्ने)

(छात्रवृत्ति कार्यन्वयन निर्देशिका, २०६८)

यस अध्ययनमा पनि प्राथमिक तहमा दलित छात्रवृत्ति वितरण विद्यार्थी छनौटको प्रक्रियाहरू सम्बन्धी अध्ययन गर्दा निम्नानुसारका सुचनाहरू प्राप्त गरिएको थियो ।

प्रा.वि. तहको छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा खासगरी प्र.अ., शिक्षक स्टाफ, वि.व्य.स. संलग्नतामा विद्यार्थी छनौट गरीएको पाइयो भने विद्यार्थी र अभिभावकलाई यसमा खासै समावेश गराइएको देखिएन । छलफल गर्ने क्रममा बढी मात्रामा विद्यार्थी छनौट गर्ने आधार भने विद्यार्थी भर्ना भएको नामावलीलाई लिइएको पाइयो । विद्यार्थीको घरको आर्थिक स्थिति नबुझिकन नयाँ भर्ना हुन आएका विद्यार्थीको पनि उसको थर हेरी त्यसैको आधारमा विद्यार्थी छनोट गरेको बुझिन्छ । यहाँ अध्ययनका लागि छनौट गरीएका २ वटा गा.वि.स. गजेंहडा र कोपवा गा.वि.स.का २/२ वटा स्कूल गरी ४ वटा विद्यालयमा गरीएको अध्ययनमा विद्यार्थी छनोट प्रक्रिया निम्नानुसार देखाइएको छ ।

**तालिका नं. ४.१**

**विद्यार्थी छनोट प्रक्रिया**

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी छनौट प्रक्रिया |
|---|---|---|
| १ | श्री दुर्गा भवानी नि.मा.वि., कर्महना | - प्र.अ. र शिक्षकको छलफलमा विद्यार्थीकै उपस्थिति, कक्षाको शैक्षिक अवस्था,<br>- अभिभावकको आर्थिक अवस्था आदिको आधारमा सम्पूर्णलाई दिने गरिन्छ । |
| २ | श्री सिद्धार्थ नि.मा.वि., गजेंहडा | - वि.व्य.स., प्र.अ., शिक्षकको छलफलमा विद्यार्थीको भर्नाको आधार साथै उनीहरूलाई फर्म भर्न लगाई उनीहरूको जग्गा र आय स्रोतका आधारमा दिइन्छ । |
| ३ | लक्ष्मनघाट मा.वि., लक्ष्मनघाट | - प्र.अ.र शिक्षक स्टाफ बसी छलफल गरी विद्यार्थीको उपस्थिति, विपन्नता, जेहेन्दार र एउटै परिवारको विद्यार्थी संख्या हेरी त्यसको आधारमा छनौट गर्ने |
| ४ | श्री उच्च मा.वि., झण्डा | - प्र.अ., शिक्षक, स्टाफ, वि.व्य.स. को छलफल गरी मेहनती, जेहेन्दार, नियमितता, अनुशासन, हाजिरी आदिको आधारमा |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

यसरी उपरोक्त तालिकाको आधारमा विद्यार्थी छनौट प्रक्रियालाई हेर्दा श्री दुर्गा भवानी नि.मा.वि. कर्महनाका प्र.अ. को भनाई अनुसार विद्यार्थी छनौट गर्दा प्र.अ. र शिक्षक मात्र बसी विद्यार्थी छनौट

गरेको बताए । उनले खास गरी वि.व्य.स. भन्दा पनि विद्यार्थीको बारेमा शिक्षकलाई जानकारी हुँदा हामीले विद्यार्थी छनौट गरी वि.व्य.स. समक्ष पेश गर्‍यौं । यसो गर्दा वि.व्य.स. ले हामीलाई नबोलाई गरेको विद्यार्थी छनौट हामीलाई मान्य छैन भनेपछि त्यो जिम्मा हामीले फेरी वि.व्य.स.लाई दियौ तर उनीहरूलाई आफ्नो नजिकको लाई बढि प्राथमिकता दिन खोज्दा उनीहरूले ३/४ पटक मिटिङ बस्दा पनि सफल नभएपछि अन्त्यमा यसको जिम्मा हामीलाई दिए त्यसैले हामीले त्यसदेखि विद्यार्थी छनौट गर्दा वि.व्य.स.लाई संलग्न नगराई हामीले छनौट गरेको नामावली दिनेमात्र गरेको भन्ने भनाई व्यक्त गरेको थिए ।

दलितहरू सबैलाई जिल्ला छात्रवृत्ति व्यवस्थापन समितिले छात्रवृत्ति दिने व्यवस्था गरेको हुनाले दलितहरू आर्थिक रूपले जतिसुकै उच्च वर्गमा पर्ने भए पनि उनीहरूलाई छात्रवृत्तिको व्यवस्था छ तर अन्य वर्गको न्यून आर्थिक अवस्था हुँदा पनि उसलाई छात्रवृत्तिको व्यवस्था नहुँदा विद्यालयमा विद्यार्थी छनौट गर्दा अभिभावक र विद्यार्थीबाट विवाद आउने गरेको कुरा त्यस विद्यालयका प्र.अ.को भनाइबाट पाइयो ।

त्यसैगरी श्री सिद्धार्थ नि.मा.वि. मा भने वि.व्य.स., प्र.अ. र शिक्षकको छलफलमा विद्यार्थीलाई छनौट गरेको र विद्यार्थी र अभिभावकलाई भने संलग्न नगराएको देखियो । यसरी दलितहरू सम्पूर्णलाई छनौट गर्दा पनि जेठ सम्ममा भर्ना भएका विद्यार्थीहरूको नामावली जेठमै जि.शि.का.मा पठाउने हुनाले कहिले काही असारमा भर्ना हुन आउने विद्यार्थीका अभिभावकले झगडा गर्ने गरेको पाइयो । किनकि असारमा भर्ना हुने विद्यार्थीको लागि जि.शि.का.बाट रकम नआउने गरेको पाइयो । त्यतिबेला नामावली जेठमै जि.शि.का.मा जाने हुनाले त्यो नामावलीको आधारमा आएको पैसा हामीले बाँडेर विद्यार्थीलाई दिनुपर्ने हुन्छ । जसले गर्दा पूरा रकम पाएनौ भनेर अभिभावकको गुनासो पनि आउने गरेको पाइयो ।

लक्ष्मनघाट मा.वि. लक्ष्मनघाट पनि प्र.अ. र शिक्षक स्टाफ मात्र बसी विद्यार्थीको छनौट गरीने कुरा बताएका छन् । प्र.अ. को भनाई अनुसार यसरी सम्पूर्ण दलितलाई छात्रवृत्तिको लागि छनौट गर्ने भन्दा पनि वर्गीय आधारमा विद्यार्थी छनोट गरेमा छात्रवृत्ति राम्रो हुने कुरा बताए । किनकि उनको भनाइमा यहाँका कतिपय दलितहरू त एकदमै धनी छन् । तर अन्य जातका विद्यार्थी गरीब छन् छात्रवृत्ति पाउँदैनन् । जसले गर्दा अभिभावकबाट विवाद निस्कने गर्दा सम्पूर्ण दलित विद्यार्थीलाई छनौट गरी समस्याहरू देखिएको कुरा बताए ।

विद्यार्थी छनोटकै प्रक्रियालाई हेर्दा श्री उच्च मा.वि. झण्डामा पनि प्र.अ., वि.व्य.स. र शिक्षक, स्टाफ बसी विद्यार्थी छनौट गरिने गरिएको पाइयो । त्यहाँका प्र.अ.को भनाइमा गत साल दलित भनेर छात्रवृत्तिको लागि नामावली टिपियो । तर विद्यार्थी भने १२/१३ दिन मात्र उपस्थित हुने गरेको र छात्रवृत्ति लिन अभिभावक समेत आएर भर्नाको आधारमा छात्रवृत्तिको माग गरेको र प्र.अ.ले भने नियमित विद्यालय नआउनेलाई कसरी दिने भन्ने कुरामा समस्या आएको देखाए ।

यसरी त्यस विद्यालयमा कतिपय विद्यार्थीका अभिभावक छात्रवृत्तिको लागि २/३ वटा विद्यालयमा भर्ना गरी दिने र छात्रवृत्ति पाएपछि विद्यालय नपठाउने र पैसाको लोभमा विद्यार्थी भर्ना गरेको देखियो ।

यसरी यी माथिका कुराहरूको आधारमा के भन्न सकिन्छ भने छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा जातीय आधारमा सम्पूर्ण दलितलाई भन्दा पनि वर्गीय आधारमा विद्यार्थी छनौट गरी छात्रवृत्ति वितरण गरेमा राम्रो र प्रभावकारी हुने कुरा देखियो । साथै छात्रवृत्तिका लागि मात्र विद्यार्थीलाई भर्ना गरेको र खास गरी विद्यालयमा पनि छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा छनौट सम्बन्धी मापदण्डहरू अपनाएको देखिदैन । केवल भर्ना भएको विद्यार्थीको नामावलीको आधारमा मात्र विद्यार्थी छनौट गरेको देखियो । साथै अभिभावक र विद्यार्थीलाई भेला गराई विद्यार्थी छनौट गरेमा माथि देखिएका समस्याहरू पनि सजिलै समाधान हुने देखिन्छ ।

### ४.१.२ छात्रवृत्ति वितरण प्रक्रिया

विद्यालयमा छात्रवृत्तिको लागि विद्यार्थीहरू छनौट गरीसकेपछि उनीहरूलाई छात्रवृत्ति समयमा नै वितरण गर्नु पर्ने हुन्छ । विद्यालयले छात्रवृत्ति वितरण गर्दा नेपाल सरकारले विभिन्न प्रक्रियाको आधारमा छात्रवृत्ति वितरण गर्ने कुरा उल्लेख गरेको छ । जस्तै : विद्यालयमा रकम प्राप्त भएपछि विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल गराई छनौट भएका विद्यार्थीलाई सार्वजनिक समारोहको आयोजना गरी अभिभावकको रोहवरमा वितरण गर्ने, दलित छात्रवृत्तिको रकम २०६६ सम्ममा रु ३५०।- थियो भने २०६७ सालदेखि रु ४००।- का दरले प्रतिविद्यार्थी सम्पूर्ण दलित छात्रछात्राहरूलाई वितरण गर्ने प्रावधान रहेको छ ।

यसरी छनौट गरीएका २ वटा गा.वि.स.का ४ वटा विद्यालयमा छात्रवृत्रि वितरणको प्रक्रियालाई हेर्दा निम्नानुसारका कुराहरू पाइयो । यि विद्यालयहरूमा जि.शि.का.बाट रकम निकासाको आधारमा दलित छात्रवृत्तिको रकम २०६७ देखि प्रतिविद्यार्थी रु ४००।- का दरले वितरण गरेको पाइएन । तर रकम वितरण गर्दा भने अभिभावकको रोहवरमा नै वितरण गरेको पाइयो । यसै गरी छात्रवृत्तिको रकम जि.शि.का. बाट नै समयमा निकासा नहुने गरेको साथै विद्यालयले पनि उपयुक्त समयमा छात्रवृत्ति नदिदा र पूरा रकम नदिंदा विद्यार्थीका लागि चाहिने कापी, कलम किन्न पनि समस्या परेको अभिभावकले गुनासो पाइयो । यसरी यि विद्यालयमा छात्रवृत्ति वितरण प्रक्रियालाई हेर्दा निम्नानुसारको पाइयो ।

**तालिका नं. ४.२**

**छात्रवृत्ति वितरण प्रक्रिया**

| क्र.सं. | विद्यालयको नाम | छात्रवृत्ति वितरण प्रक्रिया | आएको रकम | वितरण गर्ने गरेको रकम |
|---|---|---|---|---|
| १ | श्री दुर्गा भवानी नि.मा.वि., कर्महना | शिक्षक, स्टाफ बैठक बसी जि.शि.का. बाट आएको रकम सम्बन्धी वि.व्य.स. जानकारी गराई प्रत्येक वर्ष रिजल्टको बेलामा वितरण गर्ने गरेको । | प्रति विद्यार्थी रु ४००।- | रु ४००।- |
| २ | श्री सिद्धार्थ नि.मा.वि., गजेंहडा | शिक्षक, स्टाफ बाट नाम छनौट गरी वि.व्य.स.सँग आवश्यक सल्लाह गरी सुधार गरेर जि.शि.का.बाट आएको रकम बारे विद्यार्थीलाई जानकारी गराई उनीहरुलाई अभिभावक लिएर आउन भनी र वितरण गर्ने । | प्रति विद्यार्थी रु ४००।- | कहिले काही दामासाही गरेर बाँड्नुपर्दा पूरा रकम नदिएको । |
| ३ | लक्ष्मनघाट मा.वि., लक्ष्मनघाट | वि.व्य.स. र शिक्षक स्टाफ बसी आएको रकमबारे अभिभावकलाई जानकारी गराई अभिभावकको रोहवरमा वितरण गर्ने । | प्रति विद्यार्थी रु ४००।- | प्रति विद्यार्थी रु १५०/२०० जति दिने गरेको । |
| ४ | श्री उच्च मा.वि., झण्डा | शिक्षक स्टाफहरु नै बसी छलफल गरी वि.व्य.स.लाई जानकारी गराई कुनै समारोहको बेलामा अभिभावकको रोहवरमा वितरण गर्ने गरेको । | प्रति विद्यार्थी रु ४००।- | प्रति विद्यार्थी रु ४००।- |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिकाको आधारमा हेर्दा श्री दुर्गा भवानी नि.मा.वि. कर्महनाका प्र.अ.को भनाइ अनुसार छात्रवृत्ति वितरण गर्दा महिला शिक्षक स्टाफ बसी छलफल गरी पछि वि.व्य.स.मा जानकारी गराई प्रत्येक वर्ष रिजल्टको बेलामा अभिभावकको रोहवरमा नै प्रति विद्यार्थी रु ४००।- नै वितरण गर्ने गरेको तर यसै सन्दर्भमा त्यस विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावकसँग बुभ्दा खै हामीले त रु ३००।- पाएका थियौ । विद्यालयको अन्य आयश्रोत छैन भवनहरु निर्माण गर्दैछन् । त्यसैले होला पूरा

रकम नदिएको हामीले पनि किन दिएनौ भन्दैनौ किनकी स्कूलकै काममा खर्च गरेको हुनाले भन्ने गरेको पाइयो ।

यसै सन्दर्भमा श्री सिद्धार्थ नि.मा.वि. गजेंहडामा जि.शि.का. बाट आएको रकमबारे वि.व्य.स. र शिक्षक स्टाफले छलफल गरी अभिभावकमा जानकारी गराएको र उनीहरुकै रोहवरमा विद्यार्थीलाई दिने गरेको पाइयो । यसरी छात्रवृत्ति वितरण गर्दा जि.शि.का.बाट प्रत्येक दलित विद्यार्थीका लागि रु ४००।- का दरले रकम त आउँछ तर यहाँ कहिले काही दामासाही गरेर बाड्दा पूरा रकम दिन सकेका छैनौ किनकी जेठमा नै भर्ना भएका दलित विद्यार्थीहरुको नामावली विद्यालयमा पठाउनु पर्ने हुन्छ तर धेरै जसो विद्यार्थी आषाढमा भर्ना हुन आउँछन । पछि तिनीहरुलाई पनि दिनुपर्ने हुन्छ । नदिएकोमा अभिभावक झगडा गर्न आउँछन् । त्यसैले हामीले त्यहि आएको रकमलाई सबैलाई बराबर गरेर बाड्दा पूरा दिन नसकेको हो भन्ने भनाई त्यहाँका प्र.अ. र शिक्षकको भनाई रहेको पाइयो ।

त्यस्तै लक्ष्मनघाट मा.वि. लक्ष्मनघाटमा पनि छात्रवृत्ति मार्फत आएको रकम वि.व्य.स. र शिक्षक स्टाफ बसी आवश्यक छलफल गरी प्रत्येक विद्यार्थीका अभिभावकलाई जानकारी गराई अभिभावककै रोहवरमा विद्यार्थीहरुलाई वितरण गरेको पाइयो । यस विद्यालयमा दलित विद्यार्थीहरुको संख्यामा बढी हुने हुनाले छात्रवृत्ति मार्फत आएको रु ४००।- रकम विद्यार्थीलाई पूरा नदिने गरेको त्यहाँका शिक्षकले बताए । किनकी विद्यार्थी भर्ना शुल्क र अन्य शुल्क अभिभावकले नतिर्ने हुनाले हामीले छात्रवृत्ति मार्फत आएको रकमलाई भर्ना शुल्क कटाएर दिने गर्छौ । त्यसैले कहिले १५०।- अनि २००।- जति वितरण गर्ने गरेको कुरा बताए ।

त्यसैगरी श्री उच्च मा.वि. झण्डामा पनि छात्रवृत्ति वितरण गर्दा शिक्षक स्टाफहरु छलफल गरी वि.व्य.स. लाई जानकारी गराई अभिभावककै रोहवरमा वितरण गर्ने गरेको बताए । त्यहाँ प्रति विद्यार्थी रु ४००।- नै वितरण गर्ने गरेको कुरा बताए । त्यहाँको एक शिक्षक अनुसार छात्रवृत्ति मार्फत दिएका रकम कतिपयले घरायसी कामका लागि पनि खर्च गरेको बताए । यसरी पैसा भन्दा पनि जिन्सी सामान वितरण गरेको भए राम्रो हुने थियो भन्ने कुरा बुझियो ।

समग्रमा भन्दा दलित छात्रवृत्ति वितरणको प्रक्रियालाई हेर्दा छनौटमा परेका ४ वटै विद्यालयका प्र.अ., शिक्षक, अभिभावकसँग बुझ्दा माथिका कुराहरूको आधारमा के भन्न सकिन्छ भने नेपाल सरकारले दिएको यो प्रत्येक दलित विद्यार्थीलाई रु ४००।- का दरले दिएको यो छात्रवृत्तिले गर्दा गरीब दलित विद्यार्थीहरुका लागि त केही राहत मिलेका देखिन्छ । तर विद्यालयमा दलित भन्दा पनि गैरदलित विद्यार्थीको आर्थिक अवस्था एकदमै कमजोर छ । त्यसैले यो छात्रवृत्ति जातीय आधारमा भन्दा पनि वर्गीय आधारमा वितरण गरेमा गरीब र पिछडिएको विद्यार्थीलाई यसले मद्दत गर्ने देखिन्थ्यो । त्यसैगरी यो छात्रवृत्ति मार्फत दिएको रकम केवल वर्षभरी कापी किन्न पनि नपुगेको र नगद भन्दा पनि छात्रवृत्ति मार्फत जिन्सी सामान कापी, कलम, ड्रेस उपलब्ध गराएमा यो अझ सफल रुपमा कार्यान्वयन पनि हुन सक्थ्यो । त्यस्तै अभिभावकले भने छात्रवृत्ति मार्फत दिएको रकमले हामीलाई केही मात्रामा भएपनि

सहयोग पुऱ्याएको छ भन्ने धारणा व्यक्त गरेको पाइयो । यसरी प्रत्येक दलित विद्यार्थीहरुलाई वितरण गर्नुपर्ने छात्रवृत्ति अन्य गरीब परिवारले नपाउँदा उनीहरुका अभिभावकले गुनासो गर्ने गरेको पाइयो । त्यसैले यो दलित छात्रवृत्ति भन्दा पनि जातीय आधारमा नभई वर्गीय आधारमा त्यो पनि नगदको सट्टा जिन्सी सामान वितरण गरेमा राम्रो र प्रभावकारी हुने कुरा देखियो ।

## ४.२ छात्रवृत्तिको प्रभाव

छात्रवृत्ति कार्यक्रमले विद्यालयको शैक्षिक गतिविधिमा विभिन्न किसिमका असर पारेको हुन सक्दछ । विद्यार्थीलाई शैक्षिक मूलधारमा ल्याउने पहिलो माध्यम भनेकै विद्यालयमा आउन नसकेका बालबालिकाहरुलाई विद्यालय ढोका सम्म ल्याई शैक्षिक पहुँच अभिवृद्धि गर्नको लागि संचालन गरीएको छात्रवृत्तिले विद्यार्थीको भर्ना स्थिति, उपस्थिति, नियमितता विद्यालय छोड्नेदर उपलब्धी स्तर आदिमा पारेको असरबारे विभिन्न अध्ययन गरीएको थियो । जुन निम्न प्रकार रहेको थियो ।

### ४.२.१ भर्नादरमा

छात्रवृत्ति कार्यक्रमले खासगरी समाजमा पिछडिएका जातजाती तथा वर्गहरुका केटाकेटीहरुलाई विद्यालयमा विद्यार्थी भर्ना गराउनलाई सकारात्मक प्रभाव पार्ने गर्दछ । जसको कारण कक्षामा कति विद्यार्थी भर्ना भए कति भएनन भन्ने आधारमा छात्रवृत्ति कार्यक्रमको प्रभावकारीता के कस्तो छ भन्ने कुरा उल्लेख गर्न सकिन्छ । यस अध्ययनमा छनौट भएका ४ वटै विद्यालयमा दलित विद्यार्थीहरुको भर्नाको स्थिति के कस्तो रहेको छ भनी हेर्नका लागि निम्नानुसार प्राप्त भएको थियो ।

**तालिका नं. ४.३**

**विद्यार्थी भर्ना दरको स्थिति**

| क्र. सं. | विद्यालयको नाम | कक्षा १-५ सम्म भर्ना भएका जम्मा विद्यार्थीको संख्या | कक्षा १-५ सम्म भर्ना भएका जम्मा दलित विद्यार्थीको संख्या |
|---|---|---|---|
| १ | श्री दुर्गा भवानी नि.मा.वि., कर्महना | १४७ जना | ७ जना |
| २ | श्री सिद्धार्थ नि.मा.वि., गजेंहडा | २३६ जना | १० जना |
| ३ | लक्ष्मनघाट मा.वि., लक्ष्मनघाट | २९३ जना | ५४ जना |
| ४ | श्री उच्च मा.वि., झण्डा | २६५ जना | २१ जना |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

प्रस्तुत तालिकाबाट के भन्न सकिन्छ भने छात्रवृत्ति वितरणले विद्यार्थीमा सकारात्मक असर पारेको देखिन्छ । यसरी ४ वटै विद्यालयमा दलित विद्यार्थीहरुको भर्नादरलाई हेर्दा सबैभन्दा उच्च भर्नादर श्री लक्ष्मनघाट मा.वि. मा रहेको देखियो भने सबैभन्दा कम भर्नादर चाही श्री दुर्गा भवानी नि.मा.वि. मा देखियो । किनभने त्यहाँका प्र.अ.को भनाई अनुसार यहाँ सबै दलितहरुको बस्ती अलि कम भएको र नजिक-नजिक धेरै विद्यालय हुँदा विद्यालयमा विद्यार्थी बाँडीदा संख्या कम भएको हो । यस छात्रवृत्ति कार्यक्रमले विद्यार्थी भर्नादर बढाउन के-कस्तो असर गरेको छ भन्ने भनाईमा धेरै जसो विद्यालयमा बुझ्दा त्यहाँका शिक्षक र प्र.अ.को भनाई अनुसार यो छात्रवृत्ति पाउने आशामा विद्यार्थीहरु भर्ना हुन त धेरै आउँछन तर तिनीहरु छात्रवृत्ति पाउन्जेल सम्म आउने गर्छन । त्यसपछि भने त्यति आउँदैनन । कतिपयले त भर्ना मात्र हुने पढाइको लागि भन्दा पनि छात्रवृत्तिको लागि भर्ना हुने गरेका छन् । त्यसैगरी श्री उच्च मा.वि. झण्डाका एक शिक्षकको भनाई अनुसार यहाँ कहिलेकाही त यस्तो पनि भेटीयो की छात्रवृत्ति पाउनको लागि आफ्नो बच्चाको नाम २/३ वटा विद्यालयमा लेखाइदिने गरेको पनि पाइयो । त्यसैगरी अभिभावकको भनाई अनुसार छात्रवृत्ति दिने गरेको हुनाले हामीलाई केही सुबिधा हुने भएकोले छोराछोरीलाई विद्यालयमा पढाउने गरेको कुरा बताए ।

माथिका कुराहरुलाई विश्लेषण गर्दा छात्रवृत्ति कार्यक्रमले विद्यालयमा विद्यार्थीको भर्नादर बढाउन सहयोग पुऱ्याएको देखिन्छ । त्यसमा पनि अझ दलित र पिछडिएका बालबालिकाको भर्नादर बढाउन बढी प्रभावकारी देखिन्छ । तर दलित परिवारका मानिसको सोचाई विद्यार्थीको पढाइलाई अगाडी बढाउन भन्दा पनि पैसा पाउने आशामा भर्ना गरीदिएको बढी पाइयो । किनकी छात्रवृत्ति पाएपछि कतिपयले त पढाइलाई निरन्तरता नदिएको पनि अध्ययनको क्रममा पाइयो । जे जस्तो भएपनि अभिभावकले पनि छात्रवृत्ति बाट आफूलाई राहत भएको र छोराछोरीलाई विद्यालय पठाउन मद्दत मिलेको बताए । त्यसैले छात्रवृत्ति कार्यक्रम विद्यार्थीको भर्नादर बढाउन प्रभावकारी भएको देखियो ।

### ४.२.२ उपस्थिति

नेपाल सरकारले सबै बालबालिकालाई विद्यालयमा नियमित उपस्थिति गराउने उद्देश्ले छात्रवृत्ति कार्यक्रम संचालन गरेको छ । त्यसमा पनि अझ आर्थिक रुपले पछाडी परेका र सम्पूर्ण दलित विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरी विद्यालय जाने वातावरण सृजना गरेको छ । जसले गर्दा विद्यार्थीको विद्यालय उपस्थिति दर बढ्दो होस । खासगरी छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा विद्यार्थीको औषत दर ८०% हुनुपर्ने तोकेको छ ।

यसप्रकार यस अध्ययनमा दलित छात्रवृत्तिको अवस्थालाई हेर्दा खासगरी यो छात्रवृत्तिले दलित विद्यार्थीको उपस्थितिमा के कस्तो असर पारेको रहेछ भनी अध्ययन गर्दा छनौटमा परेका ४ वटै विद्यालयमा यस छात्रवृत्तिले विद्यार्थीको उपस्थितिमा बृद्धि त गरेको छ । किनकी ८०% उपस्थिति हुनुपर्ने नियम भए अनुरुप तर विद्यालयमा छात्रवृत्ति पाउनु अघि उपस्थिति दर राम्रो रहेको र छात्रवृत्ति पश्चात विद्यालयमा विद्यार्थीको उपस्थिति दर भने कम देखियो । त्यहाँका प्र.अ. र शिक्षकको भनाई अनुसार

छात्रवृत्ति पाउने आशामा उपस्थिति राम्रै भएता पनि पाइसकेपछि भने विद्यार्थी त्यति विद्यालय आउँदैनन् । यसरी उपस्थिति कम हुनेलाई छात्रवृत्ति नदिने भनेर भन्दा अभिभावकहरुले सरकारले सम्पूर्ण दलितलाई भनेर छात्रवृत्ति आएको छ । हाम्रो छोराछोरीको भर्ना भएको हुनाले पाउनु पर्छ भनेर भन्छन् त्यसैले हामीले विद्यार्थीको उपस्थिति भन्दा पनि भर्नाको आधारमा दिने गरेका छौ भनेर भन्ने गरेको पाइयो । त्यसैले विद्यालयमा औषत उपस्थिति दर ८०% हुनुपर्ने नियम लागू गरी वितरण गर्ने गरेमा छात्रवृत्तिले विद्यार्थीको उपस्थिति बृद्धि गर्न मद्दत पुग्ने देखिन्छ ।

### ४.२.३ नियमितता

विद्यालयमा विद्यार्थी नियमिततालाई कायम राख्न वा विद्यार्थीलाई कक्षामा टिकाई राख्न छात्रवृत्तिले सकारात्मक प्रभाव पार्दछ भन्ने हुन्छ तर पनि छात्रवृत्तिले के कति विद्यार्थीहरुलाई नियमित राख्दछ त्यसको प्रभावकारी कार्यान्वयनमा भर पर्दछ । आर्थिक कारणले गर्दा विद्यार्थी विद्यालयमा नियमित आउन नसक्ने वातावरण अन्त्य होस भन्ने उद्देश्यले नेपाल सरकारले आर्थिक, सामाजिक रुपले कमजोर बालबालिकालाई छात्रवृत्ति प्रदान गर्दै आइरहेको छ । जसरी आर्थिक अवस्थाका कारणले गर्दा बालबालिकाहरु पढाई छाडेर काम गर्न जानुपर्ने हुन्छ । त्यसमा पनि अझ दलित समूदायका बालबालिका बढी जसो पढाइलाई नियमितता दिन नसकेर बीचैमा विद्यालय छाडेर काममा गएका हुन्छ । त्यसको कारण बालबालिकाहरुले सोचे अनुसार अध्ययनका सफलता प्राप्त गर्न सक्दैनन् । त्यसैले बालबालिकाका लागि चाहिने शैक्षिक सामग्री छात्रवृत्ति रकमले सहयोग गरेको छ ।

यस अध्ययनमा पनि छनौटमा परेका ४ वटै विद्यालयमा विद्यार्थी नियमितता छात्रवृत्तिको असरलाई हेर्दा सकारात्मक पाइएता पनि त्यति सन्तोषजनक देखिदैन । किनकी अभिभावकको भनाई अनुसार धेरै दलित परिवारको घरको आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा छात्रवृत्तिले गर्दा छोराछोरीलाई विद्यालय भर्ना गरी नियमित नै पठाउने त गर्छौं । छात्रवृत्तिले केही सहयोग गरेता पनि छात्रवृत्ति मार्फत पाउने रकमले सम्पूर्ण शैक्षिक आवश्यकता परिपूर्ति गर्न गाह्रो हुन्छ । त्यसैले बीचैमा विद्यार्थीहरु स्कूल जान छोडेर घरको अन्य काममा पनि जाने गरेका पाइयो । त्यस्तै शिक्षकको भनाई अनुसार पनि खै दलित परिवारका अभिभावकहरुमा शिक्षाको चेतनाको कमिले गर्दा होकी विद्यार्थीलाई विद्यालयमा भर्ना गरीदिएपनि तिनीहरु पढाइमा नियमितता दिएर विद्यालयमा आउने गर्दैनन् । यसरी यि कुराहरुबाट विश्लेषण गर्दा के देखिन्छ भने जसको कारणमा छात्रवृत्ति रकम अप्रयाप्त हुनु र ती सबै क्षेत्रका अभिभावकहरुमा शिक्षाप्रतिको चेतनाको अभाव र आर्थिक अवस्थामा रहेको विविधताको कारणले गर्दा भएको देखिन्छ ।

### ४.२.४ विद्यालय छोड्ने दर

छात्रवृत्ति कार्यक्रम आर्थिक अवस्था कमजोर भई विद्यालयको शुल्क तिर्न नसक्ने, कापी, कलम आदि समेत जुटाउन नसक्नेका लागि अझ त्यसमा दलित घरपरिवारका विद्यार्थीका लागि त यो कार्यक्रम बरदान सिद्ध भई बिचैमा विद्यालय छोड्नेदर घटाउन सहयोग गरेको छ ।

अध्ययनको लागि छनौटमा परेका विद्यालयहरुमा पनि दलित छात्रवृत्ति कार्यक्रमलाई हेर्दा दलित विद्यार्थीहरु जसको आर्थिक अवस्था अत्यन्तै कमजोर भै विद्यालय शुल्क तिर्न नसकी विद्यालय जानबाट बञ्चित रहेका बालबालिकालाई यसले विद्यालयमा भर्ना हुन सहयोग गरी बिचैमा विद्यालय छाडेर जाने प्रवृत्तिलाई केही हदसम्म भएपनि कम गरेको देखिन्छ । लक्ष्मनघाट मा.वि.का प्र.अ.को भनाइ अनुसार छात्रवृत्ति वितरण कार्यक्रमबाट अवश्य पनि भर्नादर बढाउने र बिचैमा विद्यालय छाड्नेदरमा कमि ल्याई विद्यार्थीको शैक्षिक उपलब्धी बढाउन सहयोग गरेको छ । तर यसको वितरण, प्रचार प्रसार र अनुगमनको प्रभावकारी व्यवस्थापन हुन आवश्यक छ । छात्रवृत्तिको दुरुपयोग भएमा कारबाही समेत प्रभावकारी हुन सकेको छैन । त्यसैगरी स्रोत व्यक्तिको भनाइमा पनि दलित छात्रवृत्ति कार्यक्रम तथा अन्य छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरुलाई निरन्तरता नरहने देखिएको कक्षा १ मा भर्ना भै कक्षा ५ सम्म छात्रवृत्ति दिई रहनु पर्ने र छात्रवृत्ति नपाए पनि विद्यालय नजाने किसिमको प्रवृत्ति अभिभावकहरुमा देखिन्छ । अभिभावकहरुले छात्रवृत्तिलाई मात्र जोड गर्ने गरेकोले गुणस्तरीय शिक्षामा छात्रवृत्तिले त्यति प्रभाव भने पारेको देखिदैन । खासगरी दलित समुदायमा शैक्षिक चेतनाको अभाव छ । विशेषगरी दुर्गम ठाउँमा विद्यालयहरुमा गरिबीको कारणले आफ्नो केटाकेटीहरुलाई उमेर पुगेपछि विद्यालय पठाउनु भन्दा दैनिक घरायसी काममा लगाउनमै रुचाउँछन् । छात्रवृत्ति रकम कम भएकोले पनि यसको प्रभाव कम भएको देखिन्छ ।

माथिका भनाइहरुको आधारमा विश्लेषण गर्दा के भन्न सकिन्छ भने छात्रवृत्ति कार्यक्रमले खासगरी पिछडिएका जाती जसको आर्थिक अवस्था कमजोर छ तिनीहरुको भर्नादर बढाई बिचैमा विद्यालय छोड्नेदरमा कमि ल्याउन केही मात्रामा मद्दत गरे तापनि प्रभावकारी रुपमा अझै यसले काम गरेको देखिदैन किनकी अभिभावकले छात्रवृत्तिलाई मात्र जोड दिने र पढाइमा त्यति जोड नदिने हुनाले छात्रवृत्ति प्राप्त गरुञ्जेलमात्र विद्यालय पठाउने र त्यसपछि भने विद्यार्थीलाई घरको अन्य काममा लगाउने गरेको पनि देखियो । जसको कारण अझै विद्यालय छोड्नेदरमा केही मात्रामा त कमि आएको छ तर सोचेजस्तो हुन सकेको छैन । त्यसैले यो अझैपनि “प्रोत्साहनको रुपमा नभई प्रलोभनको रुपमा” संचालित भएको देखिन्छ ।

### ४.२.५ उपलब्धी स्तर

प्राथमिक विद्यालय जाने उमेर समूहका बालबालिका अझै पनि विद्यालय जानबाट बञ्चित रहेका छन् । त्यस्ता पिछडिएका, आर्थिक अवस्था कमजोर भएका विभिन्न जातीका बालबालिकालाई शिक्षा हासिल गराउन सरकारले छात्रवृत्ति जस्ता विभिन्न प्रोत्साहन कार्यक्रम संचालन गरेको छ । विद्यार्थीहरुको शैक्षिक उपलब्धी के कस्तो छ ? उनीहरुले के कस्तो अंक ल्याई कक्षा उत्तीर्ण गरेका छन् ? जसलाई छात्रवृत्ति कार्यक्रमले के कतिको सहयोग पुऱ्याएको छ ? कुनै पनि विद्यार्थीले शैक्षिक शैक्षिक क्षेत्रमा राम्रो उपलब्धी हासिल गर्न उसलाई शैक्षिक क्षेत्रसँग सम्बन्धित विभिन्न खालका शैक्षिक सामग्रीको आवश्यकता पर्दछन् । जुन शैक्षिक सामग्री किन्न आर्थिक कुराको आवश्यकता पर्दछ । त्यसैले विद्यार्थीको लागि चाहिने कलम, कापी, झोला, पुस्तक आदिको सहज रुपमा उपलब्ध गराउन छात्रवृत्ति स्वरुप प्राप्त

रकमले ठूलो सहयोग पुऱ्याएको छ । जसले गर्दा विद्यार्थीको शैक्षिक उपलब्धीमा ठूलो सहयोग पुऱ्याएको छ । यसरी यस अध्ययनमा पनि छनौटमा परेका ४ वटै विद्यालयका दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धी के कस्तो रहेछ उनीहरु तल्लो कक्षा उत्तीर्ण गरी माथिल्लो कक्षामा जान सक्ने खालका छन् छैनन् भनी हेर्नका लागि उनीहरुले पाएको अन्तिम परीक्षाको प्राप्ताङ्क र अध्ययनको क्रममा लिएको उपलब्धी परीक्षणमा पाएको प्राप्ताङ्कलाई हेरिएको थियो । यसरी प्राप्ताङ्क हेर्नको लागि छनौटमा परेका विद्यालयका दलित नै विद्यार्थी संख्याको आधारमा हेरी कक्षा ४ छनौट गरी उक्त कक्षाका दलित विद्यार्थीको प्राप्ताङ्क के कस्तो रहेछ भनी हेरिएको थियो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.४**

**कक्षा ३ का विद्यार्थीहरुको प्राप्ताङ्क सम्बन्धी विवरण**

| क्र.सं. | विद्यालयको नाम | कक्षा ३ का दलित विद्यार्थीको नामावली | अन्तिम परीक्षामा पाएको प्राप्ताङ्क (%) | अध्ययनको क्रममा लिएको परीक्षामा पाएको प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | श्री दुर्गा भवानी नि.मा.वि., कर्महना | १) निर्मला परियार | ५५% | ६५% |
| | | २) पवन परीयार | ४३% | ६५% |
| | | ३) डम्मर दर्जी | ७०% | ४५% |
| २ | श्री सिद्धार्थ नि.मा.वि., गजेंहडा | १) पवित्रा पत्थरकट्टा | ७०% | ७५% |
| | | २) निशा परियार | ६८% | ७२% |
| | | ३) मनु पत्थरकट्टा | ५८% | ७०% |
| | | ४) सोलमी परियार | Fail | २५% |
| ३ | लक्ष्मनघाट मा.वि., लक्ष्मनघाट | १) कुशुम परिया | ७४% | ७०% |
| | | २) राजिव वि.क. | २३% | ३६% |
| | | ३) इशा गन्धर्व | २५% | २४% |
| | | ४) शोभा गन्धर्व | २९% | ४०% |
| | | ५) सागर गन्धर्व | २६% | २५% |
| | | ६) सुरेन्द्र गन्धर्व | ४५% | ५१% |
| | | ७) प्रमिला गन्धर्व | ३९% | ३४% |

| | | | | |
|---|---|---|---|---|
| | | ८) अस्मिता गन्धर्व<br>९) विपना वि.क. | २३%<br>३२% | ३१%<br>४५% |
| ४ | श्री उच्च मा.वि., झण्डा | १) समीक्षा परियार<br>२) निरु नेपाली<br>३) नविन वि.क.<br>४) मौसम परियार | ३४%<br>३२%<br>३८%<br>३९% | ४०%<br>४१%<br>३६%<br>४६% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९ ।

माथिको तालिकाबाट खासगरी छात्रवृत्तिले विद्यार्थीको शैक्षिक उपलब्धिमा प्रभाव पारी शैक्षिक स्तरलाई माथि उकास्न प्रोत्साहन गर्नुपर्ने हो । तर त्यहाँ छनौटमा परेका ४ वटै विद्यालयहरुमा विद्यार्थीहरुको शैक्षिक उपलब्धि के कस्तो रहेछ भनी उनीहरुको अध्ययनको क्रममा प्र.अ. लाई सोध्दा सबैभन्दा सबैभन्दा बढी ल्याउने विद्यार्थीका प्राप्ताङ्क ८५% रहेछ भने यहाँ छनौटमा परेका कक्षा ३ का ३ जना दलितहरुको अन्तिम परीक्षाको प्राप्ताङ्कलाई र अध्ययनको क्रममा लिएको उपलब्धि परीक्षणको प्राप्ताङ्कलाई हेर्दा राम्रै देखियो ति विद्यार्थीहरु कक्षा ३ पास गरी ४ मा जान सक्ने खालका देखियो फस्ट विद्यार्थीको प्रतिशत तिनीहरुको प्रतिशतलाई हेर्दा ठिकै देखियो । त्यस्तै श्री सिद्धाथ नि.मा.वि. मा पनि कक्षा ३ मा अध्ययनरत छात्रवृत्ति प्राप्त ४ जना दलित विद्यार्थीको प्राप्ताङ्क प्रतिशत हेर्दा ति विद्यार्थीहरु कक्षा ३ पास गरी ४ जान सक्ने खालका छन छैनन भनेर उनीहरुको उपलब्धी परीक्षण लिएको थियो । यसरी हेर्दा १ जना विद्यार्थी बाहेक अरु ३ जनाको प्राप्ताङ्क प्रतिशत राम्रो रहेको देखियो र उनीहरुको पढाई पनि राम्रो रहेको पाइयो ।

यसै गरी श्री लक्ष्मनघाट मा.वि. मा कक्षा ३ मा अध्ययनरत दलित विद्यार्थीहरुको प्राप्ताङ्क अत्यन्तै कमजोर रहेको पाइयो । यस विद्यालयमा १ जना विद्यार्थी कुशुम परीयार बाहेक अन्य विद्यार्थीको प्राप्ताङ्क प्रतिशत कमजोर नै देखिन्छ । ति विद्यार्थीलाई हेर्दा कक्षा ३ पास गरी ४ मा जान सक्ने खालका खासै देखिएनन् । अध्ययनको क्रममा त्यहाँका प्र.अ.सँग किन यिन दलित विद्यार्थी यति कमजोर किन छात्रवृत्ति पाएपछित नियमित विद्यालय आई पढाई राम्रो हुनुपर्ने हो भन्दा त्यहाँका प्र.अ.को भनाईबाट के पाइयो भने यहाँका दलित विद्यार्थी र अभिभावकमा पढ्नु पर्छन भन्ने चेतना नै छैन केवल पढाईको लागि भन्दा पनि छात्रवृत्तिको आशमा छोराछोरी भर्ना गर्ने प्रवृत्ति छ । त्यसैले पढाइ प्रति ध्यान नै दिदैनन् त्यसैले उनीहरुको पढाई कमजोर रहेको छ भनेर भनेको पाइयो । त्यस्तै उच्च मा.वि. झण्डामा पनि विद्यार्थीको प्राप्ताङ्कलाई हेर्दा अत्यन्तै कमजोर नै देखिन्छ । छात्रवृत्ति पाएका दलित विद्यार्थीहरुको पढाई खासै राम्रो देखिएन त्यहाँका प्र.अ.को भनाइमा सरकारले यो दलितलाई छात्रवृत्ति दिएर उनीहरुको उपलब्धी माथि उकास्न खासै मद्दत गरेको देखिँदैन बरु छात्रवृत्ति दिनुभन्दा पहिला दलित परीवारको गाउँ

घरमा जनचेतनामूलक कार्यक्रमको माध्यमबाट अभिभावक र विद्यार्थीलाई पढ्नुपर्छ भन्ने भावना जगाएमा मात्र उनीहरुले पढाई ध्यान दिन्थ्यो कि भन्ने भनाई प्र.अ. को रहेको पाइयो । छात्रवृत्तिले विद्यार्थीको भर्नादर बढाउन प्रोत्साहन गरेको देखिएता पनि उनीहरुको उपलब्धीस्तरलाई माथि उकास्न अझै पनि खासै प्रोत्साहन गरेको देखिएन ।

यसरी यि माथिका कुराहरुलाई विश्लेषण गर्दा के देखिन्छ भने छात्रवृत्तिले विद्यार्थीहरुको उपलब्धी स्तरमा केही मात्रामा थोरै प्रभाव पारेता पनि खासै राम्रो असर पारेको देखिदैन । जसको कारणमा अभिभावकले आफ्ना छोराछोरीको पढाइ भन्दा पनि पैसामा मात्र बढी चासो दिएको र छात्रवृत्तिको लागि मात्र विद्यालय भर्ना गरिदिने तर उनीहरुलाई पढाउनुपर्छ भन्ने चेतना दलित समूदायका अभिभावक र विद्यार्थी दुवैमा देखिएन । पढाइप्रति उनीहरुको ध्यान केन्द्रित नै देखिदैन । त्यसैले उनीहरुको प्राप्ताङ्क पनि अन्य विद्यार्थीको तुलनामा न्यून देखियो । त्यसैले छात्रवृत्ति मात्र दिनु भन्दा पनि सरकारले दलित समूदायमा विभिन्न जनचेतना मूलक कार्यक्रमहरु पनि गरेमा उनीहरुको चेतनाको विकास भई पढाइ राम्रो हुन्थ्यो कि ?

## ४.३ व्यवस्थापन रहेका कमि कमजोरी

छात्रवृत्ति कार्यक्रमको प्रभावाकारीतामा समय व्यवस्थापन, बजेट व्यवस्थापन, वितरण प्रक्रिया अनुगमन, सहि सदूपयोग, प्रभावकारीता, पर्याप्तता र त्यसको सफल रुपमा कार्यान्वयन जस्ता आदि कुराले महत्वपूर्ण भूमिका खेल्दछ । यि कुराहरुको व्यवस्थापन राम्रोसँग हुन सकेमा मात्र छात्रवृत्ति कार्यक्रम सफल रुपमा कार्यान्वयन हुन सक्दछ । यस अध्ययनमा पनि विभिन्न विद्यालयका प्र.अ.हरुले छात्रवृत्ति व्यवस्थाबारे आफूलाई समयमा सूचित नगरीएको जनाएका छन् । साथै बजेटहरु पनि समयमा वितरण गरीएका छैनन र अप्रयाप्त पनि देखिएको छ । त्यस बाहेक सुपरीवेक्षण जाँचको कमी पनि छात्रवृत्ति व्यवस्थापनमा अर्को समस्या हुनु । जसले गर्दा छात्रवृत्ति रकमको गलत प्रयोग र छात्रवृत्तिको अनुपयुक्त वितरण पनि रहेको देखियो । त्यस्तै छात्रवृत्तिमा पारदर्शिताको पनि कमजोरी रहेको देखिएको छ । त्यसैले छात्रवृत्ति कार्यक्रम यसका व्यवस्थापन रहेका विभिन्न कमजोरीका कारण सफल रुपमा कार्यान्वयन हुन सकेको देखिदैन । त्यसैले यसमा रहेका केही कमीकमजोरीलाई निम्नानुसार अध्ययन गरीएको थियो ।

### ४.३.१ अनुगमनमा रहेको कमजोरी

विद्यालयका पहुँच बाहिर रहेका बालबालिकालाई विद्यालयमा सहभागी गराउन त्यसमा पनि पिछडिएका जातजातीका बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा हासिल गराउनका लागि छात्रवृत्ति कार्यक्रम संचालन गरेको छ । तर यसमा अनुगमन कार्य प्रभावकारी नहुँदा यो अझै पनि सफल रुपमा अगाडी बढेको देखिदैन । यस अध्ययनमा पनि छनौटमा परेका ४ वटै विद्यालयमा प्र.अ., शिक्षक, अभिभावक, सँगको अन्तरवार्ताबाट के देखियो भने स्रोत व्यक्तिको भनाई अनुसार छात्रवृत्ति को रकम विद्यालयमा गइसकेपछि हामीले त्यसको वितरण र अभिभावक र विद्यार्थीले केमा खर्च गरेका हुन भनेर

अनुगमन गर्छौं भन्ने भनाई पाइयो तर त्यहाँका प्र.अ., शिक्षक र अभिभावकले भने प्रभावकारी अनुगमन हुन नसक्दा जुन उद्देशयका लागि छात्रवृत्ति वितरण गरीएको हो । त्यो उद्देश्य नै पुरा हुन सकेको छैन ।

स्रोत व्यक्तिका अनुसार छात्रवृत्ति वितरण गरीसकेपछि प्रत्येक दलित विद्यार्थीहरुलाई दिएको रकम शैक्षिक क्रियाकलापमा प्रयोग भए नभएको भन्ने बारेमा शिक्षक एवम् प्र.अ.हरु मध्ये केहीले मात्र छात्रवृत्ति बापत प्राप्त रकम के-के काममा खर्च हुने गरेका छ भन्ने बारेमा जानकारी लिने गर्दछन् तर अनुगमन गर्ने काम स्रोत व्यक्ति वा वि.नि.को हो भनेर पन्छिने प्रवृत्ति रहेको देखिन्छ । प्र.अ. तथा शिक्षकको भनाई अनुसार छात्रवृत्ति बुझाएको भरपाई जाँच गर्ने बाहेर छात्रवृत्ति वितरणको कुनै प्रकारको अनुगमन सरकारी निकायबाट हुने गरेको देखिदैन । जेष्ठ पछि भर्ना हुन आएका विद्यार्थी संख्या जि.शि.का.मा पठाए पनि त्यति विद्यार्थीहरु छात्रवृत्ति प्राप्त गर्नबाट बञ्चित भएको पाइन्छ । जसले गर्दा निश्चित विद्यार्थीलाई आएको रकम दामासाही गरेर बाड्दा पूरा रकम विद्यार्थीले दिन सकेका छैनौ भनेर श्री सिद्धार्थ नि.मा.व. का प्र.अ.को भनाई रहेको थियो । त्यसैगरी यि ४ वटै विद्यालयमा हेर्दा के देखियो भने जि.शि.का. बाट आएको पूरा रकम विद्यालयले प्रत्येक दलित विद्यार्थीलाई दिएको हुदैन भन्ने बारेमा पनि कुनै अनुगमन कार्य नभएको देखियो साथै छात्रवृत्ति मार्फत विद्यार्थीलाई दिएको रकम विद्यार्थीले के मा खर्च गरे भनेर पनि कुनै अनुगमन कार्य नगरेको देखियो । छात्रवृत्ति दिएपछि विद्यार्थीहरु नियमित विद्यालय आउँछ आउँदैन । तिनीहरुले पढाइमा कतिको रुचि राख्छन् भनेर पनि अनुगमन कार्य नगरेको पाइयो । जसबाट के देखियो भने विद्यार्थीहरु पाउनु अगाडी विद्यालय जाने गरेको र पाइसकेपछि विद्यालय नियमित जाने गरेको देखिएन ।

यसरी माथि उल्लेखित कुराहरुलाई विश्लेषण गर्दा के देखियो भने विद्यालयमा अध्ययनरत सम्पूर्ण दलित विद्यार्थीलाई भनेर आएको छात्रवृत्ति प्रति कुनै अनुगमन र निरीक्षण कार्य नगरेको पाइयो । जसले गर्दा पिछडिएका जातीका बालबालिकाको शैक्षिक स्तर उकास्न भनेर दिएको छात्रवृत्ति खासै सफल रुपमा कार्यान्वयन हुन नसकेको देखियो । तयसैले यस सम्बन्धी अनुगमन निरीक्षण कार्यमा सम्पूर्ण वि.नि., स्रोत व्यक्ति, वि.व्य.स. र प्र.अ. हरुले चासो देखाएर अगाडी बढेमा मात्र यो सफल हुने थियो ।

### ४.३.२ छात्तवृत्तिको उपयोग

खासगरी यो छात्रवृत्ति कार्यक्रम सरकारले प्राथमिक तहमा अध्ययन गर्ने बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनका लागि र त्यसमा पनि अझ समाजमा पछाडी परेका, आर्थिक, अवस्था कमजोर भएका बालबालिकालाई सहयोग स्वरुप विभिन्न छात्रवृत्ति प्रदान गर्दै आएको छ । त्यसमा पनि समाजमा अझ पिछडिएको जाती दलित समूदायका बालबालिकालाई शैक्षिक पहुँचमा बृद्धि गरी अरु सरह अगाडी ल्याउनका लागि सम्पूर्ण दलित बालबालिकालाई छात्रवृत्रि वितरण गर्ने गरेको छ । यो छात्रवृत्ति कार्यक्रम जबसम्म व्यवस्थीत रुपमा लागु हुन सक्दैन तबसम्म यो छात्रवृत्रि कार्यक्रम वितरण गरेर मात्र यसले शिक्षामा पछाडी परेका बालबालिकालाई शैक्षिक मूलधारमा ल्याउन र निरन्तरता प्रदान गर्न सक्दैन ।

छनौटमा परेका ४ वटै विद्यालयमा दलित छात्रवृत्तिको अवस्थामा अध्ययन गर्दा के देखियो भने छात्रवृत्ति मार्फत दिएको रकम केही मात्रामा शैषिक सामग्रीमा खर्च गरेता पनि कतिपय अभिभावकहरुले आफ्नो घर खर्च लगायत जाड रक्सी खान पनि प्रयोग गरेको देखिन्छ । सही रुपमा सदूपयोग भएता पनि केही मात्रामा दुरुपयोग भएको पनि देखियो । अध्ययनको क्रममा प्राप्त भएको अभिभावक र विद्यार्थीको प्रतिक्रिया अनुसार छात्रवृत्ति मार्फत दिएको पैसा बालबालिका कापी, कलम, कापी र ड्रेसमा खर्च गरीएको पाइयो तर कतिपयका अभिभावकले आफ्नो आर्थिक अवस्था अत्यन्तै कमजोर भएको कारणले गर्दा कहिलेकाही घरायसी खर्च चलाउने गरेको पनि पाइयो भने मादक पर्दाथ र लागू पदार्थ पनि किनेर खाने गरेको पाइयो । त्यस्तै वि.व्य.स., श्रोत व्यक्ति र प्र.अ. को भनाइ अनुसार अधिकांश रकम त शैक्षिक क्रियाकलाप नै खर्च गरेको र कहिलेकाही अन्य काममा पनि खर्च गरेको कुरा उनीहरुले बताए । त्यस्तै अधिकांश अभिभावकले यो छात्रवृत्तिको रकम अत्यन्तै कम भएको यसले कापी, कलम पनि वषभरीमा किन्न नपुग्ने गरेको बताए । त्यसैले नगद भन्दा विद्यार्थीलाई छात्रवृत्ति मार्फत जिन्सी सामान दिएमा अझ प्रभावकारी हुने कुरा पनि बताए ।

समग्रमा के देखियो भने छात्रवृत्तिको वितरण र यसको उपयोगिता सम्वन्धी अझै पनि अनुगमन र निरिक्षण कार्य प्रभावकारी रुपमा नहुँदा छात्रवृत्तिको उपयोग त्यति राम्रोसँग भएको देखिदैन त्यसकारण सम्पूर्ण शिक्षक, अभिभावक र स्रोत व्यक्ति आदिको भनाई अनुसार छात्रवृत्तिमा नगद भन्दा जिन्सि सामानहरु वितरण गर्ने गरेमा मात्र विद्यार्थीका सामान्य शैक्षिक आवश्यकता पूरा गरी सफल रुपमा कार्यान्यिन हुने थियो की भन्ने भनाई रहेको पाइयो ।

### ४.३.३ पारदर्शिता

प्राथमिक तहमा दलित छात्रवृत्तिको अवस्था सम्बन्धी अध्ययन गर्दा छनौटमा परेका विद्यालयमा हेर्दा छात्रवृत्ति कार्यक्रमको नीतिगत व्यवस्था र कार्यान्वयन पक्षबीच तालमेल मिलेका पाइएन । यसरी प्राथमिक तहमा अध्ययनरत सम्पूर्ण दलित छात्रछात्राहरुलाई प्रतिव्यक्ति रु ४००।- का दरले छात्रवृत्तिको व्यवस्था सरकारले गरेको छ । तर पूरा रकम नपाएको गुनासो अभिभावक र विद्यार्थीहरुबाट आएको पाइयो । श्री दुर्गा भवानी नि.मा.वि. का प्र.अ. ले प्रतिव्यक्ति रु ४००।- नै वितरण गरेको बताए पनि अभिभावकले चाहीं रु ३००।- प्राप्त गरेको बताए । त्यस्तै श्री सिद्धार्थ नि.मा.वि. गजेंहडा का प्र.अ. को भनाई अनुसार सरकारले जेष्ठ १४ सम्ममा भर्ना भएका सम्पूर्ण दलित विद्यार्थीलाई रु ४००।- का दरले पठाएको पैसालाई कहिलेकाही असारमा भर्ना भएका विद्यार्थीलाई पनि दिनु पर्ने हुँदा दामासाही गरेर बाँड्दा २५०/३०० जति दिने गरेको बताए ।

त्यसैगरी श्री लक्ष्मनघाट मा.वि. मा अध्ययनरत विद्यार्थीका अभिभावकका अनुसार विद्यार्थीलाई भर्ना शुल्क र मर्मत शुल्क भनी कटाएर जम्मा रु १५०।- जति दिने गरेको बताए भने उच्च मा.वि. झण्डामा भने प्रत्येक विद्यार्थीलाई रु ४००।- नै दिने गरेको पाइयो । यसरी यि विद्यालयहरुको छात्रवृत्तिको रकम हेर्दा प्रत्येक देलित विद्यार्थीलाई भनेर दिएको रकम पूरा नदिएको देखिन्छ । रकम पारदर्शि हिसाबले

वितरण गरेको देखिदैन जसले गर्दा विद्यार्थीलाई आवश्यक कापी, कलम किन्न दिएको रकम पूरा नपाउँदा उनीहरुले शैक्षिक सामग्री जुटाउन नसकेको र विद्यार्थीका पढाईलाई नियमितता दिन नसकेको कुरा अध्ययनले देखाएको छ ।

विभिन्न विद्यालयमा गरीएको अध्ययनबाट के देखिन्छ भने छात्रवृत्तिको पारदर्शिता जिल्ला स्तरमा र विद्यालय स्तरमै स्पष्ट नदेखिएको छ । जिल्ला व्यवस्थापन समितिले विद्यालयलाई उपलब्ध गराउने छात्रवृत्तिको कोटा निर्धारण गर्दा अपनाउने आधारहरु जिल्ला शिक्षा कार्यालयका जिम्मेवार पदाधिकारी, स्रोतव्यक्ति, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई स्पष्ट रुपमा जानकारी गराउन आवश्यक देखिन्छ । साथै विद्यालयबाट छात्रवृत्रि वितरण गर्नुपूर्व उपलब्ध छात्रवृत्तिको कोटा र रकमको साथै छात्रवृत्ति वितरणका आधार र प्रक्रियाको विषयमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, अभिभावक तथा विद्यार्थीलाई जानकारी गराएको खण्डमा छात्रवृत्ति रकमको सदूपयोग हुनुका साथै वितरण प्रक्रिया विवादरहित हुने सम्भावना बढी देखिन्छ ।

### ४.३.४ योजना र कार्यान्वयनमा देखिएका समस्या

प्राथमिक तहमा अध्ययनरत प्रत्येक दलित विद्यार्थीलाई रु ४००।- का दरले छात्रवृत्ति वितरण गर्ने योजना जुन नेपाल सरकारले लागू गरेको छ । यो अप्रयाप्त देखियो । यसरी अध्ययनका लागि छनौट भएका सबै विद्यालयका प्र.अ., शिक्षक र वि.व्य.स., स्रोत व्यक्ति, र अभिभावकको भनाइ बुझ्दा नेपाल सरकारले लिएको यो प्रत्येक दलित विद्यार्थीलाई रु ४००।- भन्दा पनि यो जातीय हिसाबले नभई वर्गीय हिसाबले आर्थिक अवस्था कमजोर भएका परीवारलाई वितरण गर्नुपर्ने प्रावधान राख्नुपर्ने देखियो । कार्यक्रमको दायरा आवश्यक जनसंख्याको तुलनामा कम देखियो र लक्षित समूहका सबै बालबालिकालाई छात्रवृत्तिको रकम नगण्य छ । किनकी अति आवश्यक पाठ्यपुस्तक, झोला, कलम र कापी जस्ता शिक्षको न्यूनतम लागतलाई समेत समेट्न सकेको छैन । दरबन्दी निर्धारण र बजेट विनियोजन बीच तालमेल देखिदैन । सल्लाह, चेतना र सामाजिक गतिशिलता कार्यक्रमहरु अझै योजनामा परेका छैनन । मूल्याङ्कन प्रणालीको विकास गरी स्थापित गर्ने कार्य अझै भएको छैन । छात्रवृत्रि योजना र वितरण सरकारी कार्यालय र अन्तर्राष्ट्रिय/गैर सरकारी कार्यालयहरुबीच कुन सम्बन्ध छैन ।

त्यसैगरी छात्रवृत्तिको कार्यान्वयनमा पनि अनेकौ कमजोरीहरु देखिएका छन् । छनौट प्रक्रिया र वितरणमा फरक, बजेट निकासा र बिनियोजन रकमबीच फरक, पारदर्शिता र चेतनाको कमी, निरीक्षण व्यवस्थाहरुको कमी, असरहरु पहिचानको कमी, विभिन्न शिर्षकमा बजेटहरुको बाँडफाँड, छात्रवृत्ति रकमको गलत प्रयोग, लक्षित समूहभित्र नरहेको बालबालिकाहरुलाई छात्रवृत्ति वितरण गरिनु आदि जस्ता समस्याले गर्दा छात्रवृत्ति कार्यक्रम अझैपनि सफल रुपमा कार्यान्वनय हुन सकेको देखिदैन । त्यसैले यि माथिका कुरालाई विभिन्न सरोकारावाला व्यक्तिहरुले ध्यान दिई अगाडी बढेमा मात्र यो छात्रवृत्ति कार्यक्रम सोचेजस्तो रुपमा कार्यान्वयन हुने थियो ।

### ४.३.५ कमीकमजोरी वा समस्या समाधानका उपायहरु

नेपाल सरकारले प्रदान गर्दै आएको विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रमहरु विभिन्न प्रकारका समस्या र कार्यक्रम जोरीका कारण यो सफल रपमा कार्यान्वयन हुन सकेको छैन । त्यस्तै विभिन्न प्रकारका छात्रवृत्तिहरुमध्ये यस अध्ययनका लागि लिएको दलित छात्रवृत्ति पनि अनेकौ कमिकमजोरी र समस्याहरुको कारणले गर्दा जुन उद्देश्य लिएर नेपाल सरकारले पिछडिएका जातीका बालबालिकालाई विद्यालयमा भर्ना गराउन र बिचैमा कक्षा छोड्ने दरमा कमी गराई उनीहरुको शैक्षिक पहुँच बढाई शिक्षामा अरु सरह अगाडी बढाउनका लागिा खासगरी यो छात्रवृत्ति कार्यक्रम संचालन गरेको हो । तर विभिन्न समस्या कमजोरीका कारणले यो केवल नाम मात्रको छात्रवृत्रि भएको छ कर्मचारी सोच अनुसार भएको देखिदैन । त्यसैले यसलाई प्रभावकारी रुपमा सफल गराउन निम्न प्रकारका अनि कमजोरी वा समस्या समाधानका उपायहरु अपनाउन सकिन्छ ।

- यसको मुख्य कमजोरी त खासगरी नेपाल सरकारले प्रत्येक दलित बालबालिकालाई रु ४००।- का दरले छात्रवृत्ति वितरण गर्नुभन्दा पनि यो जातीय आधारमा नभई वर्गीय आधारमा गरीब तथा आर्थिक अवस्था कमजोर भएका बालबालिकालाई छात्रवृत्ति वितरण गर्नुपर्ने देखियो । किनकी दलितको भन्दा पनि अन्य जातीका बालबालिकाको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको पनि पाइयो ।
- छात्रवृत्ति वितरण कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि विद्यार्थी छनौट कार्यमा अभिभावक, वि.व्य.स., शिक्षक आदिको संलग्नता हुनुपर्ने ।
- दलित तथा पिछडिएका समूदायका मानिसहरुलाई चेतनाको स्तर उकास्न जनचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने ।
- लक्षित समूहका बालबालिकालाई चालू शैक्षिक शत्रको शुरुमा नै छात्रवृत्ति सहुलियत उपलब्ध गराउनु पर्ने ।
- छात्रवृत्तिको रकम बढाउनु पर्ने साथै विद्यार्थीलाई नगद भन्दा पनि जिन्सी सामान (कापी, कलम, झोला, ड्रेस) आदि जस्ता सामानहरु वितरण गर्नुपर्ने ।
- दरबन्दी निर्धारण र विनियोजित बजेट बिच तालमेल हुनुपर्ने ।
- छात्रवृत्ति योजना र वितरणमा सरकारी कार्यलयबाट र अन्तराष्ट्रिय गैर सरकारी कार्यालयबीच समन्वय हुनुपर्ने ।
- छात्रवृत्तिको पारदर्शिता हुनुपर्ने ।
- अनुगमन कार्य र निरीक्षण प्रणालीको विकास हुनुपर्ने ।
- छात्रवृत्ति रकमको सही रुपमा सदूपयोग गर्नुपर्ने ।

- शिक्षक, प्र.अ., वि.व्य.स., वि.नि., स्रोत व्यक्ति, अभिभावक आदिलाई छात्रवृत्ति व्यवस्था बारे विभिन्न संचार माध्यमद्वारा सचेत गराउनु पर्ने ।
- छात्रवृत्तिको नियमित अनुगमन र निरीक्षणमा वि.व्य.स., वि.नि. र स्रोत व्यक्तिलाई उत्तरदायी बनाउने ।
- छात्रवृत्ति वितरण गर्दा विद्यार्थीको उपस्थिति दरलाई हेरेर वितरण गर्नु पर्ने नियमित उपस्थिति नहुने विद्यार्थीलाई छात्रवृत्ति नदिने ।
- छात्रवृत्ति नियमित आउनेलाई मात्र दिने भन्ने नीति बनाउनुपर्ने ।

यसरी यि माथिका उल्लेखित कुराहरुलाई विभिन्न सरोकारवाला व्यक्तिहरुले ध्यान दिई यसै अनुसार अगाडी बढेमा छात्रवृत्तिमा देखिएका विभिन्न कमीकमजोरी र समस्याहरु समाधान हुने थिए कि ? जसको कारण हाम्रो समाजमा पिछडिएका, आर्थिक अवस्था कमजोर भएका त्यसमा पनि दलित समूदायका विद्यार्थीलाई शैक्षिक पहुँच बढाई उनीहरुको विद्यालय नियमितता र पढाइलाई अगाडी बढाउन छात्रवृत्तिले महत्वपूर्ण सहयोग र प्रोत्साहन दिने देखिन्छ ।

## परिच्छेद पाँच

## प्राप्ती, निष्कर्ष तथा सुझावहरु

### ५.१ प्राप्तीहरु

यो शोध अध्ययनको शिलशिलामा छनौट गरीएका कपिलवस्तु जिल्लाका २ वटा गा.वि.स. अन्तर्गत रहेका २/२ वटा गरी ४ वटा विद्यालयमा गरीएको अध्ययनबाट त्यहाँ रहेका वि.नि. स्रोत व्यक्ति, प्र.अ., शिक्षक, अभिभावकबाट असंरचित अर्न्तवार्ताबाट "प्राथमिक तहमा दलित छात्रवृत्तिको अवस्था" अध्ययनबाट संकलित भएका विभिन्न तथ्याङ्कहरुको विश्लेषणको आधारमा निम्न लिखित प्राप्तीहरु पाइयो ।

### ५.१.१ दलित छात्रवृत्तिको वितरणको अवस्था सम्बन्धी

- प्राथमिक तहतमा अध्ययनरत दलित बालबालिका प्रदान गरिने छात्रवृत्तिले सम्पूर्ण दलित बालबालिकालाई समेटेको पाइयो ।
- दलित छात्रवृत्ति वितरणमा र विद्यार्थी छनौट गर्दा शिक्षकहरु मात्र बढी सहभागी हुने गरेको र अभिभावक र वि.व्य.स. लाई खासै सहभागी गराएको पाइएन ।
- छात्रवृत्तिको उद्देश्य अनुसार योजनालाई छनौटमा परेका ४ वटा विद्यालयहरुले प्रभावकारी कार्यान्वयन नगरेको पाइयो । किनकी प्रत्येक दलित विद्यार्थीलाई रु ४००।- का दरले आएको छात्रवृत्तिको रकम विद्यालयले विद्यार्थीलाई पूरा नदिएको पाइयो ।
- छात्रवृत्तिले गर्दा दलित समूदायका परिवारलाई आवश्यक कापी कलम किन्न केही मात्रामा भए पनि सहयोग मिलेको देखियो ।
- सबै विद्यालयमा छात्रवृत्ति वितरण गर्दा छात्रवृत्ति रकम अनिवार्य रुपमा अभिभावकको उपस्थितिका भरपाइ गराई वितरण गरेको पाइयो ।
- छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्दा छनौटमा परेका ४ वटै विद्यालयमा विद्याथी छनौटका अन्य कुरालाई आधार नबनाई केवल दलितहरुको थर र भर्नाको आधारमा उनीहरुको नाम लेखी छनौट गरेको पाइयो ।
- छात्रवृत्तिको लागि विद्यार्थी छनौट, वितरण र त्यसको सदूपयोग सम्बन्धी विभिन्न पक्षहरुमा वि.नि. र स्रोत व्यक्तिले अनुगमन र निरीक्षण गर्ने कार्य अत्यन्तै न्यून रहेको देखियो ।
- यो छात्रवृत्ति वितरण कार्यलाई प्रभावकारी बनाउनको लागि वि.नि., स्रोत व्यक्ति, प्र.अ., शिक्षक, अभिभावक आदिको संलग्नता हुनुपर्ने देखियो ।
- यसरी दलित परिवारका सम्पूर्ण विद्यार्थीलाई धनी भएपनि छात्रवृत्ति दिनुपर्ने र अन्य जातीका बालबालिकाले गरीब हुँदा पनि छात्रवृत्ति नपाउने हुनाले अन्य जातीका बालबालिका अभिभावकबाट विरोध आउँदा यसमा धेरै समस्या आउने गरेको देखियो ।

- सरकारले विभिन्न नाममा कोटा निर्धारण गरेर ३००/४०० सय रुपिया दिनु भन्दा पनि विद्यालयमा अध्ययनरत सम्पूर्ण गरीब तथा पिछडिएका, आर्थिक अवस्था कमजोर भई विद्यालय जानबाट बञ्चित भएका बालबालिकालाई आवश्यक पर्ने कापी, कलम, झोला र ड्रेस वितरण गरेमा अझै प्रभावकारी हुने देखियो ।

### ५.१.२ दलित छात्रवृत्तिको वितरणको कमि कमजोरी वा समस्या सम्बन्धी

- यो दलित छात्रवृत्तिले गर्दा हाम्रो समाजमा पछाडी परेका दलित समूदायका बालबालिकालाई विद्यालयमा भर्नादर बढाउनको लागि ठूलो सहयोग गरेको देखियो तर दलित घरपरीवारका अभिभावक र विद्यार्थीमा चेतनाको कमिले गर्दा पढाइलाई भन्दा पनि छात्रवृत्तिलाई महत्व दिने हुनाले छात्रवृत्ति पाउने आशामा मात्र विद्यालयमा भर्ना गरिदिने गरेको पाइयो ।
- नेपाल सरकारले प्रदान गरेको यो सम्पूर्ण दलित विद्यार्थीलाई भनेर जुन छात्रवृत्तिको व्यवस्था गरेको छ । यो विद्यालयहरुमा त्यति प्रभावकारी नरहेको पाइयो । किनकी दलित परिवारका व्यक्तिहरु पनि अन्य जातीका भन्दा धनी पनि हुनाले यो जातीय आधारमा भन्दा पनि वर्गीय आधारमा आर्थिक अवस्था कमजोर भएका सम्पूर्ण बालबालिकालाई हुनुपर्ने कुरा छनौटमा परेको ४ वटै विद्यालयका प्र.अ.का भनाइबाट पाइयो ।
- छात्रवृत्तिले दलित विद्यार्थीहरुको उपलब्धीमा खासै असर नगरेको पाइयो । अरु विद्यार्थीको तुलनामा उनीहरुको प्राप्ताङ्क कर्म पाइयो ।
- लक्ष्मनघाट मा.वि. र श्री उच्च मा.वि. झण्डामा दलित विद्यार्थीहरुको प्राप्ताङ्क अत्यन्तै कमजोर रहेको पाइयो ।
- छात्रवृत्ति मार्फत पाएको रकम विद्यार्थीहरुले बढी मात्रामा कापी कलम किन्नमा नै प्रयोग गरेको पाइयो तर कुनै-कुनै घरपरिवार घर खर्च चलाउन पनि प्रयोग गरको पाइयो ।
- दलित विद्यार्थीका लागि दिइने छात्रवृत्तिको रकम उनीहरुलाई आवश्यक कापी, कलम, झोला पनि किन्नलाई नपुग्ने अत्यन्तै न्यून रहेको देखियो ।
- छात्रवृत्तिको लागि नगद भन्दा जिन्सी सामान वितरण गरेमा त्यसको सदूपयोग हुने कुरा देखियो ।
- छात्रवृत्तिको लागि रकम विद्यालयमा समयमा नआउने र विद्यालयले पनि समयमा विद्यार्थीहरुलाई वितरण नगरेको देखियो ।
- पिछडिएका तथा दलित समूदायका मानिसलाई छात्रवृत्ति दिनुभन्दा पनि पहिला विभिन्न जनचेतनामूलक कार्यक्रम संचालन गरी उनीहरुलाई चेतनशील बनाउनु पर्ने देखियो । किनकी अझै पनि पिछडिएका समूदायमा पढ्नुपर्छ र शिक्षित बनी अगाडी बढ्नु पर्छ भन्ने भावना नदेखिएको पाइयो ।

- छात्रवृत्ति सँग सम्बन्धित विभिन्न सरोकारवाला व्यक्तिहरुबीच समन्वय हुनुपर्ने देखियो ।
- छात्रवृत्किो रकम विद्यालयमा समयमा नआइपुग्ने गरेको र विद्यालयले पनि समयमा विद्यार्थीलाई वितरण नगरेको देखियो ।

यसरी छनौटमा परेका ४ वटै विद्यालयबाट प्राप्त भएका प्राप्तीहरुको आधारम के देखियो भने छात्रवृत्तिबाट समाजमा पछाडि परेका दलित समूदायका बालबालिकालाई विद्यालयमा भर्ना गराउन सहयोग मिलेको त देखियो तर पनि यसमा अझै वि.नि., प्र.अ., शिक्षक, वि.व्य.स. र अभिभावकलाई राखेर विद्यार्थी छनौट कार्य र छात्रवृत्ति वितरण गर्ने कार्य गर्नुपर्ने, एवम् अभिभावकलाई छात्रवृत्तिको सही सदूपयोग प्रति अग्रसर गराउनु पर्ने, छात्रवृत्तिको सबै निकायबाट भर्पाई जाँच हुनुपर्ने र छात्रवृत्तिले अभिभावकको विद्यालय शिक्षाप्रति सकारात्मक धारणा जगाउनु पर्ने देखियो ।

## ५.२ निष्कर्ष

कपिलवस्तु जिल्लाको २ वटा गा.वि.स. कोपवा र गजेंहडा गा.वि.स. अन्तर्गत रहेका श्री उच्च मा.वि. झण्डा, श्री लक्ष्मनघाट मा.वि. लक्ष्मनघाट, श्री दुर्गा भवानी नि.मा.वि. र श्री सिद्धार्थ नि.मा.वि. गजेंहडा मा गरीएको “प्राथमिक तहमा दलित छात्रवृत्तिका अवस्था” शिर्षकमा अध्ययन गर्दा प्राप्त भएको सूचनाहरुको विश्लेषण एवम् व्याख्याबाट निम्नानुसारको निष्कर्षमा पुगीएको छ ।

नेपाल सरकारले पिछडिएको वर्ग, समूदाय र जातीका बालबालिकालाई शिक्षा प्रति अभिप्रेरित गर्न र उनीहरुको अध्ययनलाई निरन्तरता दिलाउन, सकारात्मक विभेदको माध्यमबाट स्वच्छ शैक्षिक प्रतिस्पर्धा गई सबैलाई समान शैक्षिक अवसर दिलाउने उद्देश्यले प्राथमिक तहमा अध्ययनरत सम्पूर्ण दलित विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गरेको छ । यो छात्रवृत्तिले दलित समूदायका विद्यार्थीलाई ठूलो सहयोग पुऱ्याएको त देखिन्छ तर यस्ता छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अनुगमन कार्यलाई पनि सँगसँगै लैजाने हो भने यस्ता छात्रवृत्ति कार्यक्रमहरु साच्चै सहायक सिद्ध नै हुने देखिन्छ । यसरी सम्पूर्ण दलितलाई छात्रवृत्ति वितरण गरी उनीहरुको शैक्षिक पहुँच बढाउने कुरा त सराहनीय देखिन्छ । तथापी विपन्न वर्गका अन्य गैर दलितहरुलाई भने अन्याय हुनुले छात्रवृत्ति बालबालिकाको आर्थिक हैसियतलाई ध्यान दिई वर्ग विभाजन गरी वितरण गर्नु पर्ने देखिन्छ । छात्रवृत्ति वितरणको लागि विद्यार्थी छनौट गर्दा तोकिएका मापदण्डहरु पूरा नगरेकोले प्रक्रियानै गलत भएको पाइयो । विद्यालयमा वितरण गरीएको छात्रवृत्ति शैक्षिक सत्रको अन्त्यमा भन्दा शैक्षिक सत्रको सुरुवातमानै वितरण गर्नु बढी प्रभावकारी हुने देखिन्छ । छात्रवृत्तिले विद्यार्थीहरुको भर्नामा उत्साहजनक बृद्धि नभएपनि सामान्य बृद्धिले अभिभावकमा विद्यालय प्रतिको सकारात्मक भावना विकास भएको तथा बिचैमा कक्षा छाड्ने प्रवृत्तिमा केही कमी आएको पाइए पनि अझै दलित परीवारका अभिभावकमा जनचेतनायुक्त कार्यक्रम संचालन गर्नुपर्ने साथै छात्रवृत्ति मार्फत नगद भन्दा पनि आवश्यक शैक्षिक सामग्रीहरु वितरण गर्नु पर्ने देखिन्छ । विद्यालयमा छात्रवृत्ति वितरण कार्य नभएको लक्षित समूहका बालबालिकाहरुले छात्रवृत्ति पूरा नपाएको एकिन गर्नका साथै रकमको सदूपयोग साथै दलित समूदायका व्यक्तिहरुको

छात्रवृत्ति वितरण प्रतिको धारणा लेखाजोखा र अनुगमन गरी  सम्बन्धित जिल्ला शिक्षा कार्यालयको निरीक्षकले प्राप्त परिणामको प्रतिवेदन जिल्ला शिक्षा कार्यालय मार्फत क्षेत्रीय शिक्षा निर्देशनालयका साथै शिक्षा विभागका पठाउनु पर्ने हुदा तर विद्यालयमा छात्रवृत्ति वितरण कार्यको अनुगमनका जि.शि.का., वि.नि. र स्रोत व्यक्तिको भूमिका काम चलाउन मात्र रहेको देखिन्छ । यसमा विभिन्न सरोकारवाला व्यक्तिहरुले चासो व्यक्त गरी अगाडी बढ्नुपर्ने देखिन्छ ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने अध्ययनका लागि छनौट गरीएका ४ वटै विद्यालयमा दलित छात्रवृत्तिको अवस्था हेर्दा यो छात्रवृत्तिले दलित समूदायका बालबालिकालाई पनि सबै सरह समान शैक्षिक अवसर दिलाउन अत्यन्तै सहयोग पुग्ने देखिन्छ तर यस छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन कार्यलाई सँगसँगै लैजानु पर्ने साथै नगदको सट्टा जिन्सी सामान वितरण गर्ने र छात्रवृत्तिमा विद्यार्थी छनौट र वितरण गर्दा वि.व्य.स., शिक्षक, अभिभावक आदिको संलग्नता हुनुपर्ने साथै अझै पनि दलित समूदायका मानिसमा चेतनाको स्तर उकासी छात्रवृत्तिलाई मात्र भन्दा पनि छोराछोरीको पढाइ प्रति सकारात्मक भावना जगाउनको लागि सम्पूर्ण सरोकारवाला व्यक्तिहरुले चासो व्यक्त गर्नु पर्ने हुन्छ । जसले गर्दा यो छात्रवृत्ति कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने थियो कि ?

### ५.३ सुझावहरु

छात्रवृत्ति वितरण प्रणालीलको मुख्य उद्देश्य भनेको सबै प्रकारका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराई उचित शिक्षा प्रदान गर्नुका साथै विद्यालयप्रति सकारात्मक भावना बृद्धि गरी सबै वर्गका बालबालिकालाई समान शिक्षा प्रदान गरी निरक्षरता हटाउनु रहेको छ । त्यसमा पनि दलित छात्रवृत्ति वितरण त झन हाम्रो समाजमा पछाडी परेका जातजातीका बालबालिकालाई अरु सरह शैक्षिक पहुँच बढाई विद्यालय शिक्षाप्रति आकर्षित गर्न यो दलित छात्रवृत्ति संचालन भएको हो । यस अध्ययनबाट प्राप्त गरेका सूचनाहरुलाई अध्ययन गरी अध्ययनबाट प्राप्त सूचनाहरुलाई आधार मान्दा निम्नानुसारका सुझावहरु प्रस्तुत गर्नुपर्ने देखिन्छ ।

- विद्यालयमा विद्यार्थी छनौट, छात्रवृत्ति वितरण आदि जस्ता कुराहरुको जानकारीका लागि सर्वप्रथम छात्रवृत्ति कार्यान्वयन निर्देशिका समयमानै विद्यालयमा पठाउनु पर्ने ।
- छात्रवृत्ति वितरण र विद्यार्थी छनौट गर्दा अनिवार्य रुपमा प्रधानाध्यापक, शिक्षक, स्रोत व्यक्ति, वि.व्य.स. र अभिभावकहरुको सहभागिता हुनुपर्ने ।
- दलित विद्यार्थीहरु सम्पूर्णलाई छनौट गर्दा पनि उनीहरुको हाजिरी नियमितता, आर्थिक स्थिति आदिजस्ता कुराहरुलाई हेर्नुपर्ने ।
- छात्रवृत्तिको निकासा शैक्षिक सत्र शुरु हुने वित्तिकै हुनुपर्ने ।
- छात्रवृत्ति लक्षित समूह सम्म पुग्यो पुगेन, भनी पत्ता लगाउन व्यवस्थित सुपरीवेक्षण प्रणाली अपनाउनु प्रभावकारी हुने ।
- दलित समूदायका घरपरिवारमा जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

- जेष्ठ महिनामा भन्दा पनि ढिलो असारमा भर्ना हुने विद्यार्थीहरुको लागि पनि छात्रवृत्तिको व्यवस्था हुनुपर्ने ।
- वि.नि. र स्रोत व्यक्तिले अनुगमन कार्यलाई क्रियाशिल बनाई अगाडी बढ्नु पर्ने देखिन्छ ।
- जि.शि.का बाट पठाएको रकम सम्पूर्ण विद्यार्थीलाई पूरा (रु ४००) का दरले दिनुपर्ने ।
- सम्पूर्ण दलित विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था भन्दा पनि वर्गीयताको आधारमा छात्रवृत्तिको व्यवस्था हुनुपर्ने ।
- विद्यार्थीहरुका लागि नगद भन्दा पनि जिन्सी सामान जस्तै : आवश्यक पर्ने कापी, कलम, किताब, ड्रेस आदिको व्यवस्था हुनुपर्ने ।
- अभिभावकलाई छात्रवृत्ति वितरण गर्नु भन्दा अगाडी छात्रवृत्ति रकमको के कसरी अधिकतम उपयोग गर्न सकिन्छ सोको बारेमा जानकारी गराउने ।
- दरबन्दी निर्धारणबाट विनीयोजित बजेटबीच तालमेल हुनुपर्ने देखिन्छ ।
- छात्रवृत्तिको पारदर्शिता हुनुपर्ने देखिन्छ ।
- सम्पूर्ण सरोकारावाला व्यक्तिहरुबीच समन्वय हुनुपर्ने ।
- छात्रवृत्ति मार्फत पाएको रकम शैक्षिक, क्रियाकलापमा नै खर्च गर्नु पर्ने ।

यसरी यी माथि उल्लेखित सुझावहरुलाई सम्पूर्ण सरोकारवाला व्यक्तिहरुले अनुसरण गरी अगाडी बढेमा छात्रवृत्तिमा देखिएका समस्याहरु समाधान हुने थिए र यसको सोचे अनुसार सफल रुपमा कार्यान्वयन हुने थियो ।

## सन्दर्भ सामग्री


अधिकारी, विष्णुप्रसाद (२०६८), *शिक्षा सेवा प्राविधिक सहायक,* बागबजार, काठमाडौं : आशिष बुक्स हाउस प्रा. लि. ।

कानुन किताब व्यवस्थापन समिति (२०४७), *नेपाल अधिराज्यको संविधान,* २०४७ । काठमाडौं : कानुन किताब व्यवस्थापन समिति ।

कानुन किताब व्यवस्थापन समिति (२०६०), *शिक्षा ऐन, २०४८, शिक्षा नियमावली, २०५९, र स्थानीय स्वायत्त शासन ऐन, २०५५,* काठमाडौं : का.कि.व्य.स. ।

कानुन किताब व्यवस्थापन समिति (२०६३), *नेपाल अन्तरिम संविधान, २०६३ ।* काठमाडौं : कानुन किताब व्यवस्थापन समिति ।

कोइराला, डा. विद्यानाथ तथा श्रेष्ठ चन्द्रबहादुर (२०६६), *शैक्षिक व्यवस्थापन संगठनात्मक व्यवहार,* भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

नेपाल सरकार अर्थ मन्त्रालय (२०६३), *विद्यालय स्तरमा प्रदान गरिने छात्रवृत्ति कार्यक्रमको अनुगमन प्रतिवेदन,* अनामनगर, काठमाडौं : महालेखा नियन्त्रण कार्यालय ।

राष्ट्रिय योजना आयोग (२०५९), *दशौं योजना,* काठमाडौं : राष्ट्रिय योजना आयोगको सचिवालय ।

शिक्षा विभाग (२०६६), फ्लास रिर्पोट (२००४-२००९), *सबैका लागि शिक्षा कार्यक्रम,* सानोठिमी, भक्तपुर : शिक्षा विभाग ।

शिक्षा विभाग (२०६३), *शिक्षा विभागद्धारा गरिएका अध्ययनको प्रतिवेदन,* सानोठिमी, भक्तपुर : शिक्षा विभाग ।

शिक्षा विभाग (२०६७), *कार्यक्रम कार्यान्वियन पुस्तिका,* सानोठिमी भक्तपुर : शिक्षा विभाग ।

शिक्षा विभाग (२०६८), *छात्रवृत्ति कार्यान्वियन निर्देशिका,* सानोठिमी भक्तपुर : शिक्षा विभाग ।

शर्मा, गोपिनाथ (२०६२), *नेपालमा शिक्षाको इतिहास,* भाग १, डिल्लीबजार, काठमाडौं : मकालु पब्लिकेशन प्रकाशन ।

सेरिड, (२०६२), *दलित छात्रवृत्ति प्रभावकारीता अध्ययन प्रतिवेदन,* काठमाडौं : त्रि.वि. शिक्षा तथा अनुसन्धान केन्द्र ।

सुवेदी, तुलसी (२०६७), *प्राथमिक विद्यालयमा सञ्चालित छात्रवृत्ति वितरणका अवस्था र यसले पारेको प्रभाव,* स्नातकोत्तर तहको अप्रकाशित शोध प्रतिवेदन, त्रि.वि. कीर्तिपुर ।

Arbraham, Fransis M., *Modern Sociological Theory: An Introduction*, Oxford Univerisity Press, Delhi.

Dworkin, Ronald (1931), "*Theory of equality", Feminisings*.

## अनुसुची : १

### अध्ययनको लागी छनौट गरिएका विद्यालयहरुको नाम र ठेगाना

| क.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री दुर्गा भवानी नि. मा. वि. | गजेंहडा गा.वि.स. वार्ड नं. ६, कर्महना |
| २ | श्री सिद्धार्थ नि. मा.वि. | गजेंहडा गा.वि.स. वार्ड नं. ५, सिउटी |
| ३ | श्री लक्ष्मनघाट मा.वि. | कोपवा गा.वि.स. वार्ड नं. ३, लक्ष्मनघाट |
| ४ | श्री उच्च मा.वि. झण्डा | कोपवा गा.वि.स. वार्ड नं. ४ झण्डा |

## अनुसुची :२

### अध्ययनको लागी छनौटमा परेका स्रोत व्यक्ति, प्र. अ., र शिक्षकको नामावली

| क.सं. | विद्यालयको नाम | स्रोत व्यक्ति | प्र.अ. | शिक्षक |
|---|---|---|---|---|
| १ | श्री दुर्गा भवानी नि. मा. वि. कर्महना | कविराज भण्डारी | प्रेमनारायण पन्थी | रिता पौडेल |
| २ | श्री सिद्धार्थ नि. मा. वि. गजेहडा | कविराज भण्डारी | तुल्सी प्रसाद पौडेल | शम्भु प्रसाद खनाल |
| ३ | श्री लक्ष्मनघाट मा .वि. लक्ष्मनघाट | ईश्वर गुप्ता | धर्मराज भुसाल | द्रोण प्रसाद आचार्य |
| ४ | श्री उच्चमा. वि. झण्डा | ईश्वर गुप्ता | श्रीमती कृष्ण श्रेष्ठ | नारायण प्रसाद पौडेल |

## अनुसुची : ३

## कक्षा १ -५ सम्म अध्ययनरत दलित विद्यार्थीहरुको नामावली

### १. श्री दुर्गाभवानी नि. मा. वि. कर्महना

| कक्षा | विद्यार्थीहरुको नाम |
|---|---|
| १ | - |
| २ | - |
| ३ | पवन परियार |
| | निर्मला परियार |
| | डम्मर दर्जी |
| ४ | पुनम परियार |
| | सीतादर्जी |
| ५ | सुनिता परियार |
| | सरस्वती परियार |

**२. श्री सिद्धार्थ नि. मा. वि. गजेहडा**

| कक्षा | विद्यार्थीहरुको नाम |
|---|---|
| १ | नेहा परियार |
| | परीना परियार |
| | युवराजवि. क. |
| २ | - |
| ३ | निसा परियार |
| | मनु पत्थरकट्टा |
| | सोलमी परियार |
| | पवित्रापत्थरकट्टा |
| ४ | सोनु पत्थरकट्टा |
| | मनिषा परियार |
| ५ | सम्झना परियार |

३. श्री लक्ष्मनघाट मा. वि. लक्ष्मनघाट

| कक्षा १का विद्यार्थी | कक्षा २ का विद्यार्थी | कक्षा ३ का विद्यार्थी | कक्षा ४ का विद्यार्थी | कक्षा ५ का विद्यार्थी |
|---|---|---|---|---|
| सविना वि. क. | विजय गन्धर्व | कुसुम परियार | प्रदिप गन्धर्व | सन्जय गन्धर्व |
| विन्दु वि. क. | अजय गन्धर्व | राजिव वि. क. | जनम गन्धर्व | सुधा गन्धर्व |
| विमला परियार | अरुण गन्धर्व | ईशा गन्धर्व | किरण गन्धर्व | चम्पा गन्धर्व |
| समिर वि. क. | नारायण गन्धर्व | शोभा गन्धर्व | सिर्जना गन्धर्व | अनिता परियार |
| मधुवि. क. | रोशनी परियार | सागर गन्धर्व | विनिता परियार | पुष्पा गन्धर्व |
| विष्णु वि. क. | उर्मिला गन्धर्व | सुरेन्द्र गन्धर्व | जानकीवि. क. | रवि वि. क. |
| कमला वि. क. | शुष्मिता गन्धर्व | प्रमिला गन्धर्व | शिववि. क. | सम्झना गन्धर्व |
| विशाल परियार | हिमाली गन्धर्व | अस्मिता गन्धर्व | अमृता गन्धर्व | खिमबहादुर गन्धर्व |
| रविन्द्र नेपाली | | विपनावि. क. | बम गन्धर्व | विरमाया परियार |
| सुष्मिता परियार | | | विष्णु वि. क. | |
| करुणा गन्धर्व | | | अजय गन्धर्व | |
| अरुण गन्धर्व | | | किरण गन्धर्व | |
| | | | सन्तोष गन्धर्व | |
| | | | सुनिता परियार | |

४. श्री उच्चमा. वि. झण्डा

| **कक्षा १ का विद्यार्थीहरु** | **कक्षा २ का विद्यार्थीहरु** | **कक्षा ३ का विद्यार्थीहरु** | **कक्षा ४ का विद्यार्थीहरु** | **कक्षा ५ का विद्यार्थीहरु** |
|---|---|---|---|---|
| सम्झना सुनार | दिपकवि. क. | समिक्षा परियार | विरवल गन्धर्व | मनिता सार्की |
| करिना सुनार | | निरु नेपाली | राजेश नेपाली | सनु सुनार |
| सृष्टि सुनार | | नविनवि. क. | मिलन नेपाली | |
| करिना गन्धर्व | | मौसम परियार | किरण वि. क. | |
| चन्द्र बहादुर सुनार | | | मिरा नेपाली | |
| करण गन्धर्व | | | उर्मिला गन्धर्व | |
| | | | पार्वती गन्धर्व | |
| | | | शान्ता वि. क. | |

## अनुसुचीः ४

## लक्षित समूह छलफलमा सहभागी अभिभावकहरुको नामावली

| श्री दुर्गा भवानी नि. मा. वि. कर्महना | श्री सिद्धार्थ नि. मा. वि. गजेहडा |
|---|---|
| रामु परियार | १) राम किशोर पत्थरकट्टा |
| माया परियार | २) धनकुमारी परियार |
| लोकेश दर्जि | ३) झगीसरा पत्थरकट्टा |
| | ४) मोहन परियार |

| श्री लक्ष्मनघाट मा. वि. | श्री उच्चमा. वि. झण्डा |
|---|---|
| १) देवी परियार | १) बाबुराम परियार |
| २) सीता वि.क. | २) निर्मल नेपाली |
| ३) चाम बहादुर गन्धर्व | ३) बिष्णु वि.क. |
| ४) जयराम गन्धर्व | ४) कमला परियार |
| ५) मालती गन्धर्व | |
| ६) कर्ण बा. गन्धर्व | |
| ७) मोहित बा. गन्धर्व | |
| ८) सुमीत्रा गन्धर्व | |
| ९) गीता वि.क. | |

## अनुसुचीः ५

## लक्षित समुह छलफलमा सहभागी विद्यार्थीहरुको नामावली

| श्री दुर्गा भवानी नि.मा.वि. कर्महना | श्री सिद्धार्थ नि.मा.वि. गजेंहडा |
|---|---|
| १) निर्मला परियार | १) पवित्रा पत्थरकट्टा |
| २) पवन परीयार | २) निशा परियार |
| ३) डम्मर दर्जी | ३) मनु पत्थरकट्टा |
| | ४) सोलमी परियार |

| श्री लक्ष्मनघाट मा.वि.लक्ष्मनघाट | श्री उच्चमा.वि. झण्डा |
|---|---|
| १) कुशुम परिया | १) समीक्षा परियार |
| २) राजिव वि.क. | २) निरु नेपाली |
| ३) इशा गन्धर्व | ३) नविन वि.क. |
| ४) शोभा गन्धर्व | ४) मौसम परियार |
| ५) सागर गन्धर्व | |
| ६) सुरेन्द्र गन्धर्व | |
| ७) प्रमिला गन्धर्व | |
| ८) अस्मिता गन्धर्व | |
| ९) विपना वि.क. | |

## अनुसूची ६

## असंरचित अन्तरवार्ता

## प्रधानाध्यापकका लागि सोधिने अन्तरवार्ता निर्देशिका

विद्यालयको नाम : शिक्षण गराउने विषय :

प्रधानाध्यापकको नाम : शिक्षण गर्ने कक्षामा वि.सं. :

शैक्षिक योग्यता : अन्तरवार्ता मिति :

तालिम :

१। तपाईको विद्यालयमा छात्रवृत्ति कार्यक्रम सञ्चालन भएको छ ? किन ? कसरी ?

२। यदि छ भने कति प्रकाराका छात्रवृत्ति कार्यक्रमहरु सञ्चालन भएका छन् ? थाहा छ तपाईलाई ?

३। यस विद्यालयमा मुख्यतया प्राथमिक तहा बालबालिकाको लागि कुन-कुन छात्रवृत्तिको व्यवस्था छ ?

४। प्राथमिक तहमा दलित विद्यार्थीहरुको उपस्थिति दर के-कस्तो रहेको छ ?

५। दलितहरुका लागि भनेर छुट्टै छात्रवृत्ति वितरण हुने गरेको छ ? कम छ भने किन ?

६। छात्रवृत्तिको लागि विद्यार्थीहरु छनौट गर्ने आधारहरु के-के रहेका छन् ?

७ विद्यार्थीहरु छनौटको लागि अभिभावक तथा विद्यार्थीहरुको सहभागिता हुने गरेको छ त ?

८। उनीहरुलाई प्रदान गरिने छात्रवृत्ति नगद वा जिन्सि के छ ?

९। छात्रवृत्तिबाट विनियोजित रकम दलित वर्गसम्म पुगेको छ त ?

१०। दलितहरुका लागि भनेर छुट्याइएको छात्रवृत्ति रकम कति रहेको छ ?

११। के त्यो छात्रवृत्तिको रकमले दलित विद्यार्थीहरुका शैक्षिक आवश्यकता परिपूर्ति गरेको छ ? यसमा तपाईको विचरा के छ ?

१२। छात्रवृत्तिको रकम अभिभावक वा विद्यार्थी कसलाई दिने गर्नु भएको छ ?

१३। छात्रवृत्तिले विद्यालयमा अध्ययनरत दलित विद्यार्थीहरुको मर्यादा बढाउन र बिचैमा कक्षा छाड्ने प्रवृत्तिलाई कम गरेको छ त कसरी ?

१४। छात्रवृत्ति पाउने दलित विद्यार्थीहरुको विद्यालय नियमितता र शैक्षिक स्तर कस्तो छ ?

१५। दलित विद्यार्थीहरुलाई प्रदान गरेको छात्रवृत्ति रकम कापी, कलम र पोशाकमा खर्च गरीएको छ कि अन्य कुरामा अनुगमन र निरीक्षण हुने गरेको छ त ?

१६। तपाईलाई छात्रवृत्ति कार्यक्रम कस्तो लाग्छ ? त्यसमा पनि दलितलाई भनेर छुट्याइएको छात्रवृत्ति प्रति तपाईको धारणा के छ ?

१७ दलित छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउन के गर्नुपर्ला ?

१८।  यो छात्रवृत्ति कार्यक्रमका सबल र दुर्बल पक्षहरु के-के होृलान् ?

१९।  छात्रवृत्ति वितरणको व्यवस्थापनमा देखिएका कमि कमजोरीहरु के-के होलान ? त्यसलाई सुधार गर्न के-के गर्नुपर्ला ?

२०।  यो छात्रवृत्रि कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या र समस्या समाधानका उपायहरु के-के हुन सक्छन् ?

## अनुसूची ७

## शिक्षकका लागि सोधिने अन्तरवार्ता निर्देशिका

शिक्षकको नामः कार्य अनुभव :

अध्यापन गराउने विषय : उमेर :

अध्यापन गराउने कक्षा : मिति :

शैक्षिक योग्यता :

१। तपाईले कुन-कुन कक्षामा पढाउनु हुन्छ ?

२। तपाईले पढाउने कक्षामा पनि दलित विद्यार्थीहरुको संख्या कति छ ? थाहा छ तपाईलाई ?

३। के भर्ना भएका सबै दलित विद्यार्थीहरु नियमित विद्यालय आउँछन्मा विचैमा कक्षा छाडेर जान्छन् ?

४। के प्राथमिक तहमा अध्ययनरत दलित विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था छ ?

५। दलित विद्यार्थीहरुका लागि भनेर छुट्याएको रकम सबै दलित विद्यार्थीहरुले पाएका छन् ?

६। के छात्रवृत्ति वितरणमा शिक्षकलाई जानकारी दिई सहभागी गराईन्छ ?

७। तपाईले पढाउने कक्षामा दलित विद्यार्थीहरुको सहभागीता स्थिति कस्तो छ ?

८। छात्रवृत्ति पाउनु अगाडी र पाइसकेपश्चात विद्यार्थीहरुको कक्षा सहभागिता स्थिति कस्तो छ ?

९। तपाईको विचारमा दलित छात्रवृत्ति वापत दिइने रकम वा सुविधा प्रयाप्त छ जस्तो लाग्छ ?

१०। दलितलाई वितरण गर्ने छात्रवृत्ति प्रति तपाईको धारणा के छ ?

११। यस छात्रवृत्तिबाट विद्यार्थी र अभिभावकहरु सन्तुष्टि भएका छन् जस्तो लाग्छ ? के छ यस प्रतिको धारणा ?

१२। दलित विद्यार्थीलाई साच्चै छात्रवृत्तिले प्रोत्साहन मिलेको छ त ?

१३। छात्रवृत्ति पाएपछि के विद्यार्थीहरुको कक्षा सहभागिता र पढाइमा सुधार आएको छ त ?

१४। तपाईलाई यो दलितका लागि भनेर छुट्याएको छात्रवृत्ति कस्तो लाग्छ ?

१५। अब दलित छात्रवृत्तिको लागि कस्तो व्यवस्था गर्दा राम्रो र प्रभावकारी हुन्छ जस्तो लाग्छ ?

## अनुसूची ८

## स्रोत व्यक्तिका लागि छात्रवृत्तिमा सोधिने अन्तरवार्ता निर्देशिका

नाम : मिति :

योग्यता :

स्रोतकेन्द्र : ठेगाना :

१। तपाई स्रोत व्यक्तिको रुपमा काम गरेको कति वर्ष भयो ?

२। तपाईको स्रोत केन्द्रमा कतिवटा विद्यालयहरु छन् ?

३। तपाईले स्रोत व्यक्तिको रुपमा कतिवटा विद्यालयलाई हेर्दै आउनु भएको छ ?

४। छात्रवृत्ति बारे तपाईलाई केही थाहा छ ?

५। विद्यालयमा छात्रवृत्ति आउँदा तपाईलाई जानकारी हुने गरेको छ कि छैन ?

६। के तपाईलाई थाहा छ दलित विद्यार्थीका लागि भनेर छात्रवृत्ति मार्फ कति रकम आउने गरेको छ ?

७ के दलित विद्यार्थीका लागि भनेर छुट्याएको छात्रवृत्ति वितरण गर्दा तपाई पनि संलग्न हुने गर्नु भएको छ कि छैन ?

८। के छात्रवृत्ति पाएपछि विद्यार्थीहरु त्यसप्रति सन्तुष्ट भएका छन् ट ?

९। छात्रवृत्ति विद्यालयमा सहि रुपमा वितरण हुने गरेको छ कि छैन भनेर निरीक्षण र अनुगमन गर्ने गर्नु भएको छ त ?

१०। यदि छ भने पाउनु पर्ने सबै विद्यार्थीले पाएका छन् त ? त्यो रकम विद्यार्थीले के मा खर्च गरेका छन् ? अनुगमन गर्ने गर्नुभएको छ ?

११। यस छात्रवृत्ति प्रति तपाईको धारणा के छ त ?

१२। किन यो छात्रवृत्ति अझै पनि सोचे अनुसार प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको छैन त ?

१३। यसका कमि कमजोरीहरु र समस्याहरु के-के हुन सक्लान ?

१४। यसलाई सफल रुपमा अगाडी बढाउन के-कस्ता उपायहरु अपनाउन सकिएला ?

## अनुसूची ९

## अभिभावकका लागि लक्षित समूह छलफल निर्देशिका

विद्यालयको नाम :                                        मिति :

विद्यालय रहेको स्थान :

| क.सं. | अभिभावकको नाम | उमेर | पेशा | शैक्षिक योग्यता | ठेगाना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |

१। तपाईका कति जना छोराछोरीहरु छन् ?

२। के सबै छोराछोरीलाई विद्यालय पठाउने गर्नु भएको छ ?

३। तपाईको परिवारमा प्राथमिक तहमा पढ्ने कति जना केटाकेटीहरु छन् ?

४। कति जना छोराछोरीले छात्रवृत्ति पाएका छन् ?

५। छात्रवृत्तिको छनौट र वितरण गर्दा तपाई पनि संलग्न हुने गर्नुभएको छ ?

६। छात्रवृत्ति बापत विद्यार्थीले के पाएका छन् ?

७। छात्रवृत्ति बापत पाएको रकमले छोराछोरीलाई कापी, कलम र अन्य शैक्षिक सामग्री किन्न पुग्छ ?

८। छात्रवृत्ति पाइसके पछि आफ्ना छोराछोरीलाई नियमित विद्यलाय पठाउने गर्नु भएको छ कि छैन ?

९। छात्रवृत्ति बापत पाएको रकमले तपाइले कापी किताबमा खर्च गरीदिने गर्नुभएको छ कि अन्य कुरामा ?

१०। के उनीहरुले पाएको छात्रवृत्तिबाट तपाई सन्तुष्ट हुनुहुन्छ ?

११। तपाईलाई छात्रवृत्ति कस्तो भए राम्रो हुने थियो भन्ने जस्तो लाग्छ ?

१२। तपाईको छोराछोरीको पढाई कस्तो छ ?

१३। यो छात्रवृत्ति कार्यक्रमलाई राम्रो बनाउ के गर्नु पर्ला ?

## अनुसूची १०

## विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका

विद्यालयको नाम :                                    मिति :

विद्यालय रहेको स्थान :

| क.सं. | विद्यार्थीको नाम | कक्षा | उमेर | ठेगाना |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |

१। तिम्रो नाम के हो ?

२। तिमी कति कक्षामा पढ्छौ ?

३। तिम्रो परिवारमा कति जना हुनुहुन्छ ?

४। सबैजना विद्यालय आउने गरेका छौ ?

५। तिम्रो आमावावु के-के गर्नुहुन्छ ?

६। के तिमी विद्यालय सधै आउने गर्छौं कि घरको काममा पनि जान्छौ ?

७। स्कूलमा तिमीहरु साथीहरु सँग खेल्छौ कि छुट्टै खेल्छौ ?

८। कक्षाकोठामा तिमीहरु अरु साथीसँग मिलेर बस्छौ कि छुट्टै बस्ने गरेका छौ ? किन ?

९। सरहरुले तिमीहरुलाई अरु साथीहरुलाई जस्तै माया गर्नुहुन्छ त ?

१०। साथीहरुले तिमीहरुलाई कस्तो व्यवहार गर्छन ? सँगै खेलाउने सँगै राखेर पढाउने गर्छन कि छुट्टै बस्न भन्छन् ?

११। तिमीलाई विद्यालय जान मन पर्छ कि पर्दैन ? किन ?

१२। आमावावुले तिमीहरुलाई विद्यालय जान भन्नुहुन्छ कि नजान भन्नुहुन्छ ? नजा भन्नुहुन्छ भने किन ?

१३। तिनीहरुलाई तिमीहरुले पाउने छात्रवृत्तिको बारेमा थाहा छ ? कति पाउँछौ ?

१४। सरहरुले त्यो छात्रवृत्ति आमाबाबुलाई दिनुहुन्छ कि तिमीहरुलाई ?

१५। छात्रवृत्ति मार्फ पाएको रकम के मा खर्च गर्ने गरेका छौ ?

## अनुसुचि :११

### उपलब्धि परीक्षणका लागी कक्षा ३ का सम्पुर्ण विषयहरु समेटेर तयार पारिएको प्रश्नावलीहरु

(१) दिनको उल्टो अर्थ के हुन्छ ?

क) बेंसी　ख) तराई　ग) रात　घ) पहाड

(२) बाटो हिड्ने बटुवालाई के भनिन्छ ?

क) ढँटुवा　ख) नटुवा　ग) कटुवा　घ) बटुवा

३) मानचित्र भनेको के हो ?

क) नक्सा　ख) समुह　ग) तराई　घ) घर

४) चामल, दाल आदि एकै ठाउँमा मिसाएर पकाउने खाने कुरालाई के भनिन्छ ?

क) खिर　ख) भात　ग) खिँचडी　घ) तरकारी

५) तलका मध्ये सजिव वस्तु कुन हो ?

क) मान्छे　ख) ढुङ्गा　ग) कुर्ची　घ) किताव

६) तलका मध्ये निर्जिव वस्तु कुन हो ?

क) गाडी　ख) चरा　ग) मान्छे　घ) भैँसी

७) चरा बस्ने ठाउँलाई के भनिन्छ ?

क) गोठ　ख) गुँड　ग) दूलो　घ) तबेला

८) माछाले के गर्छ ?

क) घस्रन्छ　ख) पौडिन्छ　ग) उड्छ　घ) उफ्रन्छ

९) अनिसको हजुरवुवा कति वर्षको हुनुभयो ?

क) साठी　ख) पचास　ग) चालिस　घ) पैसट्ठी

१०) लुगा, कपडा कहाँ राख्नु पर्छ ?

क) दराजमा　ख) झोलामा　ग) विस्तारामा　घ) भुँईमा

११) तिमी सिगाँन पुच्छन के प्रयोग गर्छौ ?

क) कापिको पेज　ख) रुमाल　ग) हातले　घ) लगाएको कपडा

12) The Children will go to school ……

a) In the morning		b) In the evening

c) In the afternoon		d) At night


13) what time is it?

a) Its six o’clock

b) Its Twelve o’clock

c) Its six thirty

d) Its nine o’clock



14) The Blackboard is …………………..

a) White	b) Red	c) Black	d) Yellow

15) Which is the biggest number?

a) 69	b) 79	c) 89	d)99

16) Write the number which comes just after 139.

a) 193	b) 129	c) 149	d) 139

17) Which number is correct?

One hundred thirty nine.

a) 193	b) 129	c) 149	d) 139

18) Home of birds is called……………?

a) Shed	b) Next	c) Water	d) House

19) Plant eating animals are called?

a) Herbivorous	b) Carnivorous	c) Omnivorous

20) Fish……………….?

a) Walks	b) Swims	c) Crawls	d) Flies

## अनुसुचीः १२

### उपलब्धी परीक्षणमा नमुनाको लागी छनोट गरिएकाकक्षा ३ काविद्यार्थीहरुको नामावली र तिनीहरुले प्राप्त गरेको प्राप्ताङ्क (% मा)

| क.सं. | विद्यालयको नाम | विद्यार्थीहरुको नाम | प्राप्ताङ्क(%) |
|---|---|---|---|
| १. | श्री दुर्गा भवानीनि. मा. वि. कर्महना | निर्मला परियार | ६५% |
| | | पवन परियार | ६५% |
| | | डम्मर दर्जी | ४५% |

| क.सं. | विद्यालयको नाम | विद्यार्थीहरुको नाम | प्राप्ताङ्क(%) |
|---|---|---|---|
| २. | श्री सिद्धार्थ नि. मा. वि. गजेंहडा | पवित्रापत्थरकट्टा | ७५% |
| | | निशा परियार | ६२% |
| | | मनु पत्थरकट्टा | ६०% |
| | | सोलमी परियार | २५% |

| क.सं. | विद्यालयको नाम | विद्यार्थीहरुको नाम | प्राप्ताङ्क(%) |
|---|---|---|---|
| ३. | श्री उच्च मा. वि. झण्डा | समिक्षा परियार | ४०% |
| | | निरु नेपाली | ४१% |
| | | नविन वि.क. | ३६% |
| | | मौसम परियार | ४६% |

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थीहरुको नाम | प्राप्ताङ्क(%) |
|---|---|---|---|
| ४. | श्री लक्ष्मणघाट मा. वि. लक्ष्मणघाट | कुसुम परियार | ७०% |
| | | राजिव वि.क. | ३६% |
| | | ईशा गन्दर्भ | २४% |
| | | शोभा गन्दर्भ | ४०% |
| | | सागर गन्दर्भ | २५% |
| | | सुरेन्द्र गन्दर्भ | ५१% |
| | | प्रमिला गन्दर्भ | ३४% |
| | | अस्मता गन्दर्भ | ३१% |
| | | विपना वि.क. | ४५% |